सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ फागुन २०८२, सोमबार (2 March 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

३५ वर्षमा कसले कसरी चलाए सरकार ?

साढे तीन दशकमा देशले ३० जना प्रधानमन्त्री पायो । कसैले पनि पाँचवर्षे कार्यकाल पूरा गरेनन् । दल र नेताहरूका राजनीतिक तिकडमले सरकार बन्ने र ढल्ने चक्र चलिरह्यो । जनताले बहुमत दिएर सिंहदरबार पठाएका दलले पनि बिचमै संसद् विघटन गरेर देशलाई मध्यावधिमा धकेले ।



कृष्णप्रसाद भट्टराई

१ वर्ष २ महिना | १

(६ वैशाख ०४७ - ११ जेठ ०४८)

०४६ मा प्रजातन्त्र पुनर्वहालीपछि ६ वैशाख ०४७ मा कांग्रेसका तत्कालीन कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारका प्रधानमन्त्री बने । २३ कात्तिक ०४७ मा उनको नेतृत्वमा संविधान जारी भयो भने २९ वैशाख ०४८ मा आमनिर्वाचन गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरे ।



गिरिजाप्रसाद कोइराला

३ वर्ष ६ महिना | २

(१२ जेठ ०४८ - १२ मंसिर ०५१)

०४८ मा कांग्रेसले संसद्का कुल २०५ मध्ये ११० सिट जितेर गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा १२ जेठ ०४८ मा सरकार बन्यो । तर, पार्टीभित्रकै किचलोले बहुमतको सरकार साढे तीन वर्ष मात्रै चलाउन सके । कांग्रेसका सांसद ३६ र ७४ गरी दुई समूहमा विभाजित भए । ०५० कात्तिकमा सरकारको नीति तथा कार्यक्रम संसद्बाट पारित गर्ने वेला कांग्रेसकै ३६ सांसद अनुपस्थित भएपछि सरकार संकटमा पऱ्यो । त्यसको झोंकमा प्रधानमन्त्री कोइरालाले २६ असार ०५१ मा संसद् विघटन गरी देशलाई मध्यावधि चुनावमा धकेले । २९ कात्तिक ०५१ मा चुनाव भयो ।



मनमोहन अधिकारी

९ महिना | ३

(१३ मंसिर ०५१ - २५ भदौ ०५२)

मध्यावधि निर्वाचनमा एमाले ८८ सिटसहित ठुलो दल बन्यो र अध्यक्ष मनमोहन अधिकारी १३ मंसिर ०५१ मा प्रधानमन्त्री बने । तर, अल्पमतको सरकार नौ महिना मात्रै चल्यो । ८३ सिट रहेको कांग्रेसले अविश्वासको प्रस्ताव ल्याएपछि अधिकारीले २६ जेठ ०५२ मा संसद् विघटन गर्दै मध्यावधि चुनावमा जाने निर्णय गरे । तर, सर्वोच्च अदालतले १२ भदौमा संसद् विघटनको सिफारिस बदर गरिदियो । लगत्तै कांग्रेसले दर्ता गरेको अविश्वासको प्रस्तावमा राप्रपा र सद्भावनाले पनि समर्थन जनाएपछि २५ भदौ ०५२ मा अधिकारीले त्रिवि शिक्षण अस्पतालको बेडबाटै राजीनामा घोषणा गरे ।



शेरबहादुर देउवा

१ वर्ष ७ महिना | ४

(२६ भदौ ०५२ - २६ फागुन ०५३)

अधिकारी नेतृत्वको सरकार ढलेको भोलिपल्ट २६ भदौ ०५२ मा कांग्रेस नेता शेरबहादुर देउवा राप्रपा, सद्भावना र एक स्वतन्त्र सांसदसमेतको समर्थनमा प्रधानमन्त्री बने । तर, एक वर्ष नपुग्दै एमालेले अविश्वासको प्रस्ताव ल्यायो । दुर्भाग्य ! अविश्वासको पक्षमा बहुमत पुऱ्याउन कांग्रेसकै नेताहरूसमेत लागे । गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको 'योजना'मा कांग्रेसकै सांसदद्वय भक्तबहादुर बलायर र अर्जुनबहादुर शाहले नाटकीय रूपमा एमालेको प्रस्तावमा समर्थन जनाएपछि २३ फागुन ०५३ मा देउवा सरकार एक वर्ष सात महिनामै ढल्यो ।



लोकेन्द्रबहादुर चन्द

७ महिना | ५

(२७ फागुन ०५३ - १९ असोज ०५४)

राप्रपाको साथ लिएर कांग्रेसले मनमोहन अधिकारीको सरकार ढालेको थियो । तर, एमाले राप्रपाकै नेता लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाएर सरकारमा गयो । राप्रपाका १९ मध्ये आठ सांसदको प्रतिनिधित्व गर्दै चन्द २७ फागुन ०५३ मा प्रधानमन्त्रीको कुर्सीमा पुगे । तर, यो सरकार पनि साढे ६ महिनामै अर्थात् १८ असोज ०५४ मा ढल्यो । ११ सिट रहेको राप्रपाकै सूर्यबहादुर थापा समूहको साथ लिएर कांग्रेसले अविश्वासको प्रस्तावमार्फत सरकार ढालेको थियो ।



सूर्यबहादुर थापा

६ महिना | ६

(२० असोज ०५४ - २९ चैत ०५४)

कांग्रेसको समर्थनमा २० असोज ०५४ मा सूर्यबहादुर थापा प्रधानमन्त्री बने । तर, ६ महिनामै सरकार ढाल्ने तयारी भएपछि उनले २४ पुस ०५४ मा संसद् विघटनका लागि राजासमक्ष सिफारिस गरे । तर, कांग्रेससहित ९६ सांसदले प्रतिनिधिसभा बोलाउन दरबारमा माग गरे । दरबारले सर्वोच्चसँग राय माग्यो, सर्वोच्चले बैठक बोलाउन राय दिएपछि विघटन असफल भयो । २४ माघमा प्रधानमन्त्री थापाविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भयो । तर, त्यसअघि नै उनले कांग्रेससँग सम्झौता गरे- गिरिजाप्रसाद कोइरालाले सरकारको नेतृत्व गर्ने र अविश्वासको प्रस्ताव फेल गर्ने । सोही सहमतिअनुसार ८ फागुनमा अविश्वासको प्रस्ताव फेल भयो । सहमतिअनुसार थापाले पनि २८ चैत ०५४ मा प्रधानमन्त्रीबाट राजीनामा दिए । संसद् विघटनको विषयलाई लिएर राप्रपा पनि फुट्यो । लोकेन्द्रबहादुर चन्दले राप्रपा (चन्द) गठन गरे ।



गिरिजाप्रसाद कोइराला

८ महिना | ७

(३० चैत ०५४ - ७ पुस ०५५)

थापापछि ३० चैत ०५४ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । उनले एमाले विभाजन भएर वामदेव गौतमको नेतृत्वमा गठन भएको नेकपा मालेलाई साथमा लिएर सरकार बनाए । राधाकृष्ण मैनालीको नेतृत्वमा माले सरकारमा गयो । तर, प्रधानमन्त्री कोइरालासँग वामदेवको विवाद भएपछि मालेले ०५५ पुसमा समर्थन फिर्ता लियो । र, आठ महिनामै कोइराला सरकार ढल्यो ।



गिरिजाप्रसाद कोइराला

५ महिना | ८

(८ पुस ०५५ - १२ जेठ ०५६)

चुनावी दाउपेच यतिमै रोकिएन । माले बाहिरिएपछि गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री बनाउन एमाले तत्काल आइपुग्यो । राजीनामा दिएको दोस्रो दिन अर्थात् ८ पुस ०५५ मा कोइराला फेरि प्रधानमन्त्री बने । यो सरकारले २० वैशाख र २ जेठ ०५६ मा आमनिर्वाचन गरायो । कृष्णप्रसाद भट्टराईलाई आगामी प्रधानमन्त्री घोषणा गरी चुनावमा होमिएको कांग्रेस पहिलो बन्यो । र, कोइरालाले राजीनामा दिए ।



कृष्णप्रसाद भट्टराई

१० महिना | ९

(१३ जेठ ०५६ - ६ चैत ०५६)

१३ जेठ ०५६ मा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री नियुक्त भए । तर, गिरिजाप्रसादले एक वर्ष पनि धैर्य गरेनन् । भट्टराई ११ चैत ०५६ मा फ्रान्स भ्रमणमा जाँदै थिए । त्यहाँबाट फर्किएर राजीनामा दिने गरी पार्टीभित्र समय मागेका थिए । तर, कोइरालाको नेतृत्वमा अविश्वासको प्रस्ताव नै ल्याएर बाध्य पारेपछि भट्टराईले ३ चैत ०५६ मा राजीनामा दिए ।



गिरिजाप्रसाद कोइराला

१ वर्ष ४ महिना | १०

(७ चैत ०५६ - ६ साउन ०५८)

फेरि ७ चैत ०५६ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । तर, उनलाई प्रतिपक्षी एमालेभन्दा पनि कांग्रेसभित्रकै खेमाले असहयोग गऱ्यो । २८ असार ०५८ मा तत्कालीन माओवादीले रोल्पाको होलेरी प्रहरी चौकीका प्रहरी र हतियार कब्जामा लियो । कोइरालाले सेना परिचालन गर्न खोजेका थिए । दरबार र सेनासँग कुरा नमिलेपछि उनले ४ साउन ०५८ मा राजीनामा दिए ।



शेरबहादुर देउवा

१ वर्ष २ महिना | ११

(७ साउन ०५८ - १८ असोज

गिरिजाप्रसादको राजीनामापछि कांग्रेस संसदीय दलको नेताको निर्वाचनमा शेरबहादुर देउवाले सुशील कोइरालालाई हराए । र, ७ साउन ०५८ मा प्रधानमन्त्री बने । तर, तत्कालीन माओवादीलाई निस्तेज पार्न संकटकाल लम्ब्याउने विषयमा प्रतिपक्षी र आफ्नै दल कांग्रेसबाट साथ नपाएपछि उनले ८ जेठ ०५९ संसद् विघटन गरी २७ कात्तिकका लागि चुनाव घोषणा गरे । तर, १७ असोजको मन्त्रिपरिषद्ले २७ कात्तिकको चुनाव ३ मंसिर ०६० मा सार्ने निर्णय गऱ्यो । त्यसको भोलिपल्टै तत्कालीन राजा ज्ञानेन्द्र शाहले देउवालाई निर्वाचन गर्न अक्षम घोषणा गर्दै प्रधानमन्त्रीबाट पदच्युत गरिदिए ।



लोकेन्द्रबहादुर चन्द

८ महिना | १२

(२५ असोज ०५९ - २० जेठ ०६०)

तत्कालीन राजा ज्ञानेन्द्रले २५ असोज ०५९ मा लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरे । उनलाई माओवादीसँग वार्ता गर्न पनि खटाइयो । तर, संविधानसभा चुनाव मागेको माओवादीको एजेन्डालाई समर्थन गर्ने म्यान्डेट चन्दसँग थिएन । शान्ति स्थापनामा प्रगति गर्न नसकेको भन्दै प्रधानमन्त्री चन्दलाई पनि १६ जेठ ०६० मा ज्ञानेन्द्रले बर्खास्त गरे ।



सूर्यबहादुर थापा

१ वर्ष | १३

(२१ जेठ ०६० - २० जेठ ०६१)

चन्दलाई हटाएपछि माओवादीसँग वार्ता गर्ने जिम्मेवारीसहित ज्ञानेन्द्रले २१ जेठ ०६० मा सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए । तर, कुनै प्रगति गर्न नसकेको भन्दै ज्ञानेन्द्रले उनलाई पनि ६ महिनामै हटाए । र, प्रधानमन्त्री पदका लागि ०६१ जेठमा खुला दरखास्त आह्वान गरे ।



शेरबहादुर देउवा

८ महिना | १४

(२१ जेठ ०६१ - १९ माघ ०६१)

राजा ज्ञानेन्द्रले १८ जेठ ०६१ मा प्रधानमन्त्रीका लागि खुला दरखास्त आह्वान गरेका थिए । तत्कालीन सातदलीय गठबन्धनका तर्फबाट माधवकुमार नेपाल र अन्य केही नेताले दरखास्त दिएका थिए, तर आवेदन नै नदिएका शेरबहादुर देउवालाई २१ जेठ ०६१ मा ज्ञानेन्द्रले प्रधानमन्त्री नियुक्त गरे । त्यतिखेर गिरिजाप्रसाद कोइराला नेतृत्वको कांग्रेस सरकारमा गएको थिएन । तर, प्रतिगमन आधा सच्चिएको भन्दै एमाले २१ असार ०६१ मा देउवा सरकारमा गयो । तर, ज्ञानेन्द्रले आठ महिनामै अर्थात् १९ माघ ०६१ मा देउवालाई अक्षम घोषणा गर्दै शासनसत्ता आफ्नो हातमा लिए । जसलाई १९ माघको 'कु' पनि भनिन्छ ।



गिरिजाप्रसाद कोइराला

२ वर्ष ३ महिना | १५

(१२ वैशाख ०६३ - ३० साउन ०६५)

आन्दोलनको बलमा संसद् पुनर्स्थापना भएपछि कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला १२ वैशाख ०६३ मा प्रधानमन्त्री भए । उनकै नेतृत्वमा ५ मंसिर ०६३ मा तत्कालीन विद्रोही माओवादीसँग १२बुँदे शान्ति सम्झौता भयो । माओवादी संसद्मा आएपछि बनेको अन्तरिम संविधानअनुसार कोइरालाले १८ चैत ०६३ मा राजीनामा दिए । र, राष्ट्रप्रमुखसमेत रहने गरी सोही दिन उनी पुनः प्रधानमन्त्रीमा नियुक्त भए । २८ चैत ०६४ को पहिलो संविधानसभाको चुनाव गराए र ०६५ साउनमा उनले राजीनामा दिए ।



पुष्पकमल दाहाल प्रचण्ड

९ महिना | १६

(३१ साउन ०६५ - १० जेठ ०६६)

०६४ को पहिलो संविधानसभा निर्वाचनबाट ठुलो दल बनेको तत्कालीन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री बने । एमाले र मधेशी जनअधिकार फोरमको समर्थनमा ३१ साउन ०६५ मा उनी प्रधानमन्त्री बने पनि नौ महिना मात्र टिके । तत्कालीन प्रधानसेनापति रुक्मांगत कटवालमाथि उनले चलाएको कारबाही प्रक्रिया राष्ट्रपति रामवरण यादवले उल्टाइदिएपछि २१ वैशाख ०६६ मा उनले राजीनामा दिए ।



माधव नेपाल

१ वर्ष ८ महिना | १७

(११ जेठ ०६६ - २२ माघ ०६७)

प्रचण्डले राजीनामा दिएपछि तेस्रो ठुलो दल एमालेका नेता माधव नेपाल ११ जेठ ०६६ मा प्रधानमन्त्री बने । २२ दलको संयुक्त सरकारको नेतृत्व गरेका उनले आफ्नै पार्टीको सहयोग पाएनन् । साथै, माओवादीको लगातारको आन्दोलनपछि उनले ११ असार ०६७ मा राजीनामा दिए । तर, मुलुकले नयाँ प्रधानमन्त्री तत्काल पाएन । उनले कामचलाउ प्रधानमन्त्रीका रूपमा पनि थप सात महिना देश चलाए ।



झलनाथ खनाल

७ महिना | १८

(२३ माघ ०६७ - ११ भदौ ०६८)

०६७ असारदेखि भदौसम्म संसद्मा नयाँ प्रधानमन्त्री छान्न १७ पटकसम्म चुनाव भयो, तर एमालेले 'नो भोट' राखेपछि चयन हुन सकेन । अन्तिममा २३ माघ ०६७ मा माओवादीको समर्थनमा तत्कालीन एमाले अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री बने । तर, करिब सात महिनामै अर्थात् ११ साउन ०६८ मा उनको सरकार ढल्यो । एमालेका तत्कालीन नेताहरू माधवकुमार नेपाल र केपी ओलीले नै खनाल सरकारलाई असहयोग गरेका थिए ।



डा. बाबुराम भट्टराई

१ वर्ष ७ महिना | १९

(११ भदौ ०६८ - ३० फागुन ०६९)

खनालपछि तत्कालीन माओवादीका नेता बाबुराम भट्टराई ११ भदौ ०६८ प्रधानमन्त्री बने । मधेशवादी दलहरू पनि सरकारमा गए । भट्टराईले १४ जेठ ०६९ मध्यरात पहिलो संविधानसभा विघटन गरे र ७ मंसिर ०६९ का लागि दोस्रो संविधानसभा निर्वाचनको घोषणा गरे, तर चुनाव हुन सकेन । पछि दलीय सहमतिका आधारमा भट्टराईले ३० फागुन ०६९ मा पदबाट राजीनामा दिए । र, मुलुक गैरदलीय नेतृत्वमा गयो ।



खिलराज रेग्मी

११ महिना | २०

(१ चैत ०६९ - २६ माघ ०७०)

तत्कालीन राष्ट्रपति रामवरण यादवले संविधानको बाधा अड्काउ फुकाउने व्यवस्था जारी गरेपछि प्रमुख चार दल एकीकृत माओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाबिच चुनावी सरकारको नेतृत्व बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई दिने सहमति भयो । र, १ चैत ०६९ मा रेग्मीको नेतृत्वमा गैरदलीय सरकार बन्यो । ४ मंसिर ०७० मा दोस्रो संविधानसभाको निर्वाचन गराएर उनले सोही वर्षको २६ माघमा सरकारको चाबी पुनः दलहरूलाई सुम्पिए ।



सुशील कोइराला

१ वर्ष ८ महिना | २१

(२७ माघ ०७० - २४ असोज ०७२)

दोस्रो संविधानसभा निर्वाचनपछि कांग्रेस र एमालेले २७ माघ ०७० मा संयुक्त सरकार बनाए । कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री बने । ०७२ को भूकम्पपछि प्रमुख दलहरूबिच १६ बुँदे सहमति भयो, कोइरालाको नेतृत्वमै संविधान जारी गर्ने र त्यसपछि एमालेको नेतृत्वमा संविधान कार्यान्वयन गर्ने । सहमतिअनुसार ३ असोज ०७२ मा संविधान जारी भयो, तर कोइरालाले प्रधानमन्त्रीको कुर्सी छाडेनन् । एमालेले समर्थन फिर्ता लिएपछि २४ असोज ०७२ मा संसद्मा भएको प्रधानमन्त्रीको चुनावमा कोइराला एमाले अध्यक्ष केपी ओलीसँग भिडे । तर, माओवादीसहितका दलहरूले ओलीलाई साथ दिएपछि कोइरालाले चुनाव हारे ।



केपी ओली

१० महिना | २२

(२४ असोज ०७२ - १८ साउन ०७३)

एमाले र माओवादी मिलेर २४ असोज ०७२ मा केपी ओलीको नेतृत्वमा सरकार बनाए । राप्रपा र राप्रपा नेपालको पनि समर्थन थियो । सरकार बन्नुअघि एमाले र माओवादीबीच १४बुँदे सहमति भएको थियो । तर, सहमति लागू नभएको भन्दै ०७३ जेठमा बजेट ल्याउनुअघि नै माओवादीले सरकारबाट फिर्ता हुने जनाउ दियो । तर, फेरि तीनबुँदे भद्र सहमति भयो- बजेट पारित भएपछि ओलीले प्रचण्डलाई सत्ता हस्तान्तरण गर्ने । तर, यो सहमति पनि कार्यान्वयन नभएपछि २८ असार ०७३ मा माओवादीले समर्थन फिर्ता लियो । र, ३० असारमा प्रचण्डले ओलीविरुद्ध संसद्मा अविश्वासको प्रस्ताव दर्ता गरे । विश्वासको प्रस्ताव लिने बताए पनि अन्ततः ओलीले ९ साउनमा संसद्लाई सम्बोधन गर्दै राजीनामा दिए ।



पुष्पकमल दाहाल प्रचण्ड

१० महिना | २३

(१९ साउन ०७३ - २२ जेठ ०७४)

ओलीपछि १९ साउन ०७३ मा कांग्रेसको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बने । उनलाई प्रधानमन्त्री बनाउँदा कांग्रेस र माओवादीबिच सातबुँदे सहमति भएको थियो । प्रचण्डलाई मधेशी मोर्चा, फोरम लोकतान्त्रिक, राप्रपासहित साना दलले समेत समर्थन गरेका थिए । प्रचण्डले ३१ वैशाख ०७४ मा स्थानीय तहको पहिलो चरणको चुनाव गराए । र, कांग्रेससँगको सहमतिअनुसार १० जेठ ०७४ मा प्रधानमन्त्रीबाट राजीनामा दिए ।



शेरबहादुर देउवा

८ महिना | २४

(२३ जेठ ०७४ - ३ फागुन ०७४)

२३ जेठ ०७४ मा कांग्रेस सभापति शेरबहादुर देउवा फेरि प्रधानमन्त्री बने । स्थानीय तहको निर्वाचनमा कांग्रेस र माओवादीबिच तालमेल पनि भयो । तर, कांग्रेस र माओवादीको सहयात्रा डेढ वर्षमै टुंगियो । देउवा नेतृत्वको सरकारमा छँदै माओवादीले १० र २१ मंसिरमा दुई चरणमा तय भएको प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा एमालेसँग तालमेल गर्ने निर्णय गऱ्यो । १० र २१ मंसिरमा भएको निर्वाचनमा कांग्रेस दोस्रो दलमा खुम्चिएपछि ३ फागुन ०७४ मा देउवाले प्रधानमन्त्री पदबाट राजीनामा दिए ।



केपी ओली

३ वर्ष ३ महिना | २५

(३ फागुन ०७४ - २९ वैशाख ०७८)

वाम गठबन्धनको बहुमत आएपछि ३ फागुन ०७४ एमाले अध्यक्ष केपी ओली फेरि प्रधानमन्त्री बने । ३ जेठ ०७५ मा एमाले-माओवादी एकता भएर नेकपा गठन भयो । ओली र प्रचण्डबिच आलोपालो प्रधानमन्त्री हुने सहमति कार्यान्वयन भएन । बरु, पार्टीभित्रको विवाद चुलियो । पार्टीभित्रै कमजोर भएपछि ओलीले ५ पुस ०७७ मा प्रतिनिधिसभा विघटन गरेर १७ र २७ वैशाख ०७८ मा मध्यावधि चुनाव घोषणा गरे । तर, सर्वोच्च अदालतले विघटन असंवैधानिक ठहर गर्दै पुनर्स्थापना गरिदियो । सँगै २३ फागुन ०७७ मा सर्वोच्चले एमाले र माओवादी पूर्ववत् ब्युँतिने गरी फैसला गऱ्यो । माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै ओली सरकारले २७ वैशाख ०७८ मा संसद्मा विश्वासको मत गुमायो ।



केपी ओली

२ महिना | २६

(३० वैशाख ०७८ - २८ असार ०७८)

ओली सरकार ढलेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले २७ वैशाख ०७८ मा बहुमतीय सरकार गठनका लागि दलहरूलाई आह्वान गरिन् । त्यसका लागि ३० वैशाख राति ९ बजेसम्मको समय दिइएको थियो । तर, कुनै पनि दलले बहुमत पुऱ्याउन नसकेको भन्दै राष्ट्रपतिले ओलीलाई नै ३० वैशाख ०७८ मा अल्पमतको प्रधानमन्त्री नियुक्त गरिन् । जब कि कांग्रेस सभापति शेरबहादुर देउवाले पनि प्रधानमन्त्रीका लागि दाबी पेस गरेका थिए । अल्पमत सरकारका प्रधानमन्त्री रहेका ओलीले ८ जेठ ०७८ मा फेरि प्रतिनिधिसभा विघटन गरिदिए । त्यसविरुद्ध परेको मुद्दामा पनि २८ असार ०७८ मा सर्वोच्चले परमादेश जारी गर्दै विघटन बदर गरेर संसद् पुनर्स्थापना गरिदियो । र, कांग्रेस सभापति देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेशसमेत दियो ।



शेरबहादुर देउवा

१७ महिना १० दिन | २७

(२९ असार ०७८ देखि १० पुस ०७९ सम्म)

सर्वोच्चको परमादेशअनुसार २९ असार ०७८ मा शेरबहादुर देउवा प्रधानमन्त्रीको कुर्सीमा पुगे । उनलाई माओवादी र एमालेबाट विभाजन भएको एकीकृत समाजवादीले साथ दिँदा ३१ वैशाखमा भएको स्थानीय तह र ४ मंसिर ०७९ मा भएको आमनिर्वाचनसम्मै गठबन्धन कायम हुन पुग्यो । १० पुस ०७९ सम्म उनी प्रधानमन्त्रीमा बहाल रहे । निर्वाचनमा कुनै दलको बहुमत आएन ।



पुष्पकमल दाहाल प्रचण्ड

१८ महिना | २८

(१० पुस ०७९ देखि २८ असार ०८१)

०७९ को निर्वाचनपछि १० पुस ०७९ मा माओवादी अध्यक्ष प्रचण्ड फेरि प्रधानमन्त्री बने । उनले पालैपालो एमाले र कांग्रेसको सहयोगमा १८ महिना सरकार चलाए । रास्वपा, जसपा, राप्रपालगायतका दल पनि उनका सहयात्री बने । सुरुमा एमालेको समर्थन लिएर प्रचण्ड प्रधानमन्त्री बनेका थिए । तर, राष्ट्रपति नियुक्तिका विषयमा बेमेल हुँदा ११ फागुनमा सहकार्य टुट्यो । तर, कांग्रेसको समर्थन मिलेपछि प्रचण्ड प्रधानमन्त्रीको कुर्सीमै रहे । गठबन्धन हेरफेरका कारण प्रचण्डले १८ महिनामा पाँचपटक संसद्मा विश्वासको मत लिनुपऱ्यो । तर, १७ असार ०८१ मध्यरातमा एकाएक कांग्रेस र एमालेबिच सातबुँदे सहमति भएपछि २८ असारमा प्रचण्डले संसद् फेस गरे । तर, बहुमत जुटाउन नसकेपछि पदमुक्त भए ।



केपी ओली

१२ महिना २४ दिन | २९

(३० असार ०८१ देखि २४ भदौ ०८२)

संसद्को पहिलो र दोस्रो ठुलो दल कांग्रेस र एमाले मिलेपछि दुईतिहाइको सरकार बन्यो । ३० असार ०८१ मा प्रधानमन्त्री नियुक्त भएका एमाले अध्यक्ष केपी ओली २४ भदौ ०८२ सत्ताच्युत भए । यसबिचमा उनले १२ महिना २४ दिन सरकार चलाए । तर, २३ भदौमा भएको जेन-जी आन्दोलनमा राज्यपक्षबाट भएको बल प्रयोगबाट एकै दिन १९ बालबालिकाको ज्यान गएपछि त्यसको भोलिपल्ट देशभर चर्किएको आन्दोलनका कारण उनी बालुवाटारबाट सेनाको हेलिकोप्टर चढेर सुरक्षित स्थानमा जानुपऱ्यो ।



सुशीला कार्की

६ महिनादेखि | ३०

(२७ भदौ ०८२ देखि बहाल)

जेन-जी आन्दोलनबाट तत्कालीन कांग्रेस-एमाले गठबन्धनको सरकार च्युत हुनुका साथै प्रतिनिधिसभा पनि विघटन भएपछि आवश्यकताका सिद्धान्तअनुसार पूर्वप्रधानन्यायाधीश सुशीला कार्की फन्डै ६ महिनादेखि प्रधानमन्त्रीको कुर्सीमा छिन् । उनी नेपालको पहिलो महिला प्रधानमन्त्री पनि हुन् । २७ भदौमा प्रधानमन्त्री बनेकी उनी चुनाव गराएर बिदा हुनेछिन् । २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन हुँदै छ ।

■ अब को ?



२१ फागुनमा हुने चुनावबाट देशले नयाँ प्रधानमन्त्री पाउनेछ । यसपटक प्रधानमन्त्रीका लागि मुख्य दाबेदारमा कांग्रेस सभापति गगन थापा, एमाले अध्यक्ष केपी ओली र रास्वपा वरिष्ठ नेता बालेन शाह छन् । यी तीनवटै दलले औपचारिक रूपमा प्रधामन्त्रीका 'फेस' अघि सारेका हुन् । तर, नेकपाले प्रधानमन्त्रीको रूपमा कसैलाई अघि नसारे पनि संयोजक पुष्पकमल दाहाल प्रचण्डले कुनै एक दलको बहुमत नआउने दाबी गर्दै अब बन्ने सरकारमा आफ्नो नेतृत्व पनि हुन सक्ने संकेत गर्दै आएका छन् । चुनावबाट कुनै एक दलले बहुमत (समानुपातिकसहित १३८ सिट) ल्याउन नसके यसअघिजस्तै दुई वा दुईभन्दा बढी दल सम्मिलित सरकार बन्नेछ । यद्यपि, यसपटक दलहरू गठबन्धन नगरी चुनावी मैदानमा छन् ।

यम बम / नयाँ पत्रिका

०४६ को जनआन्दोलनले प्रजातन्त्र पुनर्स्थापना गरेपछिका ३५ वर्षमा यो देशले ३० जना प्रधानमन्त्री पायो । तर, कसैले पनि पाँचवर्षे कार्यकाल पूरा गर्न सकेनन् । यस अवधिमा दल र नेताहरूका राजनीतिक तिकडमले सरकार बन्ने र ढल्ने चक्र चलिरह्यो । त्यति मात्र होइन, जनताले बहुमत दिएर सिंहदरबार पठाएका दलले पनि आन्तरिक किचलोका कारण संसद् विघटन गरेर देशलाई मध्यावधिमा धकेले ।

सरकार चलाउने दलहरूका क्रियाकलापले नागरिकमा बढाउँदै लगेको निराशा गत २३ भदौसम्म आइपुग्दा उत्कर्षमा पुग्यो ।

» पृष्ठ २ मा क्रमशः

अस्थिरताको फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि प्रत्यक्ष शासन गरे



● ज्ञानेन्द्र शाह

१४ महिना २२ दिन

(१९ माघ ०६१ - ११ वैशाख ०६३)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ जनताले बहुमत दिँदा पनि थेग्न सकेनन्, बिचमै संसद् विघटन गरेर देश मध्यावधिमा धकेले

दलहरूले जनताले दिएको बहुमतको समेत अपमान गरे । पार्टीको आन्तरिक किचलोका कारण बहुमतप्राप्त सरकारले संसद् विघटन गरेर देशलाई मध्यावधिमा पनि धकेले । ०४८ मा कांग्रेसले संसद्का २०५ मध्ये ११० सिट जितेर बहुमतको सरकार बनायो । तर, आन्तरिक किचलोले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २६ असार ०५१ मै संसद् विघटन गरेर मध्यावधि चुनाव गराए । दोस्रोपटक कम्युनिस्ट पार्टीहरूलाई जनताले बहुमत दिए । ०७४ मा एमाले र तत्कालीन माओवादी गठबन्धन गरेर चुनावमा गएका थिए । एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिक ४१ गरी १२१ र माओवादीले प्रत्यक्षतर्फ ३६ र समानुपातिकतर्फ १७ गरी ५३ सिट जिते । सात महिनापछि दुवै पार्टी एकता गरेर नेपाल कम्युनिस्ट पार्टी बनाए । यो पार्टी १७४ सिटसहित संसद्मा झन्डै दुईतिहाइनजिक पुग्यो । तर, पार्टीभित्रको किचलोले प्रधानमन्त्री केपी ओलीले दुईपटक संसद् विघटन गरे । दुवैपटक सर्वोच्चले पुनर्स्थापना गरिदियो ।

०५८ मा पहिलोपटक प्रधानमन्त्री बनेको कांग्रेस नेता शेरबहादुर देउवाले पनि संसद् विघटन गरेका थिए । तत्कालीन विद्रोही माओवादीलाई निस्तेज पार्न संकटकाल लम्ब्याउने विषयमा प्रतिपक्षी र आफ्नै दल कांग्रेसभित्र साथ नपाएपछि उनले ८ जेठ ०५९ संसद् विघटन गरी २७ कात्तिकका लागि निर्वाचन घोषणा गरेका थिए । तर, १७ असोजको मन्त्रिपरिषद्ले २७ कात्तिकको चुनाव ३ मंसिर ०६० मा सार्ने निर्णय गऱ्यो । त्यसको भोलिपल्टै तत्कालीन राजा ज्ञानेन्द्रले देउवालाई निर्वाचन गर्न अक्षम प्रधानमन्त्री भनेर पदच्युत गरिदिए, जसकारण चुनाव भने हुन सकेन । त्यस्तै, तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि २४ पुस ०५४ मा संसद् विघटनको असफल प्रयास गरेका थिए । उनले संसद् विघटन गरी मध्यावधि चुनावका लागि राजा वीरेन्द्रसमक्ष सिफारिस गरे पनि सर्वोच्च अदालतको रायका कारण रोकिएको थियो । त्यस्तै, तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २६ जेठ ०५२ मा गरेको संसद् विघटन पनि सर्वोच्चले उल्ट्याइदिएको छ ।

मध्यपूर्व (पश्चिम-एसिया)मा 'उच्च' सैन्य टकराव

ड्रोन प्रहारमा युएईमा एक नेपालीको मृत्यु, १७ लाख नेपाली त्रासमा

मध्यपूर्वमा बढ्दो अस्थिरतासँगै त्यहाँ कार्यरत करिब १७ लाख नेपाली प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रभावित हुने जोखिम, सम्भावित आपत्कालीन उद्धार योजना तयारीमा राख्दै सरकारद्वारा १२ देशमा नयाँ श्रम स्वीकृति अस्थायी रूपमा स्थगन

पर्शुराम काफ्ले, अजित अधिकारी

मध्यपूर्व (पश्चिम-एसिया) मा बढ्दो सैन्य तनावका बिच युएईको राजधानी अबुधावीस्थित जायेद अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत एक नेपालीको ज्यान गएको छ। इरानले शनिबार राति गरेको ड्रोन प्रहारमा ड्युटीमा रहेका नेपालीको मृत्यु भएको युएईस्थित नेपाली दूतावासले पुष्टि गरेको हो। मृतकको पहिचान भने अझै खुलाइएको छैन। घटनामा नेपालीसँगै बंगलादेश र पाकिस्तानका एक-एक नागरिकको पनि मृत्यु भएको जनाइएको छ।

युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले ड्रोन प्रहारमा एक नेपालीले ज्यान गुमाएको पुष्टि गर्दै युएई सरकारसँग विस्तृत विवरण मागिएको बताए। 'ड्रोन आक्रमणमा एयरपोर्टमा ड्युटीमा रहेका एक नेपालीको दुःखद निधन भएको खबर आएको छ। हामीले युएई सरकारसँग विस्तृत विवरण मागेका छौं,' उनले टेलिफोनमा भने, 'व्यक्तिको पहिचान र अन्य विवरण संकलन गर्ने काम भइरहेको छ।'

अमेरिका-इजरायल र इरान युद्धका कारण मध्यपूर्व (पश्चिम एसिया)का १६ मध्ये १३ देशमा १७ लाख २९ हजार २८८ नेपाली नागरिक प्रभावित भएका छन्। परराष्ट्र मन्त्रालयका अनुसार युद्धका दुई पक्ष मुलुक इजरायलमा ६ हजार ५ सय र इरानमा ६ जना नेपाली छन्। युद्धका दुई पक्षधर इरान र इजरायलमा रहेका नेपाली सुरक्षित रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयद्वारा आइतबार आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार जोखिमपूर्ण मुलुक इरानमा ६ जना र इजरायलमा ६ हजार पाँच सयजना नेपाली कार्यरत छन्। 'इरानमा १० जना नेपाली रहेकामा ६ जना इरानी भूमिमा हुनुहुन्छ,' परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने।

नेपाली कार्यवाहक राजदूत ओम भण्डारीले इजरायलका नेपालीहरू सुरक्षित रहेको बताए। 'इजरायलमा नेपालीहरू सुरक्षित हुनुहुन्छ। हामी उहाँहरूसँग सम्पर्कमा छौं। नेपालीहरूको सुरक्षा हाम्रो प्राथमिकतामा छ,' कार्यवाहक राजदूत भण्डारीले टेलिफोनमा भने, 'अहिलेसम्म यहाँ चिन्ता गर्नुपर्ने अवस्था छैन। हामी इजरायल सरकारसँग पनि सम्पर्कमा छौं।'

सम्भावित जोखिमबाट उद्धारका लागि सरकारले पनि गृहकार्य थालेको छ। मन्त्रिपरिषद् बैठकमा आइतबार मध्यपूर्वमा विकसित परिस्थिति र नेपालीहरूको सुरक्षाबारे छलफल भएको छ। आइतबारै मुख्यसचिव सुमन अर्यालले सरोकारवाला मन्त्रालयमा सचिवहरूसँग पनि यही विषयमा छलफल गरेका छन्।

परराष्ट्रको पश्चिम तथा मध्य एसिया र अफ्रिका महाशाखा प्रमुख रामकाजी खड्काका अनुसार मध्यपूर्वमा रहेका नेपाली १७ लाख २९ हजार २८८ छन्। 'आइतबार मुख्यसचिवको समन्वयमा सरोकारवाला मन्त्रालयका सचिवसहितको बैठकमा नेपालीहरूको अवस्था र सम्भावित परिस्थितिबारे छलफल भयो,' खड्काले भने, 'नेपालीहरूका लागि भविष्यमा उद्धार गर्नुपर्ने अवस्थालाई समेत मध्यनजर गर्दै अनलाइन रजिस्ट्रेसन प्लेटफर्म बनाउने र कन्सुलर विभागबाट एउटा एप्स पनि सार्वजनिक गर्नेबारे छलफल भएको छ।'

परराष्ट्रसचिव अमृतबहादुर राईको नेतृत्वमा गृह, श्रम मन्त्रालयका सचिवहरूसमेत रहेको बहुपक्षीय सरोकारवालाहरूको आपतकालीन उद्धार टिम गठन गर्न लागिएको पनि खड्काले बताए। 'हामी छिमेकी देशहरूको उद्धार योजनालाई पनि हेर्छौं, त्यहाँ विकसित भएको र हुने घटनाक्रमसमेत हेरेर उद्धार योजना बनाउँनेछौं,' खड्काले भने। कन्सुलर सेवा विभागले नेपालीहरूलाई आफ्नो अवस्थाबारे टिपाउन हटलाइन सम्पर्क स्थापित गर्न लागेको छ। परराष्ट्रले अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) सँग पनि समन्वय गरिरहेको छ।

परराष्ट्र मन्त्रालयका वरिष्ठ सहसचिव कृष्णप्रसाद ढकालले बाहिर रहेका नेपाली र उनका परिवारलाई नआत्तिन र धैर्य गर्न अनुरोध गरेका छन्। 'नेपालीहरू सुरक्षित हुनुहुन्छ। उहाँहरूको सुरक्षा सरकारको उच्च प्राथमिकतामा छ। हामी सहयोग गर्छौं। सरकारी सूचनाहरूको पालना गर्नुहोला। उपयुक्त समयमा सरकारले आवश्यक सबै कदम चाल्ने गरी तयारी भइरहेको छ,' ढकालले भने।



आइतबार मन्त्रिपरिषद् बैठकमा पनि नेपालीहरूको सुरक्षाबारे छलफल भएको छ। बैठकपछि परराष्ट्रमन्त्री बालानन्द शर्माले नेपाली नागरिकलाई परेको असर र समाधानबारे पनि छलफल भएको बताए। 'अहिले सबैतिर हवाई उडान बन्द भएको हुनाले कसैलाई पनि फर्काउन सक्ने अवस्था छैन। जो जहाँ हुनुहुन्छ, उहाँहरू सुरक्षित भएर रहने र हामीले सम्भव भएसम्म सहयोग गर्ने भन्ने भएको छ,' परराष्ट्रमन्त्री शर्माले भने।

संयुक्त अरब इमिरेट्स (युएई) मा करिब सात लाख नेपाली रहेको परराष्ट्रको तथ्यांक छ। प्रमुख श्रम गन्तव्य मुलुक युएईमा श्रम स्वीकृतिसँगै भिजिट भिसामा प्रवेश गरी रोजगारी गरेर बस्नेको संख्यासमेत उल्लेख्य रहेको छ।

साउदी अरेबियामा तीन लाख ८४ हजार ८६५ नेपाली कार्यरत छन्। कतारमा तीन लाख ५७ हजार ९१३ जना छन्। सरकारी क्षेत्रमा १० हजार १०, अर्धसरकारी क्षेत्रमा चार हजार ५४६, निजी कम्पनीमा तीन लाख ४० हजार ८४४ र व्यक्तिगत स्पोन्सरमा २५ नेपाली पुगेका छन्। सन् २०२२ मा कतारमा विश्वकप फुटबल सकिएपछि नेपाली कामदारहरूको आपूर्ति कम भएको मन्त्रालयले जनाएको छ।

कुवेतमा एक लाख ७५ हजार नेपाली रहेकामा ७५ प्रतिशत महिला घरेलु कामदारका रूपमा कार्यरत छन्। जोर्डनमा रहेका तीन हजार नेपाली घरेलु कामदार र गार्मेन्ट उद्योगमा कार्यरत छन्। जोर्डनमा अधिकांश महिलाहरू जाने गरेका छन्। बहराइनमा २८ हजार रहेकामा २४ हजार पुरुष र चार हजार महिला रहेका छन्।

ओमानमा २५ हजार नेपाली कार्यरत रहेको र यसमध्ये ८० प्रतिशत महिला घरेलु कामदारका रूपमा छन्। लेबनानमा १५ सय र इराकमा ३० हजार नेपाली रहेका छन्। साइप्रसको घरेलु कामदार र सेवा क्षेत्रमा १७ हजार नेपाली कार्यरत रहेको मन्त्रालयले जनाएको छ।

इजिप्टमा मेडिकल अध्ययन र रोजगारीका लागि ५ सय विद्यार्थी रहेका छन्। इजिप्टमा घरेलु कामदार र औद्योगिक मजदुरका रूपमा पनि केही कार्यरत छन्। १३ मुलुकमा रहेका नेपालीहरूलाई मध्यपूर्वका १० नेपाली कूटनीतिक नियोगमा सम्पर्क गर्न भनिएको छ। नियोगहरूले पनि नेपालीहरूसँग सम्पर्क राखेका छन्। पछिल्लोपटक १ फागुनमा परराष्ट्र मन्त्रालयले इरानमा रहेका नेपालीहरूलाई तत्काल देश छाड्न यात्रा एड्भाइजरी जारी गरेको थियो।

सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानमा नेपालको जोड, कूटनीति र संवादमार्फत मतभेद समाधान गर्न पनि आह्वान

इरानमाथि अमेरिका-इजरायलले हमला गरेपछि उत्पन्न परिस्थितिबारे चिन्ता जनाउँदै नेपालले राष्ट्रहरूको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानमा जोड दिएको छ। नेपालले कूटनीति र संवादमार्फत मतभेद समाधान गर्न पनि आह्वान गरेको छ।

'नेपालले मध्यपूर्वमा विकसित भइरहेको परिस्थितिप्रति गहिरो चिन्ता व्यक्त गरेको छ र घटनाक्रमलाई नजिकबाट नियालिरहेको छ,' आइतबार जारी परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा छ। परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले पनि आइतबार आयोजित पत्रकार सम्मेलनमा नेपालको यही धारणा सुनाएका थिए।

'नेपाल सम्बन्धित सबै पक्षलाई अधिकतम संयम अपनाउन, थप तनाब बढ्न नदिन तथा सर्वसाधारण नागरिकको सुरक्षा सुनिश्चित गर्न आग्रह गर्दछ, मतभेदहरू कूटनीति र संवादमार्फत समाधान गर्न आह्वान गर्छ,' परराष्ट्रले भनेको छ, 'संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनअनुसार सबै राष्ट्रहरूको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान हुनुपर्छ भन्नेमा नेपाल जोड दिन चाहन्छ। नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था तथा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने दायित्व कायम राखिनुपर्छ भन्नेमा नेपालको विश्वास छ।'

आइतबार मन्त्रिपरिषद् बैठकमा पनि नेपालीहरूको सुरक्षाबारे छलफल भएको छ। बैठकपछि परराष्ट्रमन्त्री बालानन्द शर्माले नेपाली नागरिकलाई परेको असर र समाधानबारे पनि छलफल भएको बताए। 'अहिले सबैतिर हवाई उडान बन्द भएको हुनाले कसैलाई पनि फर्काउन सक्ने अवस्था छैन। जो जहाँ हुनुहुन्छ, उहाँहरू सुरक्षित भएर रहने र हामीले सम्भव भएसम्म सहयोग गर्ने भन्ने भएको छ,' परराष्ट्रमन्त्री शर्माले भने।

१२ देशमा श्रम स्वीकृति स्थगित

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मध्यपूर्वका १२ देशमा श्रम स्वीकृति रोकेको छ। मन्त्रालयका अनुसार अमेरिका-इजरायल र इरानबिचको द्वन्द्वका कारण प्रभावित बनेका साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा श्रम स्वीकृति रोक्ने निर्णय भएको हो। श्रम स्वीकृति रोकिएका अधिकांश देशहरू प्रमुख श्रम गन्तव्य मुलुकहरू हुन्। वैदेशिक रोजगार विभागका उप-महानिर्देशक चन्द्रबहादुर सिवाकोटीले मध्यपूर्वमा देखिएको तनावअनुसार निर्णय लिइएको बताए। 'मध्यपूर्वमा रहेका नेपालीहरूको सुरक्षा नै अहिलेको प्रमुख चिन्ताको विषय हो। त्यसैले थप कामदार ती देशहरूमा पठाउनु उचित नहुने देखेर श्रम स्वीकृति रोकिएको हो,' उनले भने।

दैनिक १५ सय नेपाली वैदेशिक रोजगारीका लागि जाने गरेकोमा मध्यपूर्वमा मात्रै एक हजारभन्दा बढी जाने गरेको व्यवसायीको तथ्यांक छ। वैदेशिक रोजगार व्यवसायी महासंघका महासचिव महेशकुमार बस्नेतले मध्यपूर्वका विभिन्न देशहरूमा भिसा लागेर टिकटसमेत काटेका करिब ५ सय कामदारहरू शनिबार विमानस्थलबाट फर्किएका छन्। आइतबार टिकट लिएका कामदारहरूको भने 'रि-सेड्युल' भएको उनले बताए।

मतदानस्थल तयारीका लागि खटिन थाले कर्मचारी र सुरक्षाकर्मी

नयाँ पत्रिका

निर्वाचन आयोगले बिहीबार हुने प्रतिनिधिसभा निर्वाचन मतदानका लागि मतदानस्थलको आवश्यक प्रबन्ध तीव्र थालेको छ। मतदानको अन्तिम तयारीस्वरूप मतदानस्थलको व्यवस्थापनका लागि आइतबारसम्म कर्मचारी पुगिसकेका छन्। मतदान निर्देशिकाबमोजिम आयोगले मतदानस्थलको व्यवस्थापन गर्न कर्मचारी खटाएको हो।

आयोगका अनुसार गत १५ फागुनदेखि नै कर्मचारी मतदानस्थलमा जान थालेका हुन्। कर्मचारी मतदानस्थलमा पुगिसक्नुपर्ने आइतबार अन्तिम दिनहो। निर्वाचन कार्यतालिकामा १५ देखि १८ फागुनसम्म मतदान अधिकृतलाई सामग्री हस्तान्तरण र मतदानस्थलतर्फ प्रस्थान गर्ने उल्लेख छ। यसको प्रबन्ध सम्बन्धित जिल्लाको निर्वाचन अधिकृतको कार्यालयले गर्छ। मतपेटिकालगायतका मतदानका लागि आवश्यक सामग्री पनि मतदानस्थलमा पुऱ्याइएका छन्।

आयोगका सूचना अधिकारी सुमन घिमिरेले मतदानस्थलमा कर्मचारी खटिन थालिसकेको बताए। 'आज मतदानस्थलमा पुगिसक्नुपर्ने अन्तिम दिन हो। अब उहाँहरूले मतदानका लागि आवश्यक तयारी गर्नुहुन्छ,' उनले नयाँ पत्रिकासँग भने, 'सुरक्षाकर्मीका हकमा पनि यही व्यवस्था लागू हुन्छ।'

आयोगका अनुसार चुनावमा साढे पाँच लाख सुरक्षाकर्मी तथा कर्मचारी परिचालित हुँदै छन्। त्यसमा ७९ हजार ७२७ सेना, ७५ हजार ४९७ प्रहरी, ३४ हजार ५७६ सशस्त्र, एक हजार ९२१ राष्ट्रिय अनुसन्धानका कर्मचारी, एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी र दुई लाख १३ हजार निजामती कर्मचारी छन्।

देशभर २३ हजार ११२ वटा निर्वाचन केन्द्र तोकिएको छ। कर्मचारी तथा सुरक्षाकर्मी मतदान केन्द्रमा खटिनेछन्। मतदान गर्नेहरूको संख्या, उक्त स्थानको संवेदनशीलतालगायत हेरेर खटिने कर्मचारी तथा सुरक्षाकर्मीको संख्या निर्देशिकाले नै व्यवस्था गरेको छ। सोहीबमोजिम जनशक्ति खटिने आयोगले बताएको छ। को-कहाँ खटिने भन्ने विषय पनि आयोगले यसअघि नै टुंग्याइसकेको छ।

मतदानस्थलमा पुगेपछि कर्मचारीहरूले निर्वाचनमा सहभागी दल, उम्मेदवार तथा प्रतिनिधिहरूका बिचमा सर्वपक्षीय बैठक गर्नुपर्ने व्यवस्था छ। यसपछि मतदान केन्द्रको सीमा तोक्ने, निषेधित क्षेत्र निर्धारण गर्नेलगायतका काम कर्मचारीहरूले गर्ने आयोगका सूचना अधिकारी घिमिरेले बताए। '२० गतेभित्र मतदान केन्द्रको ले-आउट बनाइसक्नुपर्छ,' उनले भने, 'यहीबिचमा मतदान कार्यमा खटिने स्वयंसेवकलाई ओरिन्टेसन दिनेलगायतका काम पनि गर्नुपर्छ।'

मतदान कार्यतालिकाअनुसार मतदान हुनुभन्दा ४८ घण्टा अगाडिदेखि प्रचारप्रसार निषेध हुन्छ। त्यसलाई मौन अवधि भनिन्छ। मौन अवधि सोमबार राति १२ बजेदेखि सुरु हुन्छ। १९ र २० फागुनमा मतदाता परिचयपत्र वितरण गर्ने पनि कार्यतालिकामा उल्लेख छ।

२१ फागुनको बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदानको अवधि तोकिएको छ। मतदान सकिएलगत्तै दुवै निर्वाचन प्रणालीतर्फको मतगणना प्रारम्भ हुने पनि कार्यतालिकाले तोकेको छ। मतपेटिका संकलन भएपछि सर्वपक्षीय सहमतिका आधारमा स्थानीय परिवेश र सुरक्षा समितिसँगको छलफलका आधारमा मतगणना सुरु हुने आयोगको भनाइ छ।



चुनाव गराउन ताप्लेजुङको उत्तरी हिमाली क्षेत्र ओलाङचुङगोलातर्फ जाँदै गरेका कर्मचारी र सुरक्षाकर्मी।

सेना, प्रहरी, निर्वाचन अधिकृत र दलका प्रतिनिधिको मिश्रित सुरक्षामा मतपेटिका ढुवानी

२१ फागुनमा मतदान सकिएपछि सेना, प्रहरी, निर्वाचन अधिकृत र दलका प्रतिनिधिको मिश्रित सुरक्षामा मतपेटिका ढुवानी हुने भएको छ। सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले आइतबार विज्ञप्ति जारी गरी विगतका निर्वाचनमा जस्तै यसपटक पनि स्थापित प्रोटोकलअनुसार मतपेटिका ढुवानी गर्ने जनाएको हो। 'नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, निर्वाचन अधिकृत, दलका तोकिएका प्रतिनिधिहरू एवं नेपाली सेनासहितको एकीकृत टोलीले मतगणना मतपेटिका ढुवानी गर्नेछ,' विज्ञप्तिमा उल्लेख छ। निर्देशनालयले ०४८ सालको प्रतिनिधिसभा निर्वाचनदेखि सम्पन्न सबै निर्वाचनमा नेपाली सेना परिचालन निर्वाचन समापन भएपश्चात् संयुक्त टोलीले सुरक्षा प्रदान गरी मतपेटिकालाई मतगणना-स्थलसम्म पुऱ्याउने जिम्मेवारी निर्वाह गर्दै आएको जानकारी गराएको छ। निर्वाचनमा सेनाले मतपत्र छपाइस्थलको सुरक्षा, काठमाडौंबाट देशका सबै जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी, निर्वाचनको दौरान तेह्रो घेरामा रही सुरक्षा प्रदान गर्ने गरेको पनि जनाएको छ।

होलीमा कन्सर्ट र भिडभाड गर्न रोक

नयाँ पत्रिका

निर्वाचन आयोगले होलीमा भिडभाड नगर्न निर्देशन दिएको छ। आसन्न निर्वाचनलाई ध्यानमा राख्दै आयोगले तडकभडक तथा भिडभाड नगरी होली मनाउन निर्देशन दिएको हो। सोमबार काठमाडौं उपत्यकालगायत पहाडी र हिमाली क्षेत्रमा तथा मंगलबार तराई-मधेशमा होली मनाइँदै छ।

होलीमा विभिन्न ठाउँमा कन्सर्ट आयोजना गर्नेदेखि भिड जम्मा भएर रमाउने गरिन्छ। तर, विगतमा हुने गरेका यस्ता गतिविधि यसपटक नगर्न आयोगले कडाइ गरेको हो। आयोगका अनुसार कुनै संघसंस्था वा कलाकारले होलीको अवसरमा कन्सर्ट गर्न पाउनेछैनन्। प्रहरीले चोक-चोकमा बसेर सुरक्षा अवस्था कडाइ गर्नेछ।

'१८ गते पहाडी र हिमाली क्षेत्रमा, १९ गते तराईमा होली मनाइँदै छ, यो समयमा मौन अवधिसमेत सुरु हुने भएकाले कतै भिड बटुल्ने र चुनावी वातावरण नै बिगार्ने गरी होली मनाउन पाइँदैन,' निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले भने, '७७ वटै जिल्ला प्रशासन कार्यालयलाई हामीले होलीमा सुरक्षा थप कडा पार्न भनेका छौं।'

होलीमा हुन सक्ने तडकभडक, अनावश्यक भिडभाडजन्य गतिविधि रोक्न जिल्ला प्रशासन कार्यालयले जिल्ला प्रहरी कार्यालयहरूलाई सुरक्षा अवस्था कडा पार्न निर्देशन दिइसकेको पनि घिमिरेले बताए।

वसन्तपुरमा विगतमा जस्तो हुनेछैन होली

उपत्यकामा काठमाडौंको वसन्तपुरमा होलीको उल्लास सबैभन्दा बढी हुन्थ्यो। कन्सर्ट आयोजना गर्नेदेखि हजारौं मान्छे जम्मा भएर होली मनाउने गरिन्थ्यो। तर, यसपालि त्यस्तो नहुने भएको छ। निर्वाचन आचारसंहितालाई मध्यनजर गर्दै वसन्तपुर दरबार क्षेत्रमा भिड जम्मा भएर होली खेल्न निषेध गरिएको छ। जनसेवा प्रहरी वृत्तले निर्वाचन आचारसंहिताका कारण यस क्षेत्रमा सामूहिक रूपमा होली नखेल्न अनुरोध गरिसकेको छ। तर, होली मनाउन अपनाइने विधि र पूजा भने रोकिनेछैन।

'परम्परागतबाहेक होलीसम्बन्धी कुनै पनि अन्य कार्यक्रम आयोजना नभएको जानकारी सम्पूर्णमा सूचित गराउँदछौं,' जनसेवा प्रहरी वृत्तले सूचना जारी गर्दै भनेको छ, 'नागरिकको दायित्व सबैले बहन गर्नौं शान्तिसुरक्षामा सहयोग गर्नौं।'

एमाले र रास्वपाले नै खोलेनन् निर्वाचन बैंक खाता

६३ मध्ये ११ दलले मात्र खाता खोलेका छन्, प्रमुख दलहरूले नै आयोगको चुनाव मितव्ययी र पारदर्शी बनाउने निर्णयलाई अटेरी गरेका छन्, निर्वाचन कसुर सजाय ऐनअन्तर्गत कारबाहीको तयारी

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन प्रचार खर्च बैंकिङ प्रणालीबाट गर्नुपर्ने निर्वाचन आयोगको निर्देशन एमाले र रास्वपालगायत प्रमुख दलहरूले नै उल्लंघन गरेका छन्। आयोगले ४ फागुनअगावै निर्वाचन प्रचारका लागि छुट्टै खाता खोलेर बैंकिङ कारोबार गर्न निर्देशन दिए पनि दल र उम्मेदवारले अटेरी गरेका हुन्।

आयोगका अनुसार आइतबारसम्म १३ दल र १ हजार ८६५ उम्मेदवारले मात्र छुट्टै बैंक खाता खोलेका छन्। ५० दल र १ हजार ५४१ उम्मेदवारले बैंकिङ च्यानलबाहिरै निर्वाचन खर्च गरिरहेका छन्।

आयोगले निर्वाचनमा दल एवं उम्मेदवारबाट हुने निर्वाचन प्रचारका लागि प्राप्त हुने स्वैच्छिक आर्थिक सहयोगको रकम र त्यस्तो प्रचारप्रसारका लागि 'निर्वाचन प्रचार प्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि' २० माघमा स्वीकृत गरी सार्वजनिक गरेको थियो। यसले दल एवं उम्मेदवारले गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाई निर्वाचनमा सुशासन कायम गर्ने आयोगको अपेक्षा थियो। आयोगले खुला प्रचार सुरु हुनुअगावै खाता खोल्न दल तथा उम्मेदवारलाई भनेको थियो।

आयोगका अनुसार प्रत्यक्षतर्फ ६५ दलका तीन हजार ४०६ उम्मेदवार चुनावी मैदानमा छन्। त्यसैगरी, समानुपातिकतर्फ ५७ चिह्नमा ६३ दलले भाग लिएका छन्। आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले कार्यविधिअनुसार निर्वाचन प्रचारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार छुट्टै खातामार्फत गर्नुपर्ने बताइन्। यो निर्वाचन आचारसंहिताको पालनाभित्र पर्ने भन्दै कार्यान्वयन नगरिए दल र उम्मेदवारलाई निर्वाचन कसुर तथा सजाय ऐनअन्तर्गत कारबाही हुने बताइन्। ऐनमा एक लाखसम्म जरिवाना र उम्मेदवारी खारेजीसम्मको व्यवस्था छ। सहायक प्रवक्ता पुनले दल तथा उम्मेदवारबाट अटेरी भए आयोगले जरिवानाको निर्णय गर्ने बताइन्।

श्रीसका अनुसार काग्रेस, नेपाली कम्युनिस्ट पार्टी, नेकपा संयुक्त, राष्ट्रिय जनमोर्चा, नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी, संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेमकिपा र राष्ट्रिय जनमुक्ति पार्टीले मात्र छुट्टै खाता खोलेका छन्।

एमाले, रास्वपा, राप्रपा, जनमत, लोसपा, नागरिक उन्मुक्ति र राष्ट्रिय जनमोर्चाले खाता खोलेका छैनन्। त्यस्तै, यसै निर्वाचनमा उदाएका श्रम संस्कृति, उज्यालो नेपाल, प्रलोपा, गलोपालगायत दलले पनि चुनाव मितव्ययी र पारदर्शी बनाउने आयोगको निर्णयलाई उल्लंघन गरेका हुन्।

आयोगका प्रवक्ता नारायण भट्टराईले दल तथा उम्मेदवारले गर्ने प्रचारप्रसार खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गराउन कार्यविधि बनाइएको बताए। २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा भाग लिएर उम्मेदवारी दिएका सबै दल, उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधिअनुसार निर्वाचन प्रचारका लागि आर्थिक सहयोग लिएर गर्ने आम्दानी खर्च कारोबार यसै खातामार्फत गर्नुपर्ने भट्टराईले बताए। उनका अनुसार खाता खोल्नका लागि दलको हकमा निर्वाचन आयोगको सचिवालयबाट र उम्मेदवारहरूको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस हुने गरी तोकिएको छ।

एक लाख जरिवानादेखि उम्मेदवारी नै रद्दसम्म हुन सक्छ

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले निर्वाचन प्रचारका लागि छुट्टै खाता खोलेर बैंकिङ कारोबार गर्ने व्यवस्था नमान्नु आचारसंहिता उल्लंघन गरेको मानिने र त्यसअन्तर्गत कारबाही हुने बताए। 'खाता नखोल्नु भनेको आचार-संहिताविपरीत हो। आचारसंहिताको उल्लंघन भयो, उल्लंघन हुँदा जे कारबाहीको व्यवस्था छ त्यही निर्णय हुन्छ,' उनले भने।

आचारसंहिता उल्लंघनमा अधिकतम एक लाखसम्म जरिवाना र उम्मेदवारी रद्दसम्म हुने उनले बताए। त्यस्तै, दलले अर्को चुनाव लड्न नपाउने, उम्मेदवार हुन नपाउने ऐनमै व्यवस्था छ। आयोगले कारबाहीको निर्णय गर्दा यही ऐनमा टेक्छ,' उनले भने। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले खाता नखोल्ने दल र उम्मेदवारहरूको निगरानी भइरहेको भन्दै उपयुक्त समयमा कानुनबमोजिम निर्णय गर्ने बताए। 'हामीले वाच गरिरहेका छौं, आयोगले उपयुक्त समयमा निर्णय गर्छ,' उनले भने।

३५ वर्षमा...

पृष्ठ १ बाट क्रमशः

जेन-जी पुस्ता नै विद्रोहमा उत्रिएपछि दुई ठुला दल काग्रेस र एमालेले चलाइरहेको सरकार ढल्यो। आन्दोलनको मागअनुसार संसद् विघटन गरियो र २१ फागुनमा आमनिर्वाचन हुँदै छ। नयाँ जनादेशपछि देशले प्रजातन्त्र पुनर्स्थापनापछिको ३१औँ प्रधानमन्त्री पाउनेछ।

यी ३५ वर्षमा काग्रेस नेताद्वय गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा सबैभन्दा धेरै पाँच-पाँचपटक प्रधानमन्त्री बने। एमाले अध्यक्ष केपी ओलीले चारपटक र तत्कालीन माओवादी अध्यक्ष (हाल नेकपाका संयोजक) पुष्पकमल दाहाल प्रचण्डले तीनपटक देशको नेतृत्व गरे। कृष्णप्रसाद भट्टराई, सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्दले दुई-दुईपटक सरकार चलाए। भट्टराईले ०४६ को जनआन्दोलनपछि चुनावी सरकारको नेतृत्व पनि गरेका थिए। त्यसबाहेक मनमोहन अधिकारी, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, सुशील कोइराला, खिलराज रेग्मी र सुशीला कार्कीले एक-एकपटक सरकारको नेतृत्व गरे।

यस अवधिमा सत्ताका लागि विकृत खेलहरू पनि भए। सरकार ढाल्न र बनाउन सांसद किनबेचदेखि आफ्नै पार्टीको सरकार ढाल्नेसम्मका गतिविधि भए। कतिसम्म भने ठुला दलहरूको खिचातानीमा ११ सिट भएको तत्कालीन राप्रपाका सूर्यबहादुर थापा र आठ सिट भएको राप्रपा (चन्द)का नेता लोकेन्द्रबहादुर चन्द काग्रेस, एमाले, तत्कालीन मालेको पालैपालो काँध चढेर प्रधानमन्त्रीको कुर्सीमा पुगे। यही राजनीतिक अस्थिरताको फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि दुईपटक सत्ता हत्याएर प्रत्यक्ष शासन गरे।

दुईपटक गैरदलीय नेतृत्वमा मुलुक

गणतन्त्रपछि नेपाल दुईपटक गैरदलीय नेतृत्वमा पुगेको छ। पहिलो संविधानसभा १४ जेठ ०६९ मा विघटन हुँदा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी अन्तरिम सरकारको मन्त्रिपरिषद् अध्यक्ष बने। त्यस्तै, २३ र २४ भदौको जेन-जी विद्रोहबाट दलहरू सत्ताच्युत हुनुका साथै प्रतिनिधिसभा विघटन भएपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की २७ भदौमा अन्तरिम सरकारको प्रधानमन्त्री बनिन्। कार्की सरकारको म्यान्डेट २१ फागुनमा चुनाव गराउनेछ।

अस्थिरताको फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्र शाहले पनि दुईपटक प्रत्यक्ष शासन गरे

अस्थिर राजनीतिको फाइदा दरबारले पनि उठायो। तत्कालीन राजा ज्ञानेन्द्र शाहले दुईपटक निर्वाचित सरकारलाई अपदस्थ गरेर सत्ता हातमा लिए। ७ साउन ०५८ मा शेरबहादुर देउवा प्रधानमन्त्री बनेका थिए। तत्कालीन विद्रोही माओवादीलाई निस्तेज पार्न संकटकाल लम्ब्याउने विषयमा प्रतिपक्षी र आफ्नै दल काग्रेसबाट साथ नपाएपछि उनले ८ जेठ ०५९ संसद् विघटन गरी २७ कात्तिकका लागि चुनाव घोषणा गरे। तर, १७ असोजको मन्त्रिपरिषद्ले २७ कात्तिकको चुनाव ३ मंसिर ०६० मा सार्ने निर्णय गऱ्यो। त्यसको भोलिपल्टै अर्थात् १८ असोजमा तत्कालीन राजा ज्ञानेन्द्रले देउवालाई निर्वाचन गर्न 'अक्षम प्रधानमन्त्री' घोषणा गर्दै पदच्युत गरिदिए। र, २५ असोज ०५९ मा राप्रपा नेता लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाए। ज्ञानेन्द्रले उनलाई पनि १६ जेठ ०६० मा बर्खास्त गरे र २१ जेठ ०६० मा सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए। थापालाई पनि हटाएपछि ज्ञानेन्द्रले प्रधानमन्त्री पदका लागि ०६१ जेठमा खुला दरखास्त आह्वान गरे। तर, आवेदन नै नदिएका तत्कालीन काग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवालाई २१ जेठ ०६१ मा प्रधानमन्त्री नियुक्त गरे। त्यसको सात महिनामै अर्थात् १९ माघ ०६१ मा देउवालाई पनि अक्षम घोषणा गर्दै ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिए। ज्ञानेन्द्रले राज्यसत्ता हातमा लिएको भोलिपल्ट २० माघ ०६१ मा आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरे। उनले पूर्वप्रधानमन्त्रीद्वय कीर्तिनिधि विष्ट र तुलसी गिरीलाई मन्त्रिपरिषद्को उपाध्यक्ष बनाएर दलहरूलाई बाहिरै राखे। ज्ञानेन्द्रले १४ महिना मन्त्रिपरिषद्को नेतृत्व गरे। ०६२/६३ को जनआन्दोलनबाट संसद् पुनर्स्थापना भएपछि ११ वैशाख ०६३ मा उनले राजगद्दी छोडे र नेपालमा राजतन्त्र अन्त्य भयो।

काठमाडौं ६ र ८ मा रास्वपाले जोगाउला विरासत ?

काठमाडौं ६ मा शिशिरलाई रोक्ने प्रयासमा कांग्रेस र एमाले

प्रेम गौतम/नयाँ पत्रिका

अघिल्लो निर्वाचनमा काठमाडौं ६ मा विजयी रास्वपालाई यसपटक साख जोगाउने चुनौती छ। रास्वपाले निवर्तमान सांसद शिशिर खनाललाई दोहोर्‍याएको छ। सांसद निर्वाचित भइसकेपछि उनले केही समय शिक्षामन्त्रीको समेत जिम्मेवारी सम्हालेका थिए। उनले लामो समयदेखि शिक्षा क्षेत्रमा काम गरेका छन्। नीति निर्माणमा भूमिका खेलिरहेका खनाल पार्टीमा पनि सचिवालय तहकै जिम्मेवारीमा छन्।

कांग्रेसले कृष्णसबुज बानियाँलाई उम्मेदवार बनाएको छ। कांग्रेस काठमाडौं सभापतिसमेत रहेका उनी पहिलोपटक प्रतिनिधिसभामा उम्मेदवार बनेका हुन्। एमालेले प्रदेश सभाका निवर्तमान सांसद अमन मास्केलाई उम्मेदवार बनाएको छ। उनी ०७९ को निर्वाचनमा काठमाडौं ६ (२) बाट निर्वाचित भएका थिए। उनी बागमती प्रदेशको भौतिक पूर्वाधार विकासमन्त्रीसमेत भएका थिए।

नेपाली कम्युनिस्ट पार्टीले पूर्वविद्यार्थी नेता हिमाल शर्मालाई उम्मेदवार बनाएको छ। पार्टी केन्द्रीय सदस्य शर्मा दोस्रोपटक सांसदका लागि चुनावी मैदानमा छन्। ०७० को दोस्रो संविधानसभा निर्वाचनमा उनी काठमाडौं ६ बाटै उम्मेदवार थिए।

■ काठमाडौं ६
मतदाता : ६७,७५९
महिला : ३४,९५६
पुरुष : ३२,८०२
अन्य : १
मतदानस्थल : ३२
मतदान केन्द्र : ७९
१५ दल र पाँच स्वतन्त्र उम्मेदवार, जसमध्ये पाँच महिला

यो क्षेत्रमा १५ दल र पाँच स्वतन्त्र उम्मेदवार छन्। जसमध्ये पाँच महिला छन्। रास्वपाबाट शिशिर खनाल, कांग्रेसबाट कृष्णसबुज बानियाँ, एमालेबाट अमनकुमार मास्के, नेकपाबाट हिमाल शर्मा, राप्रपाबाट उद्धवराज भेटुवाल, उज्यालो नेपाल पार्टीबाट वारिस धरेल, श्रम संस्कृति पार्टीबाट लवली थापा, राष्ट्रिय जनमोर्चाबाट जगतप्रसाद रेग्मी, नेमकिपाबाट इन्द्रकुमारी बज्राचार्य, आजपाबाट सफलता बोगटी, प्रलोपाबाट गिरीराज अर्याल, जय मातृभूमि पार्टीबाट रोमलाल गिरी, माओवादीबाट शुक्रबहादुर लामा र राष्ट्रिय मुक्ति पार्टीबाट इन्दिरा थापा उम्मेदवार छन्।

काठमाडौं ६ को भौगोलिक विविधता फरक छ। यो क्षेत्र ठमेलदेखि काभ्रेस्थलीसम्म, बागबजारदेखि फुटुङसम्म फैलिएको छ। काठमाडौं महानगरपालिकाका २६, २७ र २८ वडा, तारकेश्वर नगरपालिकाका १, २, ६, ७, ८, ९, १०, ११ र टोखा नगरपालिकाका १, ८, ९, १० र ११ वडा यस क्षेत्रमा समेटिएका छन्। माथिल्लो भेगका साँगला, काभ्रेस्थली, धर्मस्थली र तल्लो भेगका मनमैँजु, नेपालटारलगायत क्षेत्रका साथै कोर सहरी क्षेत्रका आवश्यकता र माग फरक-फरक छन्। पूर्वाधार सुधारदेखि ट्राफिक जामसम्मका समस्या यो क्षेत्रमा छन्। खानेपानी समस्या जटिल रूपमा देखिएको छ। समस्या समाधान गर्ने वाचासहित उम्मेदवारहरू घरदैलोमा व्यस्त छन्। अर्गानिक तथा व्यावसायिक खेती प्रवर्द्धनको प्रतिबद्धता पनि उम्मेदवारको छ। यो क्षेत्रमा ६७ हजार ७५९ जना मतदाता रहेका छन् भने ३२ मतदानस्थल र ७९ मतदान केन्द्र तोकिएको छ।

काठमाडौं ६ मा गत ०७९ को निर्वाचनमा समानुपातिकतर्फ पनि रास्वपा नै पहिलो भएको थियो। रास्वपाले ११ हजार ९९६ मत ल्याएको थियो। समानुपातिकमा दोस्रो भएको एमालेले आठ हजार १९ मत ल्याएको थियो। तेस्रो स्थानमा आएको कांग्रेसले सात हजार ५७७ मत ल्याएको थियो। चौथोमा राप्रपाले चार हजार ६१० र पाँचौँमा नेकपा (तत्कालीन माओवादी) ले एक हजार ८०२ मत ल्याएको थियो।

■ के भन्छन् प्रमुख दलका उम्मेदवार ?

● **शिशिर खनाल**, रास्वपा



राष्ट्रिय रूपमा हामीले एउटा सपना देखेका छौँ, अबको १० वर्षमा नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकका रूपमा रूपान्तरण गर्ने। नीतिगत सुधार गरेर आर्थिक विकासको काम गर्नुपर्नेछ। सुशासन र परिवर्तन अहिलेको आवश्यकता हो। सांसदका रूपमा विधेयकहरूमा काम गर्ने र आफ्नो क्षेत्रको विषयमा संसद्मा आवाज उठाउने हो। अघिल्लोपटक पनि खानेपानी समस्या, शान्ति सुरक्षा, सार्वजनिक जग्गा मिचिएका विषय, सडक निर्माण, सडक सुरक्षा, प्राकृतिक प्रकोपबाट क्षति भएका संरचनाको पुनर्निर्माणको विषय संसद्मा उठाएको थिएँ। अघिल्लोपटकको प्रयासलाई निरन्तरता दिनेछु। अब पनि विकास निर्माणसँग सम्बन्धित विषयमा ततत् सरकारी निकायलाई दबाब दिनेछु।

● **कृष्णसबुज बानियाँ**, कांग्रेस



यो चुनाव व्यक्तिको होइन, यो संरचना बनाउने कि टालटुल गर्ने भन्ने चुनाव हो। म संरचना बनाउन कानुनी सुधारको स्पष्ट योजना लिएर आएको छु। पाँच वर्ष, पाँच ऐन, पाँच संरचनात्मक परिवर्तनको एजेन्डा अघि सारेको छु। सहरी नदी संरक्षण तथा पुनर्जागरण ऐन, कृषक संरक्षण तथा बजार सुनिश्चितता ऐन, नयाँ सहरी वन तथा भूमि प्रयोग सन्तुलन ऐन, डिजिटल सुशासन तथा भ्रष्टाचार नियन्त्रण ऐन र सुरक्षित खानेपानी तथा भू-जल संरक्षण ऐन ल्याउन पहल गर्नेछु। वातावरण संरक्षण ऐन र स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन गरी नदीलाई प्राकृतिक सम्पदाको कानुनी मान्यता दिलाउने सदनमा आवाज उठाउनेछु। कांग्रेस बदलेर देश बदल्ने अभियानमा हामी अघि बढेका छौँ।

● **अमन मास्के**, एमाले



सांसदका रूपमा मेरो भूमिका दुई हिसाबको हुनेछ। नीति निर्माणमा सक्रिय हस्तक्षेप र विकासका लागि बजेट सुनिश्चिततामा भूमिका खेल्नेछु। युवा सशक्तीकरणमा जोड दिनेछु। 'लर्निङ एन्ड अर्निङ' अवधारणालाई व्यवहारमा लागू गर्नेछु। युवालाई पढ्दै कमाउने वातावरण सिर्जना गर्नेछु। स्किल डेभलपमेन्ट, सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र आउटसोर्सिङ क्षेत्रमा लक्षित तालिम सञ्चालन गरी नेपालमै बसेर अन्तर्राष्ट्रियस्तरका आइटी सेवा प्रदान गर्न सक्ने जनशक्ति तयार पार्ने भूमिका खेल्नेछु। युवालाई अवसरका लागि बिदेसिनुपर्ने बाध्यता हटाउन नेपालमै रोजगारी र आम्दानीको आधार तयार गर्नुको विकल्प छैन। पूर्वाधार निर्माणमा जोड दिनेछु। ट्राफिक जाम न्यूनीकरणमा भूमिका खेल्नेछु। खानेपानी समस्यालाई एकीकृत मास्टर प्लान बनाएर समाधान गर्नेछु।

हिमाल शर्मा, नेकपा



जनजीविका, राष्ट्रियता, सुशासन, समृद्धिदेखि शासकीय सुधारसम्मको एजेन्डा लिएर जनताको बिचमा गएका छौँ। प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिसहित संघीयतालाई सुदृढीकरण गर्दै सुशासनयुक्त समृद्ध देश बनाउने एजेन्डा हामीसँग छ। त्यसका साथै युवा नेतृत्व सशक्त बनाउने, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगार सिर्जना र स्थानीय समस्याको व्यावहारिक समाधानजस्ता विषयलाई प्राथमिकतामा राखेका छौँ। जनतासँग प्रत्यक्ष संवाद गरी जनताको जीवनमा वास्तविक सुधार ल्याउन चाहन्छौँ। खानेपानी समस्या समाधान गर्ने, सडक निर्माण र मर्मत, ढल व्यवस्थापनको विषयमा काम गर्नेछु। बाँकी जीवन मुलुकको सामाजिक-आर्थिक रूपान्तरण र समृद्धिका लागि केन्द्रित गर्नेछु। विद्यार्थी राजनीतिक यात्रा र सामाजिक अभियन्ताको अनुभवलाई अब संसद्मा नीति निर्माणमा योगदान गर्न चाहन्छु।

यो क्षेत्रमा यस्तो छ संसदीय इतिहास

०४८ को निर्वाचनमा वामपन्थी नेतृ सहाना प्रधान निर्वाचित भइन्। पञ्चायती व्यवस्थाविरूद्धको ०४६ को आन्दोलनमा उनी संयुक्त वाम मोर्चाका तर्फबाट कमान्डर थिइन्। ०४८ को निर्वाचनमा वामपन्थी नेतृ सहाना प्रधान निर्वाचित भइन्। पञ्चायती व्यवस्थाविरुद्धको ०४६ को आन्दोलनमा उनी संयुक्त वाममोर्चाका तर्फबाट कमान्डर थिइन्। ०५१ को मध्यावधि निर्वाचनमा पनि उनै प्रधान निर्वाचित भइन्। त्यतिवेला हाल काठमाडौं ६ मा रहेको झोर, काभ्रेस्थली, साङ्ला, फुटुङ आदि क्षेत्र काठमाडौं ५ थियो। त्यहाँबाट तत्कालीन एमालेका राजेन्द्र श्रेष्ठ निर्वाचित भएका थिए। ०५६ को निर्वाचनमा एमालेकै मंगलसिद्धि मानन्धर निर्वाचित भएका थिए। प्रधान र मानन्धरको निधन भइसकेको छ भने श्रेष्ठ हाल नेकपा केन्द्रीय निर्वाचन परिचालन समितिमा छन्।

०६४ को पहिलो संविधानसभा निर्वाचनअघि काठमाडौंमा सातबाट १० निर्वाचन क्षेत्र भयो। ०६४ को निर्वाचनमा माओवादीका हितमान शाक्य निर्वाचित भए। शाक्यले कांग्रेसका भीमसेनदास प्रधान र एमालेका योगेश भट्टराईलाई पराजित गरेका थिए। ०७० को निर्वाचनमा कांग्रेसका भीमसेनदास प्रधान निर्वाचित भए। ०७४ को निर्वाचनमा पनि प्रधान नै विजयी भए। जतिवेला एमाले र माओवादीको वामगठबन्धन थियो, जुन गठबन्धनले प्रतिनिधिसभामा करिब दुईतिहाइ सिट जितेको थियो। गठबन्धनबाट माओवादीका झक्कु सुवेदी उम्मेदवार थिए। वामगठबन्धनलाई समेत पराजित गरेको कांग्रेस गत ०७९ को निर्वाचनमा भने पहिलोपटक निर्वाचनमा सहभागी भएको रास्वपासँग पराजित भयो। गत निर्वाचनमा रास्वपाका शिशिर खनाल निर्वाचित भएका थिए। एमालेका सर्वेन्द्र खनाल दोस्रो र कांग्रेसका भीमसेनदास प्रधान तेस्रो भएका थिए।

काठमाडौं ८ मा विराजलाई तीन दलको चुनौती

शुरोजंग पाण्डे/नयाँ पत्रिका

काठमाडौंको कोर सिटी काष्ठमण्डप, हनुमानढोकादेखि विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भू क्षेत्र समेटिएको र नेवार समुदायको बाक्लो बस्तीका रूपमा परिचित काठमाडौं ८ मा चार उम्मेदवारबिच प्रतिस्पर्धा देखिएको छ।

०७९ को निर्वाचन जितेका रास्वपका विराजभक्त श्रेष्ठ दोहोरिएर उम्मेदवार बनेको यो क्षेत्रमा अघिल्लोपटक उनकै प्रतिद्वन्द्वी रहेका सुमन सायमी नेकपाबाट उम्मेदवार छन्। कांग्रेसबाट सपना राजभण्डारी र एमालेबाट पूर्वप्रदेश सभा सांसद राजेश शाक्य चुनावी मैदानमा छन्। कांग्रेस र एमालेले पनि पटक-पटक जित्दै आएको क्षेत्र भएका कारण पनि यो निर्वाचनमा श्रेष्ठ, सायमी, भण्डारी र शाक्यबिच नै मुख्य प्रतिस्पर्धा रहेको मतदाताहरू बताउँछन्। चारैजना उम्मेदवारले जितलाई प्रतिष्ठा बनाएर घरदैलो कार्यक्रम अन्तिम चरणमा पुर्‍याएका छन्।

■ काठमाडौं ८
मतदाता : ५७८११
महिला : २९८९८
पुरुष : २७९१३
मतदानस्थल : २३
मतदान केन्द्र : ६५
उम्मेदवार : २२

०७९ को निर्वाचनमा रास्वपाका विराजभक्त १० हजार ११२ मत ल्याएर निर्वाचित भएका थिए। निकटतम प्रतिद्वन्द्वी हामी नेपाली पार्टीका सुमन सायमीले ६ हजार १७९ मत पाएका थिए। अघिल्ला प्रतिद्वन्द्वी सायमी डेढ महिनाअघि नेकपा प्रवेश गरेर फेरि उम्मेदवार बनेका छन्। उनी ०७९ को स्थानीय निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयरमा पराजित भएका थिए। ०७६ मा तत्कालीन केपी ओली नेतृत्वको सरकारले गुठी विधेयक ल्याउन खोज्दा उनैले नेतृत्व लिएका थिए।

०७९ को निर्वाचनमा कांग्रेस, माओवादी, एकीकृत समाजवादीका साझा उम्मेदवार जीवनराम श्रेष्ठले चार हजार ८८१, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रकाश रिमालले चार हजार ३८८ र एमालेका शिवसुन्दर राजवैद्यले तीन हजार ८९१ मत प्राप्त गरेका थिए। कांग्रेस उम्मेदवार राजभण्डारी दिवंगत नेता नवीन्द्रराज जोशीकी श्रीमती हुन्। उनै जोशी ०६४ र ०७० को चुनावमा विजयी बनेकाले पनि कांग्रेसले पनि यो क्षेत्रलाई बलियो पकड क्षेत्रकै रूपमा लिने गर्दछ। उनी अघिल्लोपटक समानुपातिक सांसद थिइन्। दिवंगत श्रीमान् जोशीको विरासत जोगाउँदै उनी प्रत्यक्षतर्फबाट सांसद बन्ने दौडमा छिन्।

उता, एमाले उमेदवार राजेश शाक्य बागमती प्रदेश सभाका पूर्वमन्त्री हुन्। ०७४ को निर्वाचनमा काठमाडौं ८ (१) बाट निर्वाचित शाक्य ०७९ को निर्वाचनमा त्यही क्षेत्रमा प्रदेश सभामा हाम्रो नेपाली पार्टी'का शैलेन्द्रमान बज्राचार्यसँग पराजित भएका थिए। बज्राचार्यले पाँच हजार ४७० ल्याउँदा शाक्यले तीन हजार ७१८ मत मात्रै पाएका थिए। उनी पनि प्रदेश सभाको अघिल्लो हार उल्ट्याउँदै संघीय सांसद बन्ने दौडमा छन्। ०७४ मा काठमाडौं ८ मा एमालेका जीवनराम श्रेष्ठले कांग्रेसका नवीन्द्रराज जोशीलाई पराजित गरेका थिए। एमाले पनि त्यतिवेलाको जित यसपटक फर्काउने गरी अघि बढेको छ।

निर्वाचन आयोगका अनुसार यो क्षेत्रमा ५७ हजार ८११ मतदाता छन्। जसमा महिला २९ हजार ८९८ र पुरुष मतदाताको संख्या २७ हजार ९१३ रहेको छ। यो क्षेत्रमा काठमाडौं महानगरपालिका वडा नम्बर १३, १५, १९, २०, २३ र २४ तथा नागार्जुन नगरपालिकाका वडा नं. ४ र ५ पर्दछन्।

■ के भन्छन् उम्मेदवार ?

● **विराजभक्त श्रेष्ठ**, रास्वपा



स्थानीय बासिन्दाले नै हाम्रो टोलमा आइदिनुपर्‍यो भन्नुहुन्छ। इन्द्रजात्रालगायत स्थानीय सांस्कृतिक कार्यक्रममा सहभागी हुने गरेको छु। स्थानीय मानिसका सांस्कृतिक, धार्मिक र अन्य कार्यक्रममा उहाँहरूसरह नै सरिक हुने गर्छु। म स्थानीयको कुरा सुन्दछु र त्यसलाई सम्बोधन गर्ने प्रयास गर्छु। अघिल्लो कार्यकालमा गरेका कामकै कारण फेरि पनि चुनाव जित्ने कुरामा विश्वस्त छु।

● **सुमन सायमी**, नेकपा




मैले आवाजविहीनहरूको आवाजको प्रतिनिधित्व गरेको छु। जनताको दुःखसुखमा साथसाथै छु, जनताको पीडामा बोलेको छु र उहाँहरूको मन जित्दै आएको छु। त्यसैले यिनै कुरा नै मेरो जित्ने आधार हुन्। अघिल्लोपटक सांस्कृतिक सम्पदाका एजेन्डाहरू स्थापित गर्न उम्मेदवारी दिएँ। राजनीतिक हिसाबले एजेन्डाहरूको उठानसँगै जग निर्माण भएको छ। यसपटक पहिलेकै माग समायोजन गर्दै अघि बढेको छु।

● **सपना राजभण्डारी**, कांग्रेस



यस क्षेत्रका जनताको सुखदुःख नजिकबाट बुझेको, संस्कृति, रहनसहन बुझेको नेवारकी छोरी हुँ। जनताका समस्यालाई नजिकबाट बुझेको छु। राजनीतिक रूपमा मेरो श्रीमान् पार्टीबाटै दुईपटक विजयी बनिसक्नुभएको विगत र महिला उम्मेदवारसमेत भएका कारण पनि जित्ने आधार बलियो छ। जनताको घरदैलोमा राम्रो रेसपोन्स पाएको छु, त्यसैले चुनाव जित्ने बलियो आधार छ।

● **राजेश शाक्य**, एमाले



भूकम्पमा ढलेको काष्ठमण्डप मेरै नेतृत्वमा निर्माण भएको हो। क्षेत्रको विकास निर्माणदेखि हरेक प्रकारका गतिविधिमा लामो समयदेखि सक्रिय छु। विकास निर्माण होस् या सामाजिक सम्बन्ध सबै हिसाबले पूर्वजनप्रतिनिधिका रूपमा पनि जनतासँग प्रत्यक्ष जोडिँदै आएको छु र हरेक समस्या समाधान गर्ने प्रयास गर्दै आएको छु। त्यसैले मलाई यस क्षेत्रका जनताले सुखदुःखका साथीका रूपमा बुझेका छन् र सही व्यक्तिलाई सही ठाउँमा चुनेर मलाई विजय गराउनुहुनेछ भन्ने कुरामा ढुक्क छु।

काठमाडौं १० मा कांग्रेसलाई साख जोगाउने चुनौती

ह्याट्रिक जित निकालेको कांग्रेसलाई एमाले, नेकपा र रास्वपाले दिँदै छन् टक्कर

नयाँ पत्रिका

संघीय राजधानी भित्रिने मुख्य नाका काठमाडौं १० मा पर्छ। महानगरपालिकाले नछुने काठमाडौंको एक मात्र निर्वाचन क्षेत्र पनि यही हो। यहाँ कीर्तिपुर नगरपालिका, दक्षिणकाली नगरपालिका र चन्द्रागिरि नगरपालिकाका २, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ वडा पर्छन्।

कुनै समय वामपन्थी गढ मानिने यो क्षेत्रमा पछिल्लो तीनवटा निर्वाचनमा कांग्रेस विजयी भयो। ०७० मा कांग्रेसका राजन केसीले कम्युनिस्ट गढ भत्काएका थिए। त्यसयता केसी निरन्तर निर्वाचित भए। एमाले-माओवादी गठबन्धन हुँदा ०७४ मा समेत केसी निर्वाचित भएका थिए। यो निर्वाचनमा भने केसी उम्मेदवार छैनन्। जेन-जी आन्दोलनपछि केसीले निर्वाचन नलड्ने घोषणा गरेका थिए। कांग्रेसले हिमाल कार्कीलाई उम्मेदवार बनाएको छ। उनी कांग्रेसको काठमाडौं जिल्ला सदस्य हुन्। उनी ०५४ को पहिलो स्थानीय निर्वाचनमा कीर्तिपुर १२ को वडाध्यक्षमा निर्वाचित भएका थिए। उनी कांग्रेसको विरासत जोगाउने रणनीतिमा छन्।

एमालेले विनोद श्रेष्ठलाई उम्मेदवार बनाएको छ। उनी एमाले केन्द्रीय सदस्य हुन्। एमालेनिकट मजदुर संगठन नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)को अध्यक्षसमेत बनेका श्रेष्ठ संविधानसभा सदस्यसमेत हुन्। काठमाडौं १० क्षेत्रमा विभाजित भएपछि एमालेले यो क्षेत्र जित्न सकेको छैन।

नेपाली कम्युनिस्ट पार्टीले रूपा महर्जनलाई उम्मेदवार बनाएको छ। नेकपाकी केन्द्रीय सदस्य महर्जन पनि संविधानसभा सदस्य हुन्। उनी सशस्त्र विद्रोहदेखि नै पार्टीमा सक्रिय छिन्। उनी बेपत्ता परिवारकी हुन्। अघिल्लो निर्वाचनमा गठबन्धन भएका कारण तत्कालीन माओवादीले कांग्रेसलाई समर्थन गरेको थियो। महर्जन ०६४ को विरासत फर्काउने रणनीतिमा छिन्। ०६४ मा नेकपा (तत्कालीन माओवादी)का संयोजक पुष्पकमल दाहाल प्रचण्ड निर्वाचित भएका थिए। रास्वपाले प्रदीप विष्टलाई उम्मेदवार बनाएको छ। उनी रास्वपा काठमाडौं जिल्ला सभापति हुन्। अघिल्लोपटक तेस्रो भएका विष्टलाई नै दोहोर्‍याएर रास्वपाले टिकट दिएको हो। रास्वपाको लहर आएकाले यसपटक पहिलो हुने लक्ष्यमा छन्। राप्रपाले बलराम थापालाई दोहोर्‍याएको छ।


■ काठमाडौं १०
मतदाता : ८३,३०१
महिला : ४२,७१६
पुरुष : ४०,५८३
अन्य : २
मतदानस्थल : ४७
मतदान केन्द्र : ९८
दलका १५ र स्वतन्त्र १० उम्मेदवार, जसमध्ये पाँच महिला छन्

यो क्षेत्रमा ८३ हजार ३०१ जना मतदाता छन्। जसमध्ये महिला ४२ हजार ७१६, पुरुष ४० हजार ५८३ र अन्य दुई छन्। मतदानस्थल ४७ र मतदान केन्द्र ९८ छन्। यो क्षेत्रमा राप्रपाबाट बलराम थापा, उज्यालो नेपाल पार्टीबाट राकेश न्यौपाने, राष्ट्रिय जनमोर्चाबाट अम्बरबहादुर पौडेल, नेमकिपाबाट विन्द्रा महर्जन, मंगोल नेसनल अर्गनाइजेसनबाट राम रुम्बा, जसपा नेपालबाट भागरित साह, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट केशवराज अर्याल, जय मातृभूमि पार्टीबाट विक्रम पाण्डे, श्रम संस्कृति पार्टीबाट धनबहादुर श्रेष्ठ, नेकपा माओवादीबाट रामकुमार भोम्जन र समावेशी समाजवादी पार्टीबाट पूर्णचन्द्र पौडेल उम्मेदवार छन्।

०४८ मा काठमाडौंका तत्कालीन पाँच निर्वाचन क्षेत्रमध्ये एमालेले चारवटामा जितेको थियो। काठमाडौं १ र ५ मा तत्कालीन महासचिव मदन भण्डारी निर्वाचित भएका थिए। काठमाडौं २ मा मात्रै कांग्रेसका दमननाथ ढुंगाना निर्वाचित भएका थिए। अन्य सबै क्षेत्रमा एमाले विजयी भएको थियो। भण्डारीले यो क्षेत्र अर्थात् तत्कालीन ५ छाडेपछि ०४९ मा भएको उपनिर्वाचनमा एमालेकै कृष्णगोपाल श्रेष्ठ निर्वाचित भएका थिए। ०५१ मा काठमाडौं पाँचबाट सात निर्वाचन क्षेत्र भयो। सातवटैमा एमालेले जित्यो। काठमाडौं ७ बाट एमालेकै कृष्णगोपाल श्रेष्ठ निर्वाचित भए। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन माओवादीका अध्यक्ष प्रचण्ड निर्वाचित भए। ०७० को दोस्रो संविधानसभा निर्वाचनमा प्रचण्डलाई पराजित गर्दै कांग्रेसका राजेन्द्र केसी (राजन) निर्वाचित भए।


■ के भन्छन् प्रमुख दलका उम्मेदवार ?

● **हिमाल कार्की**, कांग्रेस




खानेपानी, बाटाघाटा, बेरोजगारीको समस्या छ। मठमन्दिर संरक्षण गर्नुपर्नेछ। नेवारी समुदायको बाहुल्यता भएको क्षेत्र हो। आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउनु छ। ऐन बनाएर विकास निर्माणका साथसाथै बेरोजगारी समस्या समाधान गर्नुपर्नेछ।

● **रूपा महर्जन**, नेकपा




सुशासन, सामाजिक न्याय र सुशासनका लागि काम गर्नेछु। कीर्तिपुरलाई आइटी केन्द्रका रूपमा विकास गर्नेछु। जसका माध्यमबाट युवाका लागि रोजगारी सिर्जना हुनेछ। सार्वजनिक यातायात सञ्चालन तथा कीर्तिपुर-मकवानपुर जोड्ने सडक विस्तार गर्ने योजना छ।

● **विनोद श्रेष्ठ**, एमाले



'समृद्ध नेपाल, सुखी नेपाली'को नारा साकार बनाउन मेरो उम्मेदवारी हो। कीर्तिपुरका जनतालाई सुखी बनाउने हो। थुप्रै सम्भावना छन्, ती सम्भावनालाई उजागर गर्न, कार्यान्वयन गर्ने मेरो एजेन्डा हो। पूर्वाधारमा श्रमजीवी वर्गको प्रतिनिधित्व र योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रत्येक नागरिकसम्म पुर्‍याउनुछ।

● **प्रदीप विष्ट**, रास्वपा



जनताका गुनासा एपमार्फत सुन्न 'डिजिटल सचिवालय' सञ्चालन गर्ने र विकासको ब्लुप्रिन्टलाई तत्काल कार्यान्वयनमा लैजान 'विज्ञ सल्लाहकार समूह' गठन गर्नेछु। शिक्षा ऐनमै व्यवस्था गरी 'पढ्दै कमाउँदै' नीति लागू गराउन र डिग्रीसँगै हातमा सिप अनिवार्य गर्न लागिपर्नेछु।

काभ्रेमा कम्युनिस्टलाई विरासत जोगाउन चुनौती

दुई निर्वाचन क्षेत्रमा ४२ उम्मेदवार चुनावी मैदानमा

काभ्रेमा **इन्द्रबहादुर थापा**

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि काभ्रेपलाञ्चोकका दुई क्षेत्रमा दल र स्वतन्त्र गरी ४२ जना उम्मेदवार मैदानमा उत्रेका छन्। काभ्रे १ मा कम्युनिस्टलाई आफ्नो विरासत जोगाउने चुनौती छ। यस क्षेत्रमा कांग्रेसबाट गुणराज मोक्तान, एमालेबाट अमित तामाङ, नेपाली कम्युनिस्ट पार्टीबाट दीनानाथ गौतम र राष्ट्रिय स्वतन्त्र पार्टीबाट मधुकुमार चौलागाईं प्रतिस्पर्धामा छन्।

०७९ मा यो क्षेत्रमा कांग्रेस र माओवादीबिच गठबन्धन थियो। माओवादी उम्मेदवार सूर्यमान दोङ विजयी भएका थिए। उनले ३४ हजार ५१२ मतसहित एमाले उम्मेदवार रेशम लामालाई पराजित गरेका थिए। क्षेत्र नम्बर २ मा एमाले उम्मेदवार गोकुल बाँस्कोटा ४५ हजार ३४५ मतका साथ विजयी भएका थिए। उनका प्रतिद्वन्द्वी कांग्रेस उम्मेदवार शिवप्रसाद हुमागाईंले ३९ हजार ४८२ मत प्राप्त गरेका थिए।


एमाले २४ हजार ७९ समानुपातिक मतका साथ पहिलो बनेको थियो। कांग्रेसले २१ हजार ७५५, नेकपा (तत्कालीन माओवादी र एकीकृत समाजवादी) ले १९ हजार ७६४, रास्वपाले नौ हजार ७९४, राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई हजार ४२९ र नेकपा मालेले ४३७ समानुपातिक मत ल्याएका थिए।

क्षेत्र नम्बर २ मा ३४ हजार ७०५ समानुपातिक मतका साथ एमाले पहिलो भएको थियो। कांग्रेसले २६ हजार ५५६, रास्वपाले १६ हजार ८२४, नेकपा (तत्कालीन माओवादी र एकीकृत समाजवादी) ले १४ हजार ६९, राप्रपाले तीन हजार ७९२ र नेमकिपाले एक हजार २९१ मत प्राप्त गरेका थिए।

काभ्रे १ मा एक लाख ६१ हजार एक सय मतदाता छन्। जसअनुसार ९५ वटा मतदानस्थल र १९८ वटा मतदान केन्द्र छन्। नौवटा पालिकामध्ये खानीखोला गाउँपालिकामा १७ हजार २४३, चौँरीदेउराली गाउँपालिकामा १५ हजार ५४५, तेमाल गाउँपालिकामा २२ हजार ९०५, धुलिखेल नगरपालिकामा १३ हजार २६४, नमोबुद्ध नगरपालिकामा १७ हजार ६७६, पनौती नगरपालिकामा २४ हजार २८५, बेथानचोक गाउँपालिकामा १४,८७५, महाभारत गाउँपालिकामा १२ हजार ९२५ जना र रोशी गाउँपालिकामा २४ हजार २९१ जना मतदाता छन्।


काभ्रे २ मा एक लाख ६५ हजार ५११ मतदाता छन्। सातवटा पालिकामध्ये बनेपा नगरपालिकामा ४० हजार ९१०, पाँचखाल नगरपालिकामा ३२ हजार ४०७, मन्डनदेउपुर नगरपालिकामा ३० हजार ४९४, भुम्लु गाउँपालिकामा १८ हजार १५६, पनौती नगरपालिकामा १६ हजार ४२५, धुलिखेल नगरपालिकामा १४ हजार ६६० र बेथनचोक गाउँपालिकामा १२ हजार ४५९ मतदाता छन्। यो क्षेत्रमा ९४ मतदानस्थल र २०२ वटा मतदान केन्द्र छन्। काभ्रेमा एक लाख ६७ हजार ४९९ पुरुष, एक लाख ५९ हजार ११० महिला र अन्य दुईजनासहित तीन लाख २६ हजार ६११ मतदाता छन्। जिल्लामा १८९ मतदानस्थल र चार सय मतदान केन्द्र छन्।

■ काभ्रे १		**■ काभ्रे २**	
मतदाता	१,६१,१००	**मतदाता**	१,६५,५११
महिला	७७,२२६	**महिला**	८१,७८४
पुरुष	८३,७७३	**पुरुष**	८३,७२६
अन्य	१	**अन्य**	१
मतदानस्थल	९५	**मतदानस्थल**	१८९
मतदान केन्द्र	१९८	**मतदान केन्द्र**	४००
उम्मेदवार	१८	**उम्मेदवार**	२४




यस्तो छ दलहरूको दाबी

● **तीर्थ लामा**, सभापति, कांग्रेस काभ्रे




जेन-जी आन्दोलनको मर्मअनुसार कांग्रेस परिवर्तित भई युवालाई नेतृत्व हस्तान्तरण भएको छ। गुणराज मोक्तान र मधु आचार्य कांग्रेसका अब्बल उम्मेदवार हुन्।

● **राजन भुर्तेल**, अध्यक्ष, एमाले काभ्रे



काभ्रेमा एमालेको माहोल उर्लिएकाले दुवै क्षेत्र जित्छौँ। मतदाताको अपेक्षाअनुरूप एमालेले विकास निर्माणको काम हिजो पनि गर्दै आएको र भोलि पनि गर्ने अपेक्षा मतदातामा छ। देश विध्वंस गर्ने र राष्ट्रियताको पक्षमा उभिने शक्तिहरूबिचको प्रतिस्पर्धा भएकाले हाम्रा उम्मेदवारहरूको जित निश्चित छ।

● **भोला अर्याल**, संयोजक, नेकपा काभ्रे



जेन-जीको भावनाको प्रतिनिधित्व नेकपाले मात्र गर्न सक्ने भएकाले काभ्रेको दुवै क्षेत्रमा नेकपाका उम्मेदवारले जित्नेछन्। नेपालको राष्ट्रियता जोगाउन पनि नेकपाले जित्नुपर्छ भन्ने आममत छ।

● **प्रवीण ढकाल**, सभापति, रास्वपा काभ्रे



पुराना पार्टीहरूसँग मतदाताहरू दिक्क भएकाले रास्वपाका उम्मेदवारले जित्ने निश्चित छ। निर्वाचनको समयमा मतदाता भेट्न गाउँ-गाउँ जाने र जितेपछि फर्केर नजाने प्रवृत्तिलाई चिर्न रास्वपाले जित्नुपर्छ भन्ने छ।

पेस्तोलसहित दुईजना पक्राउ

काठमाडौं/ काठमाडौंको चाबहिलबाट दुई व्यक्ति पेस्तोल र लागुऔषधसहित पक्राउ परेका छन्। तनहुँको बन्दीपुर- ७ घर भई काठमाडौंको टोखा बस्ने ७० वर्षीय दिलबहादुर गुरुङ र बन्दीपुर- ४ घर भई बुढानिलकण्ठ बस्ने ५३ वर्षीय टकबहादुर गुरुङलाई लागुऔषध नियन्त्रण ब्युरोले शुक्रबार पक्राउ गरेको हो। नौ एमएमको पेस्तोल र ३०१ ग्राम एम्फेटामाइन (आइसड्रग) सहित उनीहरूलाई पक्राउ गरिएको ब्युरोले जनाएको छ। उनीहरूमध्ये दिलबहादुर विगतमा पनि जेल परेर छुटेका व्यक्ति हुन्।

कामदार चाहीयो
मासुकाट्न जानेको
अनुभबी ३ जना
कामदार चाहीयो।
हात्तीगौडा, काठमाडौं
फोन नं. ९८५१२४५९३०

सानिमा बैंक लि. को जरूरी सूचना !
मिति २०८२ फागुन २१ गते, बिहिबार प्रतिनिधिसभा सदस्य निर्वाचनका दिन सानिमा बैंकका सम्पूर्ण शाखाहरू बन्द रहने ब्यहोरा आदरणीय ग्राहक महानुभावहरूलाई जानकारीका लागि अनुरोध गरिन्छ।
यसबाट ग्राहकवर्गहरूमा पर्न जाने असुबिधा प्रति बैंक क्षमाप्रार्थी छ।
सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

दलितमैत्री निर्वाचन कहिले ?

बदलिँदो परिवेशमा संविधान, कानुन, मानव अधिकार, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी सिद्धान्तलाई आधार मानेर निर्वाचनलाई दलितमैत्री बनाउनु आवश्यक छ



● सुशील बिके

अग्रलेख

अन्ततः देश निर्वाचनको सम्मुखमा आइपुगेको छ। यसअगाडि नेपालमा आठवटा संसदीय निर्वाचन सम्पन्न भइसकेका छन्। तीमध्ये अधिकांश निर्वाचन लोकतन्त्रको आवरणमा कुलीन र सम्भ्रान्त वर्गलाई सत्ताको बागडोर सुम्पन मात्र केन्द्रित रहेको पाइन्छ। राज्यको नीति-निर्माण गर्ने यो उच्च थलोमा लामो समयसम्म समाजका पछि पारिएका वर्ग समुदायको अर्थपूर्ण प्रतिनिधित्व हुन सकेन। अहिले संविधान र कानुनमा समानुपातिक समावेशी सिद्धान्तको हक सुनिश्चित गरिएको भए पनि यसबाट देखावटी प्रतिनिधित्व मात्र हुने गरेको छ। खासमा यस्ता निर्वाचनको दलित तथा सीमान्तकृत समुदायका लागि खास अर्थ देखिँदैन।

यसैले देशको बदलिँदो परिवेशमा संविधान, कानुन, मानव अधिकारका सिद्धान्त, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी सिद्धान्तलाई आधार मानेर निर्वाचनलाई दलितमैत्री बनाउनुपर्ने आवश्यकता छ। यही मान्यताका आधारमा अब दलले यो निर्वाचनलाई दलित, युवा र आमनागरिकले चाहेअनुसार सम्पन्न गर्नुपर्छ। साथै संविधानको प्रभावकारी कार्यान्वयन गरी संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी सिद्धान्त र सामाजिक न्यायलाई संस्थागत गर्ने र सबै वर्ग, समुदाय र क्षेत्रका जनताको अधिकारलाई व्यावहारिक रूपमा सुनिश्चित गरी विकास र समृद्धिमा फड्को मार्ने अवसरका रूपमा ग्रहण गर्नुपर्छ।

■ नेपाली समाजमा दलित

हिन्दू वर्ण तथा जात-व्यवस्थामा आधारित सामन्तवादी एकात्मक राज्यसत्ताका कारण समाजमा सबैभन्दा पछि परेको दलित समुदाय संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि जातीय विभेद, छुवाछुत, हत्याहिंसा, कुटपिट र अपमानका घटनाबाट दिन-प्रतिदिन प्रताडित भएको छ। संविधानको प्रस्तावना, मौलिक हक, राज्यका नीति निर्देशक सिद्धान्तमा दलित हकको व्यवस्था गरिएको, प्रतिनिधिसभाले छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन जारी भएको र नेपालले मानअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिमा हस्ताक्षर गरी अन्तर्राष्ट्रिय तहमा प्रतिबद्धता गरिरहँदा समाजमा दलित समुदायमाथि यो तहको अत्याचार हुनु लज्जास्पद विषय हो।

सबैखाले विभेद, शोषण र वञ्चितीकरणविरुद्ध दलित समुदायले २००४ सालदेखि गर्दै आएको अनवरत संघर्ष, ०६२/६३ को जनआन्दोलन, माओवादीको सशस्त्र संघर्ष र अन्य विभिन्न सामाजिक आन्दोलनले अविभेद, सामाजिक न्याय, समानता र समावेशिताजस्ता विषयलाई संविधानमा स्थापित गरेको भए पनि तिनको कार्यान्वयन हुन सकेको देखिँदैन। संविधानको धारा २४ अनुसार जातीय विभेद तथा छुवाछुत अन्त्य गर्ने, धारा ४० र ४२ अनुसार समानुपातिक प्रतिनिधित्व र भूमि, आवास, रोजगारी, शिक्षा, स्वास्थ्यको सुनिश्चितता गर्नेजस्ता दूरगामी र प्रगतिशील महत्त्वका प्रावधानको कार्यान्वयन हुन सकेन। जसका कारण राज्यका कार्यकारी र नीति-निर्माण गर्ने ठाउँमा दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व हुन सकेन भने राज्यका स्रोतसाधनमा पनि पहुँच पुग्न सकेन। अहिले दलित समुदाय छुवाछुत, शोषण, गरिबी, भोकमरी, अशिक्षा, गम्भीर स्वास्थ्य समस्या, भूमिहीनता, आवासविहीनता, नागरिकताविहीनताजस्ता समस्या भोग्न विवश छन्। दलितले भोगेका यी गम्भीर समस्यालाई संसद्मा विशेष रूपमा उठाउने, नीति र कानुन निर्माण गर्ने तथा सरकारको नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा दलित समुदायका यी सवाललाई सम्बोधन गर्नका लागि दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व आवश्यक हुन्छ। यसका लागि समग्र निर्वाचन दलितमैत्री बनाइनुपर्छ।

■ उम्मेदवारीमा जहिल्यै वञ्चितीकरण किन ?

नेपालमा अहिलेसम्म भएका निर्वाचनको तथ्यांक हेर्दा दलित समुदायले प्रत्यक्षतर्फ उम्मेदवारी पाएको र जितेको अपवाद मात्र छ। २०६४ को संविधानसभा निर्वाचनमा केही अनुहारले प्रत्यक्षतर्फ जिते पनि त्यसयता निरन्तर टिकट पाउने र जित्ने अवस्था अपवादकै रूपमा रहेको छ। देशमा बारम्बार आन्दोलन र परिवर्तन भए पनि दलितको नेतृत्व स्वीकार नगर्ने, सकेसम्म टिकट नदिने, दिए पनि हार्ने ठाउँमा दिने या खोस्ने अवस्था छ। जातिवादी यो मानसिकता जेन-जी आन्दोलनपछिको निर्वाचनमा पनि दोहोरिएको छ। संविधानमा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरिए पनि प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा दलहरूले करिब १४ प्रतिशत जनसंख्या रहेको दलित समुदायबाट १६५ सिटमा काङ्ग्रेसबाट एकजना, एमालेबाट दुईजना, नेपाली कम्युनिस्ट पार्टीबाट दुईजना र रास्वपाबाट दुईजना उम्मेदवार बनाइनुले यही देखाउँछ। समाजको सबैभन्दा पछि परेको र राज्यको मूल प्रवाहमा समाहित गर्नैपर्ने समुदायलाई जातकै आधारमा बारम्बार यसरी वञ्चित गरिनु दुःखद हो।



राज्यको संरचनागत र नीतिगत विभेद र वञ्चितीकरणले बनाएको खाडल पुर्ने लक्ष्यसाथ संविधानमा समानुपातिक समावेशी सिद्धान्तको व्यवस्था गरिएको भए पनि नेताको स्वार्थमा राज्यसत्तामा प्रभाव जमाएका शासक, धनाढ्य र सम्भ्रान्त वर्गले नै समानुपातिक सिटमाथि कब्जा जमाउँदै आएका छन्

त्यसो त प्रत्यक्षतर्फ दलित समुदायले भोग्दै आएको वञ्चितीकरणलाई सम्बोधन गर्न ल्याइएको समानुपातिक सिटलाई समेत दुरुपयोग गरेर विकृत पारिएको छ। समानुपातिक व्यवस्था वञ्चितिमा परेका समुदायलाई नीति-निर्माण गर्ने थलोमा पुऱ्याउन गरिएको विशेष व्यवस्था हो। राज्यको संरचनागत र नीतिगत विभेद र वञ्चितीकरणले बनाएको खाडललाई पुर्ने लक्ष्यसाथ संविधानमा समानुपातिक समावेशी सिद्धान्तको व्यवस्था गरिएको भए पनि नेताको स्वार्थमा राज्यसत्तामा प्रभाव जमाएका शासक, धनाढ्य र सम्भ्रान्त वर्गले नै समानुपातिक सिटमाथि कब्जा जमाएका छन्। अहिलेसम्म दलित समुदायमाथि हुँदै आएको यस खालको राजनीतिक विभेद र वञ्चितीकरणलाई रोक्नकै लागि पनि दलितमैत्री निर्वाचन आवश्यक देखिन्छ।

> देशमा बारम्बार आन्दोलन र परिवर्तन भए पनि दलितको नेतृत्व स्वीकार नगर्ने, सकेसम्म टिकट नदिने, दिए पनि हार्ने ठाउँमा दिने या खोस्ने अवस्था छ। जातिवादी यो मानसिकता जेन-जी आन्दोलनपछिको निर्वाचनमा पनि दोहोरिनु विडम्बना हो।

■ दलितमैत्री निर्वाचनको अवधारणा

२०१५ सालदेखि अहिलेसम्म आठवटा निर्वाचन सम्पन्न भएका छन्। तर, ती निर्वाचन फगत लोकतन्त्रको आवरण उजिल्याउन भए। भुइँतहका वञ्चितिमा परेका नागरिकले न उम्मेदवार बन्न पाए, न उनीहरूका मुद्दा नै उठे। सबैभन्दा विडम्बनाको कुरा त उनीहरूले संघीय लोकतान्त्रिक गणतन्त्रमा समेत स्वतन्त्र रूपले उम्मेदवार बन्न र आफूले इच्छाएका व्यक्तिलाई मतदान गर्न पाउँदैनन्। मधेश, सुदूरपश्चिम, कर्णाली र कतिपय दुर्गम ठाउँका दलित, गरिब र विपन्नले डर, त्रास र प्रलोभनका कारण स्वतन्त्र रूपमा मतदान गर्न पाउँदैनन्। अपवादका रूपमा निर्वाचित भएर संसद्मा पुगेका दलित नेताले धक फुकाएर समुदायका सवाल संसद्मा उठाउने वातावरण बनेको पाइँदैन। यसैले हरेक निर्वाचन दलित समुदायका लागि कागलाई बेल पाक्दा हर्ष न विस्मात्जस्तै भएका छन्। अहिलेसम्मका निर्वाचनको अध्ययन र सिकाइपश्चात् परिवर्तित परिवेशमा निर्वाचनलाई दलितमैत्री बनाउन केही सर्त अगाडि सारिएका छन्। यी सर्त पूरा भएको खण्डमा मात्र त्यो निर्वाचन दलितमैत्री भएको मान्न सकिन्छ। अर्थात्, त्यो निर्वाचन लोकतन्त्रको परिभाषामा उत्तीर्ण भएको ठहरिनेछ भने दलितमैत्री नभएको निर्वाचन असफल भएको मानिनेछ।

दलितमैत्री निर्वाचनका निम्न सर्त छन्, एक- निर्वाचनमा दलहरूले उम्मेदवार चयन गर्दा प्रत्यक्षतर्फ पनि समानुपातिक उम्मेदवार तयार गरी विजयी बनाउने र प्रत्यक्ष र समानुपातिक दुवैतर्फ गरी न्यूनतम १४ प्रतिशत दलित प्रतिनिधित्वको सुनिश्चिता। दुई, घोषणापत्र तयारी समितिलाई समावेशी बनाई दलित समुदायले उठाएका सवाललाई घोषणापत्रमा समावेश। तीन- दलित समुदायलाई विभेद गर्ने पार्टी, नेता र उम्मेदवारकेन्द्रित 'विभेद, नो भोट' अभियानप्रति ऐक्यबद्धता। चार, हरेक पार्टी र उम्मेदवारलाई दलित समुदायले उठाएका सवाल आत्मसात् गर्न र व्यवहारमा उतार्ने वातावरण तयार गर्ने र विभेदमा आरोपित व्यक्तिलाई उम्मेदवार नबनाउने सुनिश्चितता। पाँच- दलित समुदायलाई कुनै पनि किसिमको डर, त्रास नदेखाई, प्रलोभनमा नपारी, स्वतन्त्र रूपमा मतदान गर्ने वातावरणको सुनिश्चितता। छ- निर्वाचनपश्चात् घोषणापत्रको कार्यान्वयनका लागि प्रभावकारी पहल। यी ६ वटा बुँदालाई न्यूनतम रूपमा पालना गरिएको निर्वाचनलाई मात्र दलितमैत्री मान्न सकिन्छ।

यहाँनेर प्रश्न उठ्छ, के दलहरू निर्वाचनलाई दलितमैत्री बनाउन तयार छन् त ? अर्को प्रश्न दलित समुदायप्रति पनि लक्षित छ। के दलितहरू निर्वाचनलाई दलितमैत्री बनाउन प्रतिबद्ध हुने दल र उम्मेदवारलाई मात्र मतदान गर्न राजी छन् त ? यदि दल र दलित समुदाय निर्वाचनलाई दलितमैत्री बनाउन सफल भए भने मात्र देशमा लोकतन्त्र, गणतन्त्र, संघीयता र समानुपातिक सिद्धान्तले संस्थागत र विकासको अवसर प्राप्त गर्नेछ। अहिलेको संविधान पनि दिगो हुन सक्नेछ। अन्यथा, निर्वाचन केवल नाममा मात्र सीमित हुनेछ।

अन्त्यमा, यो निर्वाचनलाई जेन-जीका माग पूरा गर्ने वा लोकतान्त्रिक विधि पूरा गर्ने एक थान निर्वाचनका रूपमा मात्र लिने काम गरियो भने यसले नेपाली समाजमा रहेका अन्तरविरोधको समाधान गर्न सक्दैन। जेन-जी आन्दोलनको पृष्ठभूमिमा हुन लागेको यो निर्वाचनले जात, धर्म, लिंग, भूगोल र वर्गका नाममा हुने गरेका विभेद र वञ्चितीकरणको अन्त्य गरी समाजलाई अग्रगामी रूपान्तरणतर्फ अग्रसर गराउन सक्नुपर्छ। यस अर्थमा यो निर्वाचन दलितमैत्री बन्न सक्नुपर्छ। दलितमैत्री निर्वाचनका लागि परिवर्तनको नारा लगाएका जेन-जीलगायत युवा, सरकार र राजनीतिक दल गम्भीर बन्नु अनिवार्य छ।

(विके दलितमैत्री निर्वाचन राष्ट्रिय अभियानका अभियन्ता हुन्)

---

३ प्रश्न

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष **डा. मीनबहादुर श्रेष्ठ**लाई



कुनै पनि निर्वाचनले देशको अर्थतन्त्रमा कस्तो प्रभाव पार्छ ?

कुनै पनि निर्वाचनले तत्काल देशमा खपत बढाउँछ। शिथिल अर्थतन्त्रलाई चलायमान गराउँछ। निर्वाचनले सबैभन्दा बढी यातायात क्षेत्रमा सकारात्मक प्रभाव पार्छ। होटेल, रेस्टुरेन्टको आर्थिक क्रियाकलापमा पनि सकारात्मक प्रभाव पर्छ। किसानको उत्पादनले राम्रो बजार पाउँछ। निर्वाचन प्रचारप्रसार सामग्री तयार गर्ने व्यक्ति तथा संस्थाको व्यापारमा पनि यसले सकारात्मक गति दिन्छ। समग्रमा हेर्दा निर्वाचनले देशको अर्थतन्त्रलाई नै गतिशील गराउँछ।

निर्वाचन सम्पन्न भइसकेपछि चाहिँ अर्थतन्त्रमा त्यसको असर कति रहन्छ ?

निर्वाचनले दीर्घकालका लागि पनि अर्थतन्त्रलाई 'बुस्ट' गर्छ। निर्वाचनपछि जुनसुकै दलको सरकार आए पनि त्यसले आर्थिक वातावरणमा सकारात्मक प्रभाव पार्छ। लगानीमैत्री वातावरण निर्माण हुन्छ। तर, आर्थिक क्रियाकलाप बढेर बजारमा डिमान्ड बढेपछि मूल्यवृद्धि हुन्छ। यसले मुद्रास्फीति दर भने केही बढ्छ।

निर्वाचनको परिणामले अर्थतन्त्रको भावी दिशा निर्धारणमा कस्तो प्रभाव पार्छ ?

निर्वाचनले देशको अर्थतन्त्रमा प्रभाव त पार्छ नै। अन्य समयको भन्दा यसपटकको निर्वाचन फरक परिवेशमा हुन लागिरहेको छ। २३ र २४ भदौको जेन-जी आन्दोलनले भ्रष्टाचार अन्त्य, सुशासन र रोजगारीको माग गरेको थियो। त्यसैले, अब जुन-जुन दलको गठबन्धनबाट सरकार बने पनि तिनले भ्रष्टाचार नियन्त्रण, सुशासन र रोजगारी सिर्जनाका क्षेत्रमा काम देखाउनैपर्ने बाध्यता छ। जेन-जी आन्दोलनले देखाएको निराशा चिर्न र आफूहरूमाथि लागेको दाग धोइपखाली गर्न पनि अबका दिनमा आउने सरकारले अर्थतन्त्र सुधारका दिशामा महत्त्वपूर्ण काम नदेखाई सुख छैन। कम्तीमा पनि नयाँ सरकार बनेको पहिलो वर्षमा देशको अर्थतन्त्र 'रिट्र्याकिङ'मा जाने निश्चित छ।

प्रेरक प्रसंग

जहिल्यै प्रयास गर

डगलस बेडर रोयल एयर फोर्समा पाइलट थिए। एकपटक हावामा आफ्नो विमानलाई कावा खुवाउँदै गर्दा त्यो दुर्घटनाग्रस्त भयो। उनका दुवै खुट्टा काटिए। एउटा घुँडामाथि र अर्को घुँडामुनि। बिस्तारै जब बेडरको अवस्थामा सुधार भइरहेको थियो, तब उनको एक युवतीसित प्रेम हुन पुग्यो। उनले तिनै युवतीसित विवाह गरे। पूर्णतः ठिक भएपछि उनले नक्कली खुट्टा लगाएर फ्लाइट टेस्ट पास गरेर देखाए। तर, उनलाई उनको इच्छाविपरीत फोर्सबाट रिटायर गराइयो।

सन् १९३९ मा द्वितीय विश्वयुद्ध सुरुवात भएपछि उनलाई फोर्समा पुनः पाइलटका रूपमा सामेल गरियो। उनी नक्कली खुट्टा लगाएर लडाकु विमान उडाउने इतिहासकै पहिलो पाइलट बने। अघिल्लो वर्ष उनले विरोधीका २६ विमान खसालिदिए। १९४१ मा उनले फ्रान्समा जबर्जस्ती उत्रिनुपऱ्यो। जर्मन सैनिकले उनलाई पक्रियो। उनी ठिक ढंगले हिँड्न पनि सक्दैनथे। तर, उनले जर्मनीको नियन्त्रणबाट भाग्ने कैयौं प्रयास गरे। अन्ततः १९४५ मा युद्धको सपाप्तिसँगै अमेरिकी सेनाले उनलाई स्वतन्त्र गरायो। डगलसले त्यतिखेरसम्म विमान उडाइरहे, जबसम्म उनको स्वास्थ्यले उनलाई अनुमति दियो। उनलाई डिसेबल्ड समुदायप्रतिको सेवाका लागि 'नाइट' उपाधिले सम्मानित गरियो।



यहाँनिर प्रश्न उठ्छ कि मानिसहरू किन फेल हुन्छन् ? मानिसहरू तब फेल हुन्छन्, जब उनीहरूले प्रयास गर्न छाडिदिन्छन्। जो मानिसका दुवै खुट्टा काटिएका थिए, उनले विमान उडाए, किनकि, उनले प्रयास जारी राखे। जो मानिसका खुट्टा काटिएका थिए उनले शत्रुको कब्जाबाट भाग्न कैयौं उपाय गरे, किनकि उनले प्रयास छाडेनन्। हामी उनको कथा जहिल्यै सम्झिरहनेछौं, किनकि उनले जहिल्यै प्रयास गरिरहे। मानिस तब फेल हुन्छन्, जब उनीहरूले प्रयास गर्न छाडिदिन्छन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

लेख मन पऱ्यो

१५ फागुनको 'कसरी छान्ने नयाँ र पुराना दल' शीर्षकको लेख समग्रमा ठिक लाग्यो। यतिखेर देशमा चुनावमय वातावरण रहेको छ। समाज भने नयाँ र पुराना दल कुन आवश्यक भन्ने विचारमा विभाजित रहेको पाइन्छ। साथै दलका घोषणापत्र पनि सोहीअनुरूप छन्। घोषणापत्रमा रहेका प्रतिबद्धता/वाचाहरू स्थानीय किराना पसल तथा अनलाइन प्लाटफार्ममार्फत पाइने सामानसरह छन्। सबैले आ-आफ्नै ढंगले विज्ञापन गरेका छन्। अनलाइन प्लाटफार्मका सामान आकर्षक छन् भने स्थानीय किराना पसलका सामान ओझेलमा परेका छन्। पुरातन विधिमा मात्र सीमित रहे पनि तिनै विश्वसनीय हुन्छन्। सोहीअनुरूप मनन गरी २१ फाल्गुनका चुनावमा योग्य दल र उम्मेदवार छनोट गरौं।

● **द्रोण लुइँटेल,** उर्लाबारी- ७, मोरङ
taranidhiluitel@)@!@gmail.com

संयमित भई होली खेलौं

आज देशका पहाडी भूभागमा रंगहरूको पर्व होली मनाइँदै छ। होली रंगहरूको मात्र नभई यो आपसी, माया, प्रेम र सद्भावको पर्व पनि हो। होली आपसमा मिलेर रमाइलो गरिने पर्व हो। हामी सबैले संयमित भई हर्षोल्लासपूर्वक होली मनाउनुपर्छ। कसैलाई पनि होली पर्वका नाममा जबर्जस्ती रङ तथा पानी छ्याप्ने, लोला प्रहार गर्नेजस्ता कार्य कुनै हालतमा गर्नुहुँदैन। त्यसैले, संयमित भई होली खेलौं।

● **सुमंगला पुन,**
बाटुलेचौर, पोखरा

नेपालीको सुरक्षामा ध्यान देऊ

यतिखेर अरब भूमि विनाशकारी युद्धको चपेटामा परेको छ। यो युद्ध किन र कसले सुरु गऱ्यो, त्यसको लेखाजोखा सायद भविष्यले नै गर्दै गर्ला। तर, तत्कालका लागि नेपाल सरकारको ध्यान अरब भूमिमा पसिना बगाएर खर्बौंको रेमिट्यान्स पठाएर देश चलाउन सघाउँदै आएका नेपालीको सुरक्षातर्फ केन्द्रित हुनुपर्छ। यसका लागि नेपाल सरकारले आफ्ना दूतावास तथा कूटनीतिक क्षमता प्रयोग गरी नेपालीबारे तत्काल सूचना सार्वजनिक गर्नुपर्छ।

● **अनुभूत अधिकारी,**
विदुर- ४, नुवाकोट

सद्भाव र रंगको पर्व होली

होली सद्भाव र रंगको पर्व हो। असत्यमाथि सत्यको विजयको खुसियालीमा हामी प्रत्येक वर्ष होली पर्व मनाउँछौं। एक-आपसमा रमाइलो गरेर, मिलेर हामीले हरेक वर्ष होली खेल्दै आएका छौं। होलीका नाममा अरूको इच्छाविपरीत कसैलाई पनि पानी छ्याप्ने, लोलाले हान्ने, कुनै रंग, अबिर आदि लगाउने गर्नुहुँदैन। तर, अहिले होलीमा पनि विकृति फैलिएको छ। केही युवा जमात मदिरा सेवन गरेर उच्छृंखल भई कसैको इच्छाविपरीत फोहोर पानी छ्याप्ने, स्वास्थ्यका लागि हानिकारक हुने रंग प्रयोग गरेर होली खेल्ने गरेको पाइन्छ। जसले गर्दा आपसमा झैझगडा हुनेसमेत गरेको पाइन्छ।

विगतमा पनि होलीका कारण झगडा भई हत्यासमेत भएका घटना समाचारमा आउने गर्थे। जथाभावी रूपमा मदिरा सेवन गरेर होली खेल्दा सडक दुर्घटनामा परी अकालमा आफैंले ज्यान गुमाउनुपर्ने पनि हुन सक्छ। एकछिनको रमाइलोले गर्दा पछि कसैले पनि पछुताउन नपरोस्। फेरि यसपटकको माहोल पहिलेभन्दा फरक पनि छ। प्रतिनिधिसभा निर्वाचन सँघारमै छ। होलीको दुई दिनपछि निर्वाचन हुँदै छ। जेन-जी युवाको ठुलो बलिदानपछि हुन गइरहेको यो निर्वाचन हामी सबै नेपालीले मिलेर शान्तिपूर्ण रूपमा सफल बनाउनुपर्छ।

त्यसैले, होलीका नाममा हामी कसैले पनि समाजमा विकृति नफैलाऔं। हामीले एक-आपसमा सौहार्दतापूर्वक होली खेली आफ्नो संस्कृति र परम्परालाई सधैं जगेर्ना गरौं।

● **अच्युत 'उत्सुक' प्रधान,** बालुवाटार, काठमाडौं
achutpradhan@yahoo.com

इरानमाथिको आक्रमणले इजरायललाई फाइदा

इजरायलले दुई दशकदेखि नै अमेरिकालाई इरानमाथि आक्रमणका लागि दबाब दिँदै आएकामा ट्रम्पले उसको इच्छा पूरा गरिदिएका छन्



देश/विदेश

● अली हार्ब

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत वर्ष मेमा मध्यपूर्वको भ्रमणका क्रममा अरबी देशका राष्ट्रप्रमुखअगाडि उभिए, त्यस भेगमा अमेरिकी विदेश नीतिको नयाँ युगको घोषणा गरेका थिए। यसअन्तर्गत भविष्यमा यस भेगलाई पुनः आकार दिने वा यहाँका शासन प्रणाली परिवर्तन गर्ने प्रयास नगरिने उनले वाचा गरेका थिए। 'कथित राष्ट्र-निर्माणका नाममा गरिने कारबाहीले निर्माणभन्दा धेरै राष्ट्रलाई ध्वस्त पारे। हस्तक्षेपकारीले आफैंले नबुझेको जटिल समाजमा हस्तक्षेप गरेर गल्ती गरे,' राष्ट्रपति ट्रम्पले आफूअघिका अमेरिकी राष्ट्रपतिका कारबाहीको आलोचना गर्दै भनेका थिए।

तर, सो घोषणाको एक वर्ष पनि नबित्दै ट्रम्पले इरानलाई 'स्वतन्त्र' बनाउने लक्ष्यका साथ पूर्णस्तरको सैन्य अभियानको आदेश दिएका छन्। विगतमा आफ्नो राजनीतिक करिअर नै पूर्वराष्ट्रपति जर्ज डब्लु बुसजस्ता हस्तक्षेपकारी नेताको विरोध गरेर बिताएका ट्रम्प आफैं तिनकै लाइनमा उभिन पुगेका छन्। विश्लेषकहरू पनि इरानमाथिको पछिल्लो युद्ध ट्रम्पका घोषित राजनीतिक विचारधारा, नीतिगत लक्ष्य वा चुनावी वाचाअनुरूप मेल नखाने बताउँछन्। ट्रम्पले इजरायलसँग मिलेर युद्ध गरिरहेका छन्। धेरै इरानविज्ञ यस युद्धबाट अमेरिकालाई भन्दा इजरायल र यसका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई फाइदा पुग्ने औंल्याइरहेका छन्।

'यो फेरि पनि इजरायलको दबाबमा अमेरिकाले सुरु गरेको युद्ध हो। अर्थात्, यो अमेरिकाले इजरायलको पक्षमा लडेको अर्को इजरायली युद्ध हो। इजरायलले दुई दशकदेखि नै अमेरिकालाई इरानमाथि आक्रमण गर्न दबाब दिँदै आएको छ। अहिले आएर ट्रम्पले तिनको इच्छा पूरा गरिदिएका छन्,' वासिंटन डिसीस्थित 'सेन्टर फर इन्टरनेसनल पोलिसी'की वरिष्ठ फेलो नेगर मोर्तजावीले भनिन्, 'यो कति विडम्बनापूर्ण छ भने जुन व्यक्ति (ट्रम्प)ले राजनीति नै बाह्य देशमा युद्ध गर्न हुँदैन भनेर विकास गऱ्यो र जसले आफूलाई निरन्तर 'शान्तिका दूत'का रूपमा सम्बोधन गर्छ, अहिले ऊ आफैंले यति ठुलो युद्ध सुरु गरेको छ।'

सन् २००३ मा पनि इराकमाथि अमेरिकी आक्रमणलाई प्रोत्साहित गरेका नेतान्याहुले त्यसयता निरन्तर दुई दशकभन्दा बढी समय इरानले जुनसुकै वेला आणविक हतियार प्राप्त गर्न सक्ने चेतावनी दिँदै आएको देखियो। इरान आफैंले भने आफ्नो आणविक अनुसन्धान बम विकासका लागि नभएको भन्दै आएको छ। ट्रम्प प्रशासनभित्रकै अधिकारीले पनि तेहरानले गरिरहेको युरेनियम पदार्थको संवर्द्धन आणविक हतियार निर्माणका लागि भएको भन्ने कुनै प्रमाण नरहेको बताउन थालेका थिए।

गत वर्ष जुन महिनामा भएको १२ दिने युद्धमा अमेरिकाले इरानका प्रमुख आणविक प्रशोधन केन्द्रमाथि बम आक्रमण गरेको थियो। त्यसपछि ट्रम्पले तेहरानको आणविक कार्यक्रम पूर्णतः 'नष्ट' भएको बताउने गर्थे। त्यसपछि नेतन्याहुले इरानबाट नयाँ खतराको डर देखाउन थाले। तेहरानले लामो दूरीको ब्यालिस्टिक मिसाइलसमेत बनाइरहेको इजरायलले दाबी गऱ्यो। लगत्तै ट्रम्पले सो दाबी दोहोऱ्याउन थाले। तथापि, तेहरानले भने लामो दूरीको ब्यालेस्टिक मिसाइल विकास गरेको आरोप अस्वीकार गरेको छ।



त्यस्तै, कुनै पनि कुनै सार्वजनिक प्रमाण वा परीक्षणले पनि इजरायली दाबीलाई समर्थन गर्दैन।

गत वर्ष जारी अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिले वासिंटनको विदेश नीतिमा मध्यपूर्वलाई प्राथमिकता कम गर्दै जाने र पश्चिमी गोलार्धमा ध्यान केन्द्रित गर्ने बताएको थियो। यसबिच, इराक र अफगानिस्तानको युद्धमा नराम्रो परिणाम भोगेपछि बाह्य देशमा हुने द्वन्द्वप्रति नकारात्मक आमअमेरिकी जनताले पनि इरानसँगको युद्धविरुद्ध रहेको जनमत सर्वेक्षणले देखाएको छ। मेरील्यान्ड विश्वविद्यालयले भर्खरै गरेको सर्वेक्षणमा केवल २१ प्रतिशत उत्तरदाताले मात्र इरानसँग युद्ध सही भएको बताएका थिए, बाँकी सबै विरोधमा देखिए। आमजनमतलाई साम्य पार्न नै ट्रम्प प्रशासनले यसै महिनाको सुरुमा तेहरानसँग कूटनीतिमा संलग्न सुरु गरेका थिए। त्यतिवेला द्वन्द्वको सम्भावना घटेको महसुस भएको थियो। अमेरिका र इरानी वार्ताकारले तीन चरणको वार्तापछि तेहरानले आफ्नो आणविक कार्यक्रमको निरीक्षण गर्न सहमति जनाएको थियो। बिहीबार भएको तेस्रो चरणको अन्तिम वार्तामा ओमानी मध्यस्थकर्ता र इरानी अधिकारीले वार्ता सकारात्मक दिशामा बढेको बताएका थिए। तर, त्यसपछि एक्कासि आक्रमण भएको छ।

'नेतन्याहुको एजेन्डा सधैं कूटनीतिक प्रयासमा भाँजो हाल्नु रहेको छ। उनलाई पछिल्लो समय ट्रम्प साँच्चै नै सम्झौताप्रति गम्भीर भएका हुन् कि भन्ने चिन्ता छ। त्यसैले, वार्ता चलिरहेको समयमा युद्ध भड्किनु नेतन्याहुको सफलता हो। यसअघि जुनमा पनि वार्ताबिच इरानमाथि आक्रमण गरिएको थियो,' नेसनल इरानियन अमेरिकन काउन्सिल (एनआइएसी)का अध्यक्ष जमाल अब्दीले भने, 'ट्रम्पले अहिले इरानको सत्ता परिवर्तनको पक्षमा बोल्न थाल्नु नेतन्याहुका लागि थप जित हो। तर, अमेरिकी जनताको भने यसमा हार हुनेछ। किनकि, यसले अमेरिकालाई ठुलो धनजनको क्षति हुने लामो युद्धमा फसाउन सक्छ।'

हार्ब वासिङटन डिसीमा बसेर अमेरिकी विदेश नीति, अरब-अमेरिकी मुद्दा, नागरिक अधिकार र राजनीति विषयमा लेख्छन्)

अलजजिराबाट

खामेनीको हत्यापछि इरानको इस्लामिक शासन ढल्छ ?



● मोहम्मद मन्सुर
(मन्सुर अलजजिराका स्तम्भकार हुन्)



सैन्यविज्ञ र राजनीतिक समाजशास्त्रीको विश्लेषण हेर्दा शीर्ष नेतृत्वको हत्याले मात्रै इरानमा पश्चिमले कल्पना गरेजस्तो वर्तमान शासन व्यवस्था ढल्न गाह्रो देखिन्छ। बरु अस्तित्व बचाउने अन्तिम संघर्षमा सम्पूर्ण व्यवस्था नै सैन्यीकृत प्रणालीमा बदलिन सक्ने खतरा छ।

अमेरिका र इजरायलले सञ्चालन गरेको संयुक्त हवाई आक्रमणमा इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनी मारिए। उनको हत्यालाई सन् १९७९ को इस्लामिक क्रान्तिपछि देशको नेतृत्वलाई सबैभन्दा महत्त्वपूर्ण धक्काका रूपमा हेरिएको छ। इरानको दोस्रो सर्वोच्च नेता खामेनीको हत्यालगत्तै उनका समर्थकहरू सडकमा निस्किएर विरोध प्रदर्शन गरिरहेका छन्। अमेरिकासँग नजिक रहेका राजा मोहम्मद रेजा पहलवीलाई अपदस्थ गर्ने इस्लामिक क्रान्तिको नेतृत्व गरेका अयातोल्लाह रुहोल्लाह खोमेनीको मृत्युपछि अली खामेनी सर्वोच्च नेता चुनिएका थिए।

देशको सर्वोच्च नेताको मृत्युबारे प्रतिक्रिया दिने क्रममा आइतबार इरानी राष्ट्रपति मसुद पेजेस्कियानले शीर्ष नेतृत्वको हत्याको बदला लिनु देशको 'कर्तव्य र वैध अधिकार' भएको बताए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हाल चलिरहेको सैन्य अपरेसनलाई 'मुक्ति'को क्षणको रूपमा प्रस्तुत गरेका छन्। उनले वर्तमान शासन व्यवस्थाको 'शिर छेदन' गरिएपछि शरीर द्रुत पतन हुने भविष्यवाणी गरेका छन्। यद्यपि, इरानको वास्तविकताले धेरै जटिल अवस्थाको संकेत गर्छ।

भित्रका व्यक्तिहरू, सैन्यविज्ञ र राजनीतिक समाजशास्त्रीको विश्लेषण हेर्दा शीर्ष नेतृत्वको हत्याले मात्रै इरानमा पश्चिमले कल्पना गरेजस्तो वर्तमान शासन व्यवस्था ढल्न गाह्रो हुने देखाउँछ। बरु आफू अस्तित्व बचाउने अन्तिम संघर्षमा रहेको ठानेर सम्पूर्ण व्यवस्था नै सैन्यीकृत प्रणालीमा बदलिन सक्ने खतरा पनि छ।

■ 'शिरच्छेदन'नीतिको सीमा

अहिले अमेरिकाले इरानमा चलाएको सैन्य अभियान मुख्यतः सर्वोच्च नेताको मृत्युपछि वर्तमान व्यवस्था सहजै ढल्ने विश्लेषणका आधार चलेको देखिन्छ। 'सिबिएस न्युज'सँगको फोन अन्तर्वार्तामा ट्रम्पले तेहरानको सम्पूर्ण निर्णयप्रक्रिया कोबाट चल्छ भन्ने बारेमा आफूलाई 'राम्रोसँग थाहा भएको' बताउँदै सर्वोच्च नेताको स्थानमा प्रतिस्थापन गर्न सक्ने 'केही राम्रा उम्मेदवारहरू रहेको' बताएका थिए। तथापि, यस सम्बन्धमा उनले थप विवरण बताएनन्। यद्यपि, सैन्य विश्लेषकहरूले हवाई आक्रमणले मात्र 'शासन परिवर्तन' हुन गाह्रो हुने चेतावनी दिएका छन्। यस्तै, विचार पूर्वअमेरिकी उपरक्षामन्त्री माइकल मुलरोयको पनि छ। अमेरिकी सेना इरानी भूमिमा नटेकेसम्म वा इरानीहरूले पूर्णस्तरको सैन्य विद्रोह नगरेसम्म इरानी सुरक्षा संयन्त्र सबल रहने मुलरोयले बताए।

इरानको सैन्य सबलता यसको दोहोरो सैन्य संरचनामा निहित छ। खामेनी नेतृत्वको शासनलाई नियमित सेना (जसलाई आर्तेस भनिन्छ) ले मात्र सुरक्षा दिँदैन। इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प्स(आइआरजिसी) नामको एक शक्तिशाली समानान्तर सैन्य बल पनि नेतृत्वको सुरक्षामा तैनाथ छ। यो संवैधानिक बल 'भिलायत-ए-फकिह' नामको प्रणालीको रक्षार्थ हरदम खटिएको हुन्छ। तिनलाई पछाडिबाट बासिज नामको विशाल अर्धसैनिक स्वयंसेवक मिलिसियाले साथ दिइरहेको हुन्छ। हरेक वस्तीमा यसको एकाइ गठन गरिएको छ। बासिज देशभित्रको आन्तरिक विद्रोह दबाउन र सत्ताप्रति वैचारिक बफादार कायम राख्न प्रशिक्षित छ।

इरानी सैन्यबलबिचको एकताको अहिले परीक्षण भइरहेको छ। पहिलो दिनकै आक्रमणमा सबैजसो सुरक्षा बलहरूका मूल नेतृत्व मारिएको देखिएको छ। देशको नेतृत्व लिन अन्तरिम नेतृत्व परिषद् गठन भइसकेको छ। आइतबार राष्ट्रपति, न्यायपालिका प्रमुख र अभिभावक परिषद्का एक धार्मिक नेता सम्मिलित परिषद्ले अर्को सर्वोच्च नेता नचुनिएसम्मका लागि जिम्मेवारी लिँदैछन्। रोयवरनका अनुसार, इरानको वर्तमान शासन प्रणाली व्यक्तिकेन्द्रित नभई शासन टिकाउने हिसाबले डिजाइन गरिएको छ। यस्तोमा मूल नेता मारिए पनि शासन अधि बढ्न सक्षम रहेको उनले बताए।

> अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हाल चलिरहेको सैन्य अपरेसनलाई 'मुक्ति'को क्षणको रूपमा प्रस्तुत गरेका छन्। उनले वर्तमान शासन व्यवस्थाको 'शिर छेदन' गरिएपछि शरीर द्रुत पतन हुने भविष्यवाणी गरेका छन्। यद्यपि, इरानको वास्तविकताले धेरै जटिल अवस्थाको संकेत गर्छ।

तेहरानमै बस्ने अर्का एक विश्लेषकले भने कि इरानी नेताहरूले शासन 'स्थिर' रहेको देखाउने प्रयास गरे पनि आगामी दिशा भने स्पष्ट नभएको बताए। 'यहाँका अधिकारीहरूले स्थिति नियन्त्रणमा रहेको राज्य प्रभावकारी रूपमा काम गरिरहेका जोड दिँदै स्थिरता प्रक्षेपण गर्ने प्रयास गरिरहेका छन्,' सेन्टर फर मिडल इस्ट स्ट्राटिजिक स्टडिजका वरिष्ठ अनुसन्धान फेलो आबास अस्लानीले भने, 'तर अमेरिका-इजरायलले राजधानी तेहरान र अन्य सहरका सुरक्षा र सैन्य पूर्वाधारलाई लक्षित गरिरहेका छन्। यो अझै कैयौं दिन चल्न सक्छ। यस्तोमा अगामी दिन फरक हुन सक्छ।'

■ जसरी पनि शासन जोगाउने संघर्ष

अमेरिका-इजरायलको आक्रमणले सम्भवतः तत्काल सबैभन्दा महत्त्वपूर्ण परिवर्तन धार्मिक शासनमा भन्दा अस्तित्व जोगाउने राष्ट्रवादतर्फको मोड हुनेछ। सर्वोच्च नेताको मृत्युले जनसंख्याको केही हिस्सासँगको आध्यात्मिक सम्बन्ध टुट्ने कुराप्रति सचेत इरानी अधिकारीले युद्धलाई धर्मरक्षाका रूपमा नभई इरानको क्षेत्रीय अखण्डताको रक्षाको रूपमा पुनर्व्याख्या गरिरहेका छन्।

जस्तो आक्रमणलगत्तै धार्मिक नेतामाथ प्रशावशाली मानिने लारीजानीले जारी गरेको चेतावनीमा इजरायलको अन्तिम लक्ष्य देशलाई 'टुक्राउने' रहेको भनिएको छ। उनले इरानका जातीय अल्पसंख्यकको बहुमत रहेको क्षेत्रहरूलाई टुक्र्याइने डर देखाए। देश टुक्रिन डरमार्फत नेतृत्वले देशका धर्मनिरपेक्ष नागरिक र वर्तमान शासनविरोधीहरूलाई एकताबद्ध गर्न खोजेको देखिन्छ। अर्थात् यो साझा बाह्य शत्रुविरुद्ध देशलाई एकताबद्ध बनाउने प्रयास हो।

यो रणनीति सफल भयो भने वर्तमान शासनविरुद्ध जनविद्रोह उठ्ने अमेरिकी आशामाथि तुषारापात हुनेछ। खामेनीको हत्यापछि सरकारको ४० दिने शोक घोषणा आफैंमा सत्ताविरुद्ध पासो हुन सक्ने राजनीतिक समाजशास्त्री सलेह अल-मुतैरीले औंल्याए। शोकको समयमा सडकहरू लाखौं शोकाकुल नागरिक उत्रिन सक्छन्, जसले कुनै पनि सरकारविरोधी प्रयासलाई अवरोध सिर्जना गर्नेछ।

■ 'रणनीतिक धैर्य'को अन्त्य

यदि इरानको वर्तमान शासन सुरुमा देखिन सक्ने झट् कामा टिक्न सफल भयो भने पनि त्यसपछि उठ्ने राष्ट्र भन्न हिंसात्मक हुनेछ। जुन पहिलेभन्दा कम सतर्क र बढि हिंसात्मक हुनसक्छ। वर्षौंसम्म, खामेनीले 'रणनीतिक धैर्य'को सिद्धान्तको समर्थन गरे। त्यसले पूर्ण युद्धबाट बच्ने कुरामा जोड दिन्थ्यो। तेहरान विश्वविद्यालयका प्राध्यापक हसन अहमदियानले पनि इरानमा संयमताको युग सर्वोच्च नेतासँगै अवसान भएको बताए।

'यसअघि जुन २०२५ को युद्धबाट इरानले एक कठोर पाठ सिक्यो : संयमलाई कमजोरीको रूपमा व्याख्या गरिएको रहेछ। त्यसवेलादेखि देशमाथि पुनः आक्रमण भए इरानले सबै कुरा जलाउने 'स्कोर्च अर्थ' नीति लिनुपर्ने बहस सुरु भएको थियो,' अहमदियानले भने। नयाँ परिदृश्यमा संयमतामा जोड दिने धर्मगुरु नेतृत्व नभएको अवस्थामा क्षेत्रीय कमान्डर थप कठोर आक्रमण गर्न प्रेरित हुन सक्छन्।

खामेनीको हत्यामा गम्भीर गुप्तचर चुक देखिएकाले इरानको सुरक्षा प्रतिष्ठानलाई अपमानित गरेको छ। सेन्टर फर स्टडिजका वरिष्ठ अनुसन्धानकर्ता लियाका माकीका अनुसार नेतृत्व नै निशानामा रहेको र उनीहरूको सुरक्षा कमजोर रहेको भन्ने आधारमा जीवित नेतृत्व भूमिगत बन्ने सम्भावना रहेको बताए। योसँगै इरान उच्च सुरक्षा राज्यमा परिणत हुने सम्भावना छ। भविष्यमा देशभित्रका कुनै पनि आन्तरिक असहमतिलाई विदेशी हस्तक्षेपको रूपमा हेरिनेछ। र, अहिलेको समय इरानको 'शिर छेदन' भए पनि यस 'शरीर' भने मध्यपूर्वको सबैभन्दा ठुलो मिसाइल शस्त्रले सुसज्जित रहेको माकीले भने।

(अलजजिराबाट)

इतिहासमा आज

मार्च २



सन् २००२ : अफगानिस्तानमाथि अमेरिकाको आक्रमण। अपरेसन एनाकोन्डाको हिस्साको रूपमा अमेरिकी परम्परागत युद्ध सेना सबैभन्दा पहिलो चरणमा परिचालित।

सन् १७९६ : नेपोलियन बोनापार्ट इटलीमा फ्रान्सेली सेनाका प्रधानसेनापतिमा नियुक्त।

सन् १८०७ : अमेरिकी कंग्रेसद्वारा अमेरिकाभित्र दास व्यापारलाई सन् १८०८ जनवरी १ बाट लागू हुने गरी प्रतिबन्ध गर्ने घोषणा।

सन् १९०८ : सैन्य कटौतीबारे अन्तर्राष्ट्रिय सम्मेलन लन्डनमा सुरु।

सन् १९४६ : हो ची मिन्ह उत्तरी भियतनामका राष्ट्रपतिमा चयन।

सन् १९५६ : मोरोक्कोद्वारा ट्रेटी अफ फेज (फेजसन्धि) खारेज गर्दै आफू फ्रान्सेली उपनिवेशबाट मुक्त भएको घोषणा।

सन् १९६५ : १५० भन्दा बढी अमेरिकी र दक्षिण भियतनामी विमानले 'रोलिङ थन्डर' आक्रमणको सिलसिलामा उत्तरी भियतनाममा दुइटा आधारमा बम हमला गरे।

सन् १९८१ : अमेरिकाले एल साल्भाडोरलाई २० जना सल्लाहकार र २५ मिलियन डलरबराबरको सैन्य सहयोग प्रदान गऱ्यो।

कर्मचारीको कटौतीपछि पोस्टका सिइओले दिए राजीनामा

न्युयोर्क/ ठुलो संख्यामा कर्मचारी कटौती भइरहेका बेला वासिङटन पोस्टका प्रमुख कार्यकारी (सिइओ)ले राजीनामा दिने घोषणा गरेका छन्। कर्मचारीलाई दिएको एक सन्देशमा प्रमुख कार्यकारी विलियम लुइसले अहिले छाड्ने सही समय रहेको बताउँदै पत्रिकाको भविष्य सुनिश्चित गर्न 'कठिन निर्णय' गरिएको बताए।

आर्थिक समस्या जनाउँदै एक साताअघि मात्र पत्रिकाले आफ्नो कार्यबलको एकतिहाइ कर्मचारी कटौती गर्ने घोषणा गरेको थियो, जसका कारण खेलकुद र अन्तर्राष्ट्रिय समाचारको कभरेज नाटकीय रूपमा भयो। धेरै पत्रकारले उक्त निर्णयको निन्दा गरे र पोस्टका अर्बपति मालिक जेफ बेजोसको आलोचना गरे। तर, कार्यकारी सम्पादक म्याट मरेले कटौतीले 'स्थिरता' ल्याउने बताए।

डाउ जोन्सका पूर्वप्रमुख कार्यकारी अधिकृत र वाल स्ट्रिट जर्नलका प्रकाशक लुइसलाई २०२३ मा वासिंटन पोस्टमा नियुक्त गरिएको थियो। पत्रिकामा आर्थिक घाटा उल्ट्याउने प्रयास गर्दागर्दै उनले ग्राहक र कर्मचारीबाट आलोचनाको सामना गर्नुपरेको थियो। गतवर्ष अखबारको प्रमुख वित्तीय अधिकृतको रूपमा सामेल उएफ डी'ओनोफ्रियोले कार्यवाहक प्रकाशक र सिइओको रूपमा काम गर्ने पोस्टले भनेको छ। गतवर्ष अखबारको प्रमुख वित्तीय अधिकृतको रूपमा सामेल भएका उएफ डी'ओनोफ्रियोले कार्यवाहक प्रकाशक र सिइओको रूपमा काम गर्ने लेविसको प्रस्थानको घोषणा गर्दै पोस्टले भनेको छ। डाउ जोन्सका पूर्वप्रमुख कार्यकारी अधिकृत र वाल स्ट्रिट जर्नलका प्रकाशक लुइसलाई २०२३ मा वासिंटन पोस्टमा नियुक्त गरिएको थियो। दैनिकमा आर्थिक घाटा उल्ट्याउने प्रयास गर्दा उनले ग्राहक र कर्मचारीबाट आलोचनाको सामना गर्नुपरेको छ।

कर्मचारी कटौतीपछि बिहीबार वासिङटन डिसीमा रहेको पत्रिकाको मुख्यालयअगाडि सयौंले विरोध प्रदर्शन गरे। प्रदर्शनमा पत्रिकाका सम्पूर्ण मध्यपूर्वकर्मचारी र किभस्थित युक्रेन संवाददाता थिए।

न्युजिल्यान्डमा महँगो विद्यालय पोसाक र सरकारी अनुदान



● जोहाना रिडी
(रिडी ओटागो विश्वविद्यालयको जनस्वास्थ्य विभागकी व्याख्याता हुन्)



उच्च सामाजिक-आर्थिक क्षेत्रको एउटा विद्यालयका विद्यार्थीबारे हाम्रो सर्वेक्षणमा लगभग २० प्रतिशत विद्यार्थीले आफ्नो पोसाक किन्ने विषयमा अभिभावक निकै चिन्तित रहेको बताए

नयाँ शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि नै न्युजिल्यान्डभरका अभिभावकले अनिवार्य विद्यालय पोसाकको मूल्यबारेमा चिन्ता व्यक्त गर्न थालेका छन्। नयाँ पोसाकको मूल्य एकजना विद्यार्थीका लागि लगभग न्युजिल्यान्ड डलर ८० देखि १,२०० भन्दा बढी हुन सक्छ। हो, विद्यालय पोसाकका खर्च भनेको धेरै वर्षसम्म टिक्ने लुगामा लगानी हो र यो लामो समय टिकाउ हुन सक्छ। तर, जीवनयापनमा बढ्दो लागतबिच मध्यम तथा न्यून वर्गका अभिभावक भने महँगो पोसाक शुल्कको चपेटामा परेका छन्। यस विषयमा हामीले एउटा वृहत् अध्ययन गरेका थियौं। हाम्रो जारी अनुसन्धानले न्युजिल्यान्डमा पोसाक र समानताको जाँच गरेको छ। अध्ययनमा तीनवटा विद्यालयका विद्यालय नेता र विद्यार्थीहरूसँग गरेको अन्तर्वार्ता समावेश छ।

विद्यालयको 'इक्विटी इन्डेक्स रेटिङ' अर्थात् **समानता सूचांक दर्जा जे भए पनि हामीले अन्तर्वार्ता लिएका विद्यालयका नेताहरूले पोसाकको लागतले अभिभावक चिन्तित देखिएको बताए। उच्च सामाजिक-आर्थिक क्षेत्रको एउटा विद्यालयका विद्यार्थीबारे हाम्रो सर्वेक्षणमा ६३० जना उत्तरदाताहरूमध्ये लगभग २० प्रतिशत विद्यार्थी आफ्नो पोसाक किन्ने विषयमा अभिभावकहरू निकै चिन्तित रहेको बताए।** सर्वेक्षण गरिएका तीन स्कुलमा धेरैजसो विद्यालय कर्मचारीले विद्यालयमा आवश्यक सामग्री किन्न मुस्किल पर्ने केही विद्यार्थी पहिचान गरे।

■ उच्च लागत र समुदायको आशा

देशमा बहस केवल पोसाकको बारेमा मात्र हुँदैनन्। राजनीति, शक्ति, वर्ग र परम्पराले अनिवार्य पोसाकको बारेमा विद्यालयले गर्ने निर्णयलाई प्रभाव पार्न सक्छ। कुनै पनि राम्रोसँग डिजाइन गरिएको पोसाकले विद्यार्थीलाई कक्षाकोठाका अवरोध समाधान गर्न सहयोग गर्ने विभिन्न प्रमाणले देखाउँछन्। पोसाकमा विद्यार्थीहरू शारीरिक रूपमा आरामदायी, सक्रिय हुन्छन्, आफूलाई फिट भएको महसुस गर्छन् र कक्षा कोठामा सिक्न तयार हुन्छन्। त्यहाँ एक दृढ विश्वास छ कि औपचारिक ब्लेजर र टाई साधारण पोसाकभन्दा राम्रो सहज हुन्छ। यस्तो पोसाकले विद्यार्थीलाई 'स्मार्ट' देखाउँछ यद्यपि विद्यालय पोसाकको प्रकारले शैक्षिक उपलब्धिलाई प्रत्यक्ष रूपमा प्रभाव पार्छ भन्ने कुनै प्रमाण छैन।

■ विद्यालयको पोसाकबारे कसले निर्णय गर्छ ?

न्युजिल्यान्डमा स्कुल बोर्डले विद्यार्थीले लगाउने पोसाक र नियम निर्धारण गर्छन्। नैतिक दृष्टिकोणबाट पनि बोर्डले विद्यालय पोसाकले शिक्षामा अनावश्यक लागत उत्पन्न नगर्ने सुनिश्चित गर्नुपर्छ। स्पष्ट रूपमा बोर्डले पोसाक बनाइने कच्चा पदार्थको लागत नियन्त्रण गर्न सक्दैनन्। तर, तिनीहरूले स्कुल पोसाक र आपूर्तिमा वाणिज्य आयोगको दिशानिर्देश र स्कुल पोसाकसम्बन्धी नियमलाई नियन्त्रण गर्न सक्छन्। नयाँ स्कुल पोसाक सामान्यतया विशेषज्ञ आपूर्तिकर्ताबाट प्रत्यक्ष वा स्कुलमार्फत खरिद गरिन्छ। न्युजिल्यान्डमा ठुला कर्पोरेटदेखि साना पारिवारिक व्यवसायसम्म आपूर्तिकर्ताको व्यापक विकल्प छ।

अहिलेको प्रतिस्पर्धात्मक बजारमा विद्यालयहरूले आयोगको निर्देशनको पालना गरेर मूल्यमा वास्तविक प्रभाव पार्न सक्छन्। यसमा विद्यालयहरूको पोसाकको नियमित समीक्षा गर्नेदेखि आपूर्तिकर्ता गुणस्तर अनुगमन समावेश छ।

■ पोसाक नियम अनुगमन होस्

सबैले स्कुल पोसाक किन्न सक्छन् भन्ने सुनिश्चित गर्न आयोगको दिशानिर्देशमा भरपर्नु मात्र पर्याप्त छैन। पोसाकसम्बन्धी नियमको सक्रिय रूपमा अनुगमन भएको देखिँदैन र अभिभावकबाट आउने गुनासा धेरै छन्। बरु, पोसाक र शिक्षामा पहुँच सुधार गर्न सरकारले थप हस्तक्षेप गर्ने समय आएको छ। आपूर्ति प्रक्रिया सकेसम्म निष्पक्ष छ भनी सुनिश्चित गर्न सरकारले अन्तर्राष्ट्रिय मापदण्ड पालन र उचित कानुन लागू गर्न आवश्यक छ।

संयुक्त अधिराज्यको शिक्षा (विद्यालय पोसाकको लागतबारे मार्गदर्शन) ऐन २०२१ ले विद्यालयहरूले आफ्नो पोसाक नीति र आपूर्तिकर्ता व्यवस्थामा कस्तो विचार गर्नुपर्छ भनेर रूपरेखा प्रस्तुत गर्दछ। यस कानुनअन्तर्गत धेरैजसो पोसाकका कपडा कुनै पनि पसलमा उपलब्ध हुनुपर्छ केवल विशिष्ट खुद्रा विक्रेताबाट मात्र होइन। यस्तो कानुन हाम्रो सन्दर्भमा खासै राम्रो उपाय नभए पनि यसले अधिकारीहरूलाई स्कुल पोसाकको लागत र नीति जाँच र अनुगमन गर्न सहयोग गर्दछ।

■ धेरै पहल आवश्यक

विद्यालय पोसाकको सन्दर्भमा न्युजिल्यान्ड सरकारले धेरै कदम चाल्न सक्छ, जसमा पोसाकको लागतमा अनुदानलाई अझ सुलभ र कम महँगो बनाउने समावेश छ। सरकारले अधिक आवश्यकता भएका विद्यार्थीका लागि स्कुल पोसाक राज्यले उपलब्ध गराउने कानुन बनाउन सक्छ।

हाल कम आय भएका परिवारहरूले वर्क एन्ड इनकम न्युजिल्यान्डबाट अनिवार्य रूपमा ऋण लिनुपर्छ। यसले यी परिवारलाई ऋण फिर्ता गर्दै कम आम्दानीमा निर्वाह गर्न दबाब दिन्छ। सरकारले राष्ट्रिय औषधि खरिद एजेन्सी फरम्याकजस्तै राष्ट्रिय पोसाक थोक खरिददर पनि स्थापना गर्न सक्छ। तर, यो स्कुल पोसाकको लागतको मुद्दामा व्यावहारिक दृष्टिकोण भए पनि यसलाई व्यापक रूपमा समर्थन नहुन सक्छ।

यसो भनिए पनि सरकारले के निर्णय गर्छ भन्ने कुरा शक्तिको अभ्यासमा पनि निर्भर गर्दछ। यस मुद्दामा सरोकारवाला- विद्यार्थी, विद्यालय, शिक्षक, परोपकारी संस्था र समुदायले आफ्ना स्थानीय राजनीतिज्ञहरूलाई सम्पर्क गर्न आवश्यक छ ताकि उनीहरू यो मुद्दा र सम्भावित समाधानबारे सचेत छन् भनी सुनिश्चित गर्न सकियोस्। विद्यालयस्तरमा बोर्डसँग मानव अधिकारलाई समर्थन गर्ने र विद्यालयको मूल्यमान्यता प्रतिबिम्बित गर्ने विस्तृत एकरुपता कायम गर्ने नीति हुनुपर्छ। तर, विस्तृत समीक्षा प्रक्रियासँगै यो नीति पारदर्शी र अनुकूलन हुनुपर्छ।

विद्यालयहरूले आवधिक रूपमा आफ्नो पोसाकले विद्यार्थी र समुदायको आवश्यकता पूरा गर्छ कि गर्दैन भनेर जाँच गर्नुपर्छ, जसमा अनिवार्य सामग्रीको संख्या र लागत (उदाहरणका लागि ब्लेजर आवश्यक छ कि छैन) वा विद्यालयले विद्यार्थीको आवश्यकता पूरा गर्न पोसाकका लागि कोष दिने निर्णय गर्छ कि गर्दैन भन्ने कुरा समावेश छ। दृष्टिकोण जेसुकै भए पनि विद्यार्थीहरूको शिक्षामा लगानी अनुकूलन गर्न सकियोस् भनेर स्कुल पोसाकको लागतलाई सम्बोधन गर्नुपर्छ।

(कन्भर्सेसनबाट)

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १८ फागुन ०८२

अर्धजलाशय र जलाशययुक्त परियोजनाको पिपिए खुलाउने तयारी

प्राधिकरणले बनायो अध्ययन समिति, पहिलो प्राथमिकतामा सरकारी परियोजना

मिलन विश्वकर्मा/नयाँ पत्रिका



नेपाल विद्युत् प्राधिकरणले अर्धजलाशय र जलाशययुक्त जलविद्युत् परियोजनाको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुलाउने तयारी गरेको छ। कोटा सकिएको र थप नीतिगत निर्णय नभएपछि केही वर्षदेखि अर्धजलाशय र जलाशययुक्त परियोजनाको पिपिए रोकिएको छ। तर, अब त्यस्ता आयोजनासँग पिपिए गर्ने आन्तरिक तयारी गरिएको प्राधिकरण स्रोतले जनाएको छ। पिपिए गर्ने आयोजनामा सरकारीलाई पहिलो प्राथमिकतामा राखिएको छ।

अर्धजलाशय र जलाशययुक्त परियोजनाको पिपिए खुलाउन प्राधिकरण सञ्चालक समितिले सञ्चालक सदस्य श्यामकिशोर यादवको संयोजकत्वमा अध्ययन कमिटी बनाएको छ। कमिटीले प्राधिकरणको व्यापार विभागसँग पिपिए गर्दा आउन सक्ने वित्तीय दायित्व तथा जोखिमको विश्लेषणात्मक रिपोर्ट मागिसकेको छ। त्योसहित विभिन्न वस्तु परिस्थितिका आधारमा अध्ययन कमिटीले सञ्चालक समितिमा सुझावसहितको प्रतिवेदन बुझाउनेछ। त्यसका आधारमा सञ्चालक समितिले उपयुक्त निर्णय गर्नेछ। विद्युत् नियमन आयोगले १०० मेगावाटमाथिका स्टोरेज जलविद्युत् परियोजनाको पिपिए लागतका आधारमा गर्ने गरी निर्देशिका ल्याइसकेको छ। १०० मेगावाटसम्मका परियोजनाका लागि भने हिउँदमा १४.८० प्रतियुनिट र बर्सातका लागि ८.४५ युनिटभन्दा नबढ्ने गरी पिपिए गर्न सकिने नीति ल्याइएको छ। त्यसपछि प्राधिकरणले पनि पिपिए खुलाउने तयारी गरेको हो।

प्राधिकरणका प्रवक्ता राजन ढकालले सरकारी अर्धजलाशय र जलाशययुक्त परियोजनाको पिपिए खुलाउने गरी छलफल अघि बढेको बताए। 'सरकारी स्वामित्वका अर्धजलाशय र जलाशययुक्त परियोजनाको पिपिए खुलाउने गरी छलफल अघि बढेको छ। निष्कर्षमा पुग्न बाँकी छ,' उनले भने।

जलाशययुक्त तथा पम्प स्टोरेजबाट २०-२५ प्रतिशत, अर्धजलाशयबाट २५-३० प्रतिशत, नदी प्रवाहबाट ४०-४५ प्रतिशत र अन्य वैकल्पिक स्रोतबाट ५-१० प्रतिशतको अनुपातमा पिपिए गर्ने प्राधिकरणको नीति छ। यो नीति ०७५ को हो। त्यसमा नदी प्रवाह र अर्धजलाशयको कोटा सकिएको छ भने अन्यको बाँकी छ। त्यसपछि सरकारले विद्युत् उत्पादनसम्बन्धी नीति परिवर्तन गरेको छ। तर, पिपिए कसरी गर्ने भनेर निर्णय गरेको छैन। त्यस अवस्थामा प्राधिकरणले अर्धजलाशय र जलाशययुक्त परियोजनाको पिपिए खुलाउन लागेको हो।

स्रोतका अनुसार प्रसारणलाइनको क्षमताले पुग्ने, तत्काल निर्माणमा जान सक्ने निजी क्षेत्रका अर्धजलाशय र जलाशययुक्त परियोजनाको पनि पिपिए गर्ने योजना बनाइएको छ। यद्यपि, अर्धजलाशय र जलाशययुक्त सरकारी नै धेरै छन्। निजी क्षेत्रका यस्ता आयोजना नगण्य छन्।

'पहिलो प्राथमिकतामा सरकारका अर्धजलाशय र जलाशययुक्त परियोजना नै हुन्छन्। यस्ता आयोजना पनि सरकारकै छन्। तर, प्रसारणलाइनको क्षमताले पुग्ने र तत्काल निर्माणमा जान सक्ने निजी परियोजनालाई पनि प्राथमिकतामा राखिनेछ,' स्रोतले भन्यो, 'यसमा प्रसारणलाइनको अवस्था, परियोजनाको महत्त्वलगायतका आधारमा पी-१, पी-२ भनेर प्राथमिकीकरण गरिएको छ। त्यसकै आधारमा पिपिए प्रक्रिया अघि बढ्नेछ।'

आवश्यकताका आधारमा पूर्ण वा आंशिक विद्युत् खरिद गर्ने गरी पिपिए गर्न सकिने स्रोतको भनाइ छ। 'प्राधिकरणले पनि दीर्घकालीन दायित्व लिन सक्दैन। गर्न त टेक अर पे (लेऊ वा तिर) मोडेलमै पिपिए गरिन्छ,' स्रोतले भन्यो, 'तर, हिउँदमा शतप्रतिशत र बर्खामा आंशिक बिजुली खरिद गर्ने गरी पिपिए गर्न सकिन्छ।'

सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरण र विद्युत् उत्पादन कम्पनी लिमिटेडले अघि बढाएका परियोजनाको पिपिए गर्ने तयारी गरिएको छ। हाल नेपाल विद्युत् प्राधिकरणले ६ सय ७० मेगावाटको दुधकोशी, एक हजार ६३ मेगावाटको अपर अरुण, दुई सय १० मेगावाटको चैनपुर सेतीलगायतका अर्धजलाशय र जलाशययुक्त परियोजना अघि बढाएको छ। यसैगरी, एक हजार दुई सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त परियोजना पनि सरकारकै स्वामित्वमा बन्दै छ।

यसैगरी, विद्युत् उत्पादन कम्पनी लिमिटेडले चार सय ८० मेगावाटको फुकोट कर्णाली, चार सय ५४ मेगावाटको किमाथांका अरुण, एक हजार नौ सय दुई मेगावाटको मुगु-कर्णालीलगायतका परियोजनाको निर्माण गर्दै छ। ग्रिड कनेक्सन, प्रसारणलाइनको क्षमता, निर्माणपूर्वको तयारीलगायतका आधारमा प्राथमिकीकरण गरी पिपिए खुलाउने तयारी प्राधिकरणको छ।

अहिले नेपालमा नदी प्रवाहमा आधारित परियोजना धेरै छन्। त्यस अवस्थामा बर्खामा पूर्ण क्षमतामा विद्युत् उत्पादन भएर निर्यातसमेत गर्न पुग्छ। हिउँदमा भने खोलामा पानी कम भई विद्युत् पनि कम हुन्छ। त्यसवेला आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्नुपर्छ। नेपाललाई १२ महिना नै विद्युत्मा आत्मनिर्भर बनाउन जलाशय र अर्धजलाशययुक्त परियोजना बनाउनुपर्ने दबाब छ। तर, यस्ता परियोजना व्यापक रूपमा निर्माणमा जान सकेका छैनन्। अहिले जलाशयतर्फ सञ्चालनमा एक सय ६ मेगावाटको कुलेखानी र निर्माणाधीनतर्फ एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् मात्रै छ। अध्ययन सम्पन्न गरेर बसेका थुप्रै जलाशययुक्त परियोजनामा लगानी जुटाएर निर्माणमा लैजानुपर्नेछ। तर, पिपिए नहुँदा लगानी जुट्न सकेको अवस्था छैन। यी यस्ता परिस्थितिलाई दृष्टिगत गर्दै पिपिए खुलाउन लागेको प्राधिकरणका कर्मचारी बताउँछन्।

आरओआर परियोजनाको पिपिए अन्योलमा

सरकारले स्पष्ट निर्देशन नदिँदा नदी प्रवाहमा आधारित (आरओआर) परियोजनाको पिपिए भने अघि बढ्न सकेको छैन। चालू आवको आरओआर परियोजनासँग टेक एन्ड पे (लिऊ र तिर) मोडेलमा पिपिए गर्ने भनिएको थियो। 'रन अफ रिभर आयोजनाको टेक एन्ड पे अवधारणाअनुरूप विद्युत् खरिद सम्झौता गरिनेछ,' बजेटको बुँदा नम्बर २२७ मा भनिएको छ। यो मोडेलमा पिपिए गरेपछि प्राधिकरणलाई विद्युत् किन्न बाध्यता हुनेछैन। त्यसपछि विशेष गरेर निजी क्षेत्रका आरओआर परियोजनासँगको पिपिए रोकिएको छ।

नेपालमा ऊर्जा परियोजनाबाट विद्युत् खरिद गर्ने अधिकार प्राधिकरणसँग मात्रै छ। अर्थात्, यसमा प्राधिकरणको एकाधिकार छ। त्यो अवस्थामा टेक एन्ड पेको नीति आएपछि निजी परियोजनाको बजार ग्यारेन्टी हटेको छ।

तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङले टेक अर पेमै पिपिए गर्ने भन्दै अर्थ मन्त्रालयसँग सहमति मागेका थिए। त्यसकै आधारमा मन्त्रिपरिषद्बाट निर्णय गर्ने तयारी थियो। तर, अर्थ मन्त्रालयले यसमा ठोस निर्णय दिएन। माग, आपूर्ति अवस्था र कानुनी आधार सम्बन्धित निकायबाट उचित निर्णय लिनु भनेर पत्र पठाइएको छ। त्यसले गर्दा गर्दा आरओआर परियोजनाको पिपिए कसरी गर्ने भन्ने विषयमा अन्योल छ। त्यसले गर्दा पिपिएका लागि आह्वान गरिएको ५४ परियोजनासँगको पिपिए पनि अन्योलमा परेको छ। प्राधिकरणले गत १२ चैतमा ग्रिड कनेक्सन सम्झौता गरेर पिपिए गर्न बाँकी रहेका परियोजनासँग पिपिए गर्ने प्रक्रिया अघि बढाएको थियो। १२ चैतसम्म त्यस्ता आयोजनाको संख्या ५४ थियो, जसको क्षमता चार हजार नौ सय ६६ मेगावाट थियो। प्राधिकरणमा १३ हजार मेगावाटभन्दा धेरै आयोजनाले पिपिएका लागि आवेदन दिएका छन्। त्यसमा ग्रिड कनेक्सन सम्झौता गसिकेका ४९ सय ६६ मेगावाटका आयोजनासँग पिपिए गर्ने भनिएको थियो। तर, बजेटमा टेक एन्ड पेको नीतिपछि त्यो रोकियो। पछि अर्थ मन्त्रालयले पनि अस्पष्ट निर्णय दिएपछि प्राधिकरणले यसबारे ठोस निर्णय गर्न सकेको छैन।

डेढ महिनादेखि ग्यास अभाव कायमै, अहिले पेट्रोलपम्पमा पनि लाइन

आयल निगमको अक्षमताले आइतबार दिउँसोदेखि पम्पमा लाइन लाग्न बाध्य छन् उपभोक्ता



रिपुमर्दनी पेट्रोलपम्पमा आइतबार दिउँसो तेल भर्ने उपभोक्ताको लाइन।



कालीमाटीको सीता पेट्रोलपम्पमा राति ११ बजे लाइन लागेका उपभोक्ता।

अजित अधिकारी/नयाँ पत्रिका

आयल निगमको व्यवस्थापकीय अक्षमताले डेढ महिनादेखि खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज हुन सकेको छैन। ग्यास आपूर्ति सहज नबनेकै अवस्थामा आइतबारदेखि पेट्रोलपम्पमा समेत उपभोक्ताको लाइन बाक्लिएको छ।

आइतबार दिउँसोदेखि रातिसम्म उपत्यकाका अधिकांश पेट्रोलपम्पमा उपभोक्ताले लामो लाइन कुरेर मात्र सवारीसाधनमा इन्धन भर्न पाएका छन्। निगमले भने सोमबारदेखि निर्वाचनसम्म पर्ने लगातारको बिदाका कारण उपभोक्ताले पेट्रोल-डिजेल सञ्चय गर्न खोज्दा पम्पमा लाइन बाक्लिएको तर्क गरेको छ। निगम प्रवक्ता मनोज ठाकुरले नियमित परिमाणमा इन्धन बिक्री गरिरहेका र सार्वजनिक बिदाका दिन पनि कार्यालय खोलेर सेवा दिने जानकारी प्रवाह गर्दासमेत उपभोक्ता अतालिनु ठिक नभएको बताए। 'मागेजति इन्धन वितरण गर्ने क्षमता छ र सार्वजनिक बिदामा पनि कार्यालय खोलेर तेल वितरण गर्छौं भनिरहँदा पनि उपभोक्ताहरू अतालिएर पेट्रोलपम्पमा लाइन बस्नु राम्रो होइन,' उनले भने, 'उपभोक्ताले जति माग गर्छन्, त्यति नै तेल दिन सक्ने क्षमता छ।'



उपभोक्तालाई भने निगमको 'स्टेटमेन्ट'सँग भरोसा छैन। आइतबार साँझ भक्तपुरको लोकन्थलीस्थित सिद्धार्थ आयलमा इन्धन भर्न लाइनमा भेटिएका समीर थापाले लगातार परेको बिदाका कारण बजारमा अभाव हुन सक्ने डर रहेको बताए। 'आयल निगमले ग्यास अभाव हुँदैन भन्थ्यो, तर अहिलेसम्म बजारमा सहज रूपमा ग्यास पाइँदैन। त्यसैले तेलको मूल्यसमेत बढ्ने अवस्था देखेपछि लाइनमै बसेर भए पनि पेट्रोल हाल्छु भनेर आएको हो,' उनले भने। निगमले भने आइतबार काठमाडौंमा पेट्रोल १६ लाख ५० हजार लिटर र डिजेल १२ लाख नौ हजार लिटर बिक्री-वितरण गरेको जनाएको छ। जुन सामान्य अवस्थाको तुलनामा झन्डै दोब्बर हो।

यद्यपि, आइतबार अन्य दिनको तुलनामा धेरै इन्धन बिक्री हुने गर्छ। किनभने शनिबार बिदा भएकाले निगमले इन्धन वितरण रोक्ने गरेको छ। पेट्रोलपम्पमा लाइन बढेपछि निगमले सोमबार बिदाका दिन पनि कार्यालय खोलेर इन्धन वितरण गर्ने निर्णय गरेको प्रवक्ता ठाकुरले जानकारी दिए। 'सोमबार बिदामा इन्धन वितरण नगर्ने योजनामा थियौं, तर आइतबार साँझसम्म पम्पमा उपभोक्ताको लाइन देखिएकाले सोमबार बिदा भए पनि कार्यालय खोलेर इन्धन वितरण हुन्छ,' उनले भने। निर्वाचनमा हुने बिदाको समयमा समेत कार्यालय खोलेर इन्धन वितरण गर्ने भएकाले अनावश्यक सञ्चय नगर्न पनि उनले अनुरोध गरे।

पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका अध्यक्ष लिलेन्द्र प्रधानले पनि मागेजति तेल पाइरहेका कारण उपभोक्ता अतालिन नहुने बताए। 'आयल निगमबाट मागेजति तेल आइरहेको छ। त्यसैले उपभोक्ताहरू तेलको मूल्य बढ्ने वा बिदाका कारण अभाव हुनेजस्ता आशंका राखेर अनावश्यक सञ्चयका लागि पम्पमा तेल भर्न आउनुपर्दैन,' उनले भने।



● **मनोज ठाकुर**
प्रवक्ता, आयल निगम

मागेजति इन्धन वितरण गर्ने क्षमता छ र सार्वजनिक बिदामा पनि कार्यालय खोलेर तेल वितरण गर्छौं भनिरहँदा पनि उपभोक्ता अतालिएर पेट्रोलपम्पमा लाइन बस्नु राम्रो होइन। उपभोक्ताले जति माग गर्छन्, त्यति नै तेल दिन सक्ने क्षमता छ। निर्वाचनमा हुने बिदाको समयमा समेत कार्यालय खोलेर इन्धन वितरण गर्ने भएकाले अनावश्यक सञ्चय नगर्न उपभोक्तालाई अनुरोध गरेका छौं।



● **लिलेन्द्र प्रधान**, अध्यक्ष, पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसन

मागेजति तेल पाइरहेका कारण उपभोक्ता अतालिन आवश्यक छैन। आयल निगमबाट मागेजति तेल आइरहेको छ। त्यसैले उपभोक्ताहरू तेलको मूल्य बढ्ने वा बिदाका कारण अभाव हुनेजस्ता आशंका राखेर अनावश्यक सञ्चयका लागि पम्पमा तेल भर्न आउनुपर्दैन।



● **माधव तिमिल्सिना**
उपभोक्ता अधिकारकर्मी

आयल निगमको व्यवस्थापकीय लापरबाहीले खाना पकाउने एलपी ग्यासको चरम अभाव कायम नै छ। उपभोक्ता खाली सिलिन्डर काँधमा बाकेर भौंतारिरहनुपरेको छ। अहिले फेरि पेट्रोलपम्पमा लाइन लाग्नुपर्ने बाध्यता आइलागेको छ। यो भनेको निगमको लाचारीपन हो। अत्यावश्यक वस्तुको आपूर्तिमा निगमले खेलबाड गरिरहेको छ। निगमका उच्च अधिकारीहरू उपभोक्ताहितप्रति संवेदनशील नभएको यसले देखाउँछ। कागजी तथ्यांकमा ग्यास र तेल यति आयो, उति आयो भनेर हुँदैन। बजारमा माग भएजति दिन सक्नुपर्छ।

नेप्सेसँगै कारोबार पनि बढ्यो

काठमाडौं/ नेपाली पुँजी बजारमा आइतबार सेयर बजार दोहोरो अंकले बढेको छ। सो दिन बजार १९.०४ अंकले बढेर २६७३.९७ अंकमा बन्द भएको हो। नेप्से परिसूचकसँगै कारोबार रकम पनि बढेको छ। यसअघि बिहीबार चार अर्ब १७ करोड ४६ लाखको कारोबार भएकामा आइतबार पाँच अर्ब ६४ करोड ८३ लाख रुपैयाँको सेयर खरिद-बिक्री भएको छ। यो एक करोड ३१ लाख ९३ हजार सेयर ५५ हजार २०६ पटकको कारोबारमा भएको हो।

नेपाल स्टक एक्सचेन्जका अनुसार तीन सय ४१ कम्पनीको कारोबार भएको छ। जसमा एक सय ८५ कम्पनीको मूल्य बढ्यो भने ६६ कम्पनीको मूल्य घट्यो। यस्तै, ११ कम्पनीको स्थिर रह्यो। सो दिन १३ वटै उपसमूहको परिसूचक बढ्यो। सर्वाधिक बढ्नेमा फाइनान्स उपसमूहको २.२२ प्रतिशत अर्थात् ५४.५० अंकले बढेको हो। त्यसपछि डेभलपमेन्ट बैंकको ०.७७ प्रतिशतले बढेको छ।

मध्यपूर्वको तनावले नेपालका १४ अन्तर्राष्ट्रिय उडान रद्द

खाडीका सात एयरपोर्ट पूर्ण बन्द, तीन हजार चार सयवटा उडान रद्द



नयाँ पत्रिका

मध्यपूर्वमा भएको तनावका कारण आइतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने १४ अन्तर्राष्ट्रिय उडान रद्द भएका छन्।

अमेरिका-इजरायलले इरानमा गरेको हमला र इरानले मध्यपूर्वमा रहेका अमेरिकी सैनिक अड्डामा गरेको जवाफी हमलाका कारण ती क्षेत्रका उडान रोकिएका छन्। आइतबार नेपालबाट मध्यपूर्वमा हुने र मध्यपूर्वबाट नेपाल हुने सम्पूर्ण उडान रद्द भएका हुन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार नेपालबाट जजिरा, कुवेत, एयर अरेबिया, फ्लाई दुबई, नेपाल एयरलाइन्स, कतार र हिमालय एयरलाइन्सको उडान रद्द भएको हो। मध्यपूर्वतर्फबाट टिआइएमा आउने र टिआइएबाट हुने उडान अनिश्चितकालका लागि रद्द गरिएका छन्। यसबाट मध्यपूर्व र मध्यपूर्व हुँदै जाने-आउने हजारौं यात्रु मारमा परेका छन्।

मध्यपूर्वका सात मुख्य एयरपोर्टबाट तीन हजार चार सयवटा उडान रद्द भएको फ्लाइट ट्र्याकर 'फ्लाइट रेडर२४'ले उल्लेख गरेको छ।

आक्रमण जारी भइरहेकै कारण कुवेत, युएई, कतार, इरान, इराक, जोर्डन, इजरायल, लेबनान र बहराइनलगायत देशले आफ्नो आकाशमा उडान रोकेका (एयर स्पेस बन्द गरेका) छन्। मध्यपूर्वको तनावले विश्वभरकै उडान प्रभावित भएको छ। मध्यपूर्वको आकाश हुँदै उड्ने जहाजले अर्के रुट प्रयोग गरिरहेका छन्।

पर्यटन बोर्डले मतदानका दिन निःशुल्क सटल बस सेवा सञ्चालन गर्ने

काठमाडौं/ नेपाल पर्यटन बोर्डले आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यात्रुको सहज आवागमनका लागि मतदानका दिन (२१ फागुन) निःशुल्क सटल बस सेवा सञ्चालन गर्ने भएको छ। बोर्डका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आवतजावत गर्ने यात्रुलाई लक्षित गरी विमानस्थलदेखि काठमाडौं उपत्यकाका विभिन्न पर्यटकीय होटेल तथा मुख्य स्थानसम्म सटल बस सेवा उपलब्ध गराइने भएको हो। उक्त सेवा बिहान पाँच बजेदेखि साँझ सात बजेसम्म सञ्चालन हुनेछ।

निर्वाचनका दिन सवारी सञ्चालनमा सम्भावित असहजतालाई मध्यनजर गर्दै पर्यटक तथा हवाई यात्रुको आवागमन सहज बनाउन सेवा सञ्चालन गर्न लागिएको बोर्डले जनाएको छ। सटल बस सेवा तोकिएका मार्गमार्फत नियमित रूपमा आवतजावत गर्नेछ। पहिलो मार्गअन्तर्गत नेपाल वायुसेवा निगम, न्युरोड, कान्तिपथ, ठमेल, लैनचौर, मल्ल होटेल, नयाँबजार, शंकर होटेल, ज्याडिसन, दरबारमार्ग, याक एन्ड यती, नागपोखरी, गौशाला हुँदै द्वारिका होटेलमार्फत विमानस्थलसम्म सेवा सञ्चालन हुनेछ। यस मार्गको समन्वय रामबहादुर नगरकोटीले गर्नेछन् भने बा.१प १३७८ नम्बरको बसमार्फत सेवा उपलब्ध हुनेछ।

दोस्रो मार्ग महाराजगन्ज चोक, नारायणथान, धुम्बाराहीस्थित रामाडा होटेल, चाबहिल, बौद्धस्थित हायात रिजेन्सी, जोरपाटी हुँदै गौशाला भएर विमानस्थलसम्म सञ्चालन हुनेछ। बा.१प १३२० नम्बरको बस परिचालन गरिने यस मार्गका सम्पर्क व्यक्ति पवन गिरी रहेका छन्।

तेस्रो मार्ग कुपण्डोल, हिमालयन होटेल, त्रिपुरेश्वर, कलंकी, सोल्टी, एकान्तकुना, सातदोबाटो, ग्वार्कोस्थित रोयल टुलिप, तीनकुने, नयाँ बानेश्वर हुँदै एभरेस्ट होटेलमार्फत विमानस्थलसम्म सञ्चालन गरिनेछ। यस मार्गको समन्वय सुरज खड्गुले गर्नेछन् भने बा.१प १०८१ नम्बरको बस परिचालन हुनेछ। बोर्डका निमित्त निर्देशक सुनील शर्माले निर्वाचनका दिन यात्रुलाई समयमै विमानस्थल पुग्न तथा गन्तव्यसम्म सुरक्षित रूपमा आवतजावतका लागि सटल बस सेवा सञ्चालन हुने बताए।

मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटाभट्टा, झापा

कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति २०८२/११/१७

मेचीनगर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त गर्ने) (पहिलो संसोधन) कार्यविधि, २०७७ को दफा (३) बमोजिम आ.व. २०८२ /०८३ का लागि मेचीनगर नगरपालिका भित्र भएर बहने नदी/खोलाबाट नदीजन्य पदार्थ उत्खनन संकलन बिक्री आय ठेक्काका लागि https://www.bolpatra.gov.np/egp मा सूचना आवहन भइ ई बिड मार्फत दाखिला भएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिबाट सिफारिस भएको तपसिल बमोजिमको बोलपत्र सर्वाधिक मुल्यांकित र सारभूतरुपमा प्रभावकारी भइ बोलपत्र स्वीकृतिको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाता हरुलाई जानकारी गराउन सूचना प्रकासन गरिएको छ ।

तपसिल :

क्र.स	ठेक्का न	योजनाको नाम	सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता	कबोल अङ्क (रू.) (मु. अ .कर बाहेक)
१	50/Revenue/TimaiHadiya River/NCB/2082/083	Revenue collection by extraction of Riverine material from Timai&Hadiya RiverPackage -three	Niharika Construction & Builders	४९,५०,०००.००

प्रमुख प्रशासकीय अधिकृत

एनसेलले ल्यायो 'सिग्नेचर प्लान'

काठमाडौं/ एनसेल बिजनेसले सिग्नेचर प्लान सार्वजनिक गरेको छ। एनसेलले डिजिटल प्रिभिलेज कार्ड प्लाटफर्म दामी एक्सपिरियन्ससँगको साझेदारीमा चार सयभन्दा बढी आउटलेटमा प्राप्त गर्न सकिने विशेष अफर सार्वजनिक गरेको हो। यससम्बन्धी सम्झौतापत्रमा एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोले र दामी एक्सपिरियन्सका प्रमुख कार्यकारी अधिकृत विजेन्द्र कुँवरले हस्ताक्षर गरेका छन्।

साझेदारीअन्तर्गत प्रोफेसनल वा प्रिमियम एनसेल सिग्नेचर योजनामा आबद्ध ग्राहकले विभिन्न रेस्टुरेन्ट, स्पा, व्यायामशाला र मनोरञ्जन गतिविधिमा ५० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यो अफर व्यावसायिक नेटवर्किङ अनि स्वस्थ जीवनशैली निर्वाहमा सहयोग गर्ने गरी तयार पारिएको बताइएको छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने,



'यो साझेदारीले नेतृत्वदायी भूमिकामा रहेका हाम्रा ग्राहकलक्षित सिग्नेचर प्लानलाई अझ बढी विशेष बनाएको छ। प्रिमियम अनुभूति अनि जीवनशैलीसँग जोडिने सुविधासहित हाम्रो सिग्नेचर प्लानले गुणस्तरीय, सुरक्षित र विश्वस्तरीय सञ्चार सुविधाका साथ सफलता प्राप्त गर्न सहयोग गर्छ।'

दामी एक्सपिरियन्सले एनसेल सिग्नेचर प्लान प्रयोगकर्तालाई विशेष छुट प्राप्त गर्न र उपभोग गर्न सहयोग गर्नेछ, जसले उनीहरूलाई कम खर्चमा बढी लाभ प्राप्त गर्न मद्दत गर्छ। यस साझेदारीअन्तर्गत प्रयोगकर्ताले हेयर एन्ड शान्तिमा कपाल काट्दा ५० प्रतिशत छुट प्राप्त गर्नेछन्। त्यस्तै, दुसित प्रिन्सेस होटेलमा २० प्रतिशत अनि विभिन्न व्यायामशालामा ४० प्रतिशतसम्म छुटलगायतका धेरै रोमाञ्चक अफर एनसेलका सिग्नेचर प्लान प्रयोगकर्ताले प्राप्त गर्न सक्नेछन्।

कुनै झन्झटविना, एनसेल सिग्नेचर प्लान प्रयोगकर्ताले एनसेल एपमा रहेको दामी एक्सपिरियन्समा ट्याप गरेर यी अफरको फाइदा लिन सक्नेछन्। सरल प्रक्रिया पूरा गरेर एनसेल एपभित्रै रहेको डिजिटल भिआइपी कार्ड सक्रिय बनाएपछि ग्राहकले त्यहाँ सूचीकृत विभिन्न पार्टनर ब्रान्डबाट विविध लाभ लिन सक्ने बताइएको छ।

श्री स्टिल्सको आइपिओ बिक्री प्रबन्धकमा नबिल इन्भेस्टमेन्ट

काठमाडौं/ श्री स्टिल्स लिमिटेडको आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेड नियुक्त भएको छ। कम्पनीले निकट भविष्यमा आवश्यक प्रक्रिया पूरा गरी सर्वसाधारणमा प्राथमिक सेयर निष्कासन गर्नका लागि बिक्री प्रबन्धक नियुक्त गरेको हो। यी दुवै पक्षबिच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत सोमेस अग्रवालको रोहबरमा सम्झौतापत्रमा श्री



स्टिल्सका तर्फबाट कम्पनी प्रबन्ध सञ्चालक राजेशकुमार अग्रवाल तथा नबिल इन्भेस्टमेन्टका तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत मनीषनारायण जोशीले हस्ताक्षर गरेको हो। श्री स्टिल्स पूर्ण स्वचालित प्लान्ट हो, जसले टिएमटी रिबारहरूको निर्माणमा विशेषज्ञता हासिल गरेको छ। जापानी प्रविधिमा आधारित उपकरण रहेको नेपालको पहिलो ब्रान्ड हो।

मोरङको विराटचोकमा कजारिया टायलको सोरुम सञ्चालनमा

काठमाडौं/ प्रिमियम र विश्वसनीय टायल ब्रान्डमध्ये एक कजारियाले विराटचोक, मोरङमा नयाँ सोरुम उद्घाटन गर्दै पूर्वी नेपालमा थप सेवा विस्तार गरेको छ। महालक्ष्मी ट्रेडर्सद्वारा सञ्चालित यस सोरुमले विराटचोक तथा वरिपरिका क्षेत्रमा बढ्दो उच्च गुणस्तरीय टाइलको माग पूरा गर्दै ग्राहकलाई आधुनिक, आकर्षक र उन्नत अनुभव प्रदान गर्ने लक्ष्य राखेको बताइएको छ।



कजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले रिबन काटेर सोरुम उद्घाटन गरे। सो क्रार्यक्रममा सुन्दर हरैंचा नगरपालिकाका प्रमुख केदारप्रसाद गुरागाईं, बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राईलगायतको उपस्थिति थियो।

अग्रवालले भने, 'विराटचोकमा नयाँ सोरुम उद्घाटन गर्न पाउँदा हामी अत्यन्त खुसी छौं। यो सोरुमले केवल टायल बिक्री गर्ने ठाउँ नभई ग्राहकका लागि आधुनिक, आकर्षक र नवप्रवर्तनशील टायल विकल्प अवलोकन गर्ने गन्तव्यको काम गर्नेछ। कम्पनीका अनुसार यस सोरुममा गृहस्वामी, ठेकेदार र वास्तुकारले आफ्ना परियोजनाका लागि उपयुक्त डिजाइन सहजै छनोट गर्न सक्नेछन्।

सुन्दर हरैंचा नगरपालिका प्रमुख गुरागाईंले भने, 'कजारियाजस्ता प्रतिष्ठित ब्रान्डको उपस्थितिले हाम्रो नगरपालिकामा रोजगारी र विकासका अवसर बढाउनेछ। यसले स्थानीय निर्माण मापदण्डलाई उच्च बनाउने र गुणस्तरीय उत्पादन सजिलै उपलब्ध गराउने अवसर प्रदान गर्नेछ।'

त्यसैगरी, बेलबारी नगरपालिकाका प्रमुख राईले कजारियाजस्ता अन्तर्राष्ट्रियस्तरका विश्वसनीय ब्रान्डको उपस्थितिले आधुनिक निर्माण आवश्यकता पूरा गर्न मद्दत गर्ने बताए। कजारियाले स्वदेशमै तीन हजारभन्दा बढी डिजाइन विकल्प उपलब्ध गराउँदै आएको छ।

हाल कजारियाले नेपालभर सयभन्दा बढी सोरुमको सशक्त सञ्जाल विस्तार गरिसकेको छ।

नागरिक लगानी कोष र एक्सेल डेभलपमेन्ट बैंकबिच सम्झौता

काठमाडौं/ नागरिक लगानी कोष र एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडबिच सम्झौता भएको छ। उपदान तथा अवकाश कोषको व्यवस्था एवं सञ्चालनसम्बन्धी सम्झौता भएको हो। सम्झौतामा आइतबार कोषका तर्फबाट कार्यकारी निर्देशक पर्वतकुमार कार्की र बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेलले हस्ताक्षर गरेका हुन्।

सम्झौतापछि बैंकमा कार्यरत कर्मचारीको अवकाशसम्बन्धी उपदान एवं अन्य रकमको व्यवस्था कोषले गर्ने भएको छ। हाल बैंकमा तीन सयजना कर्मचारी कार्यरत रहेका छन् भने आठ जिल्लामा बैंकले प्रदेशस्तरीय कार्यालयबाट सेवा प्रदान गर्दै आइरहेको छ।

आगन्तुक रिसोर्ट प्रा. लि.

बनेपा न.पा. वडा नं ६, काभ्रेपलान्चोक

वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८२/११/१७ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार देहायको विषयमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा वार्षिक साधारण सभा बोलाइएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको नाममा पत्रद्वारा जानकारी गराईएको छ। उक्त पत्र कुनै कारणवश प्राप्त नभएको भएपनि यसै सूचनाद्वारा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:

मिति : २०८२।१२।९(तदअनुसार २३ मार्च, २०२६)
समय : विहान १०:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय
बनेपा न.पा. वडा न ६, काभेपलान्चोक जिल्ला

साधारण सभाको विषय सूची:

क. सामान्य प्रस्ताव

१. कम्पनीको अध्यक्षज्यूबाट प्रस्तुत आ.व. २०८१/०८२ को संचालक समितिको प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको निर्युक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. कम्पनी व्यवस्थापन करार वा अन्य उपयुक्त माध्यमबाट संचालनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

ख. विशेष प्रस्ताव

१. सहायक कम्पनी स्थापना तथा लगानी गर्ने सम्बन्धमा।
२. कम्पनीको सम्पत्ति विक्री गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन, २०६३ को दफा १०५ को (१) (ख) बमोजिमको कार्य गर्न अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
४. प्रबन्धपत्र तथा नियमावली संसोधन गर्ने सम्बन्धमा।
५. नियामकीय निकायद्वारा दिइएको निर्देशन अनुसार गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

ग. विविध

आज्ञाले
कम्पनी सचिव

ललितपुर महानगरपालिका
१४ नं वडा कार्यालय

बागमती प्रदेश, नेपाल

नक्सा पास सम्बन्धमा जारी भएको ३५ दिने सार्वजनिक सूचना

मिति : २०८२/११/१८

ललितपुर महानगरपालिका वडा नं. १४ (साबिक वडा नम्बर ५ ज्ञ) (कित्ता नं. २२८ क्षेत्रफल १०३.३२ व.मि) जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिति २०८२/१०/१२ गते ललितपुर महानगरपालिका वडा नं. १४ कार्यालयबाट १५ दिने सूचना जारी गरिएकोमा घर र जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लेखित सधियारहरूसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई साधसधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र ललितपुर महानगरपालिका १४ नं वडा कार्यालयमा निवेदन दिनु हुन साधसधियारहरूको जानकारीको लागि सूचित गरिन्छ। म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि महानगरपालिकामा सिफारिस भैईजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

१. पूर्व तर्फ : भगवती बुद्धाथोकी कित्ता नं. २२४
२. पश्चिम तर्फ : सुन्दर राज कित्ता नं. २०८
३. उत्तर तर्फ : बुद्धाथोकी गाउँमार्ग दक्षिण
४. दक्षिण तर्फ : भगवती बुद्धाथोकी कित्ता नं. २१२ देवराज शाक्य कित्ता नं २०७

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८२/११/१८ गते)

पदम बहादुर राईको नाति, नरध्वज राईको छोरा, निलम थापा राईको पति ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं ४ बस्ने बिजय राईको मिति २०८२-०५-२६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कुमारीपाटी शाखामा रहेको बचत खाता नं.००९०००८३२९५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नि निलम थापा राईले यस बैंकको शाखा कुमारीपाटीमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कल सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय कुमारीपाटी वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कुमारीपाटी फोन नं. ०१-५४२४९१५/५४५३७५५

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई वेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता र कम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोवाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिवाट समेत बाँकी लेना र कम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

शाखा कार्यालय वितामोड, झापा

१. **ऋणीको नाम, ठेगाना**

नाम : ग्लोबल मल्टी सप्लायर्स एण्ड ट्रेडर्स प्रा. लि
दर्ता नं. ३०९५६७/०७९/०८०, कम्पनी रजिष्ट्रार कार्यालय, काठमाण्डौ, नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्टर्ड कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ
दर्ता मिति : २०७९/१२/०९, पान नं. ६१८७८४८२२, दर्ता मिति : २०७९/०५/३१
ठेगाना : वितामोड-०५, झापा

संचालक तथा जमानतकर्ताहरुको विवरण

१. **नाम : बासुदेब गौतम** ना.प्र.नं. ०३६२८७२/७८२, जि.प्र.का. ईलाम जारी मिति : २०५८/०९/१९ बाबुको नाम : देवीप्रसाद गौतम बाजेको नाम : तीलचन गौतम ठेगाना : इलाम जिल्ला, धुसेनी वडा नं. ०२	२. **नाम : गोपाल थापा** ना.प्र.नं. ८२३१३७७०, जि.प्र.का. झापा जारी मिति : २०४७/०३/३१ बाबुको नाम : पुर्ण बहादुर थापा बाजेको नाम : ललीत बहादुर थापा ठेगाना : झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ०६

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. **नाम : कबिता थापा** ना.प्र.नं. ८२३१२६२७, जि.प्र.का. झापा जारी मिति : २०५४/०१/१८ ससुराको नाम : पुर्ण बहादुर थापा पतीको नाम : गोपाल थापा ठेगाना : झापा जिल्ला, शनिश्चरे वडा नं. ०८	२. **नाम : भुमिका गौतम** ना.प्र.नं. ०३.२.०१२/८६२३, जि.प्र.का. ईलाम जारी मिति : २०६६/०६/२० ससुराको नाम : देवी प्रसाद गौतम पतीको नाम : बासुदेव गौतम ठेगाना : इलाम जिल्ला, मंगलबारे वडा नं. ०१
३. **नाम : लेख नाथ रिजाल** ना.प्र.नं. ६५११९-८१३, जि.प्र.का. ईलाम जारी मिति : २०५९/०३/१६ बाबुको नाम : कृष्ण प्रसाद रीजाल बाजेको नाम : श्री कृष्ण रीजाल ठेगाना : इलाम जिल्ला, चिसापानी वडा नं. ०७	४. **नाम : मोतीराम गौतम** ना.प्र.नं. ४५ जि.प्र.का. ईलाम जारी मिति : २०५४/११/१७ बाबुको नाम : हरी प्रसाद गौतम बाजेको नाम : डमरु बल्लभ गौतम ठेगाना : इलाम जिल्ला, मंगलबारे वडा नं. ०१

धितोको विवरण

१. गोपाल थापाको नाममा मालपोत कार्यालय भद्रपुरमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे न.पा./गा.पा. वडा नं. ८ स्थित कित्ता नं. ६७२५ को क्षेत्रफल ०-१-१५.५-० (वि.क.धु.क) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. वासुदेव गौतमको नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, धाइजन न.पा./गा.पा. वडा नं. ७ स्थित कित्ता नं. २६८ र ३४३ को क्षेत्रफल क्रमश ०-२-०-० र ०-६-०-० (वि.क.धु.क) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय दिक्तेल, खोटाङ

२. **ऋणीको नाम, ठेगाना**

नाम : लक्ष्मी राई
ना.प्र.प.नं. ९०३/२६४८, जि.प्र.का. खोटाङ
जारी मिति : २०५२/१०/१७
पतिको नाम : मणिराज राई, ससुराको नाम : जवरधन राई
ठेगाना : खोटाङ जिल्ला, खार्पा गा.वि.स. वडा नं. ०१,
हाल : खोटाङ जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ३,

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. **नाम : मणिराज राई** ना.प्र.प.नं. १६-०१-७१-०४०३६, जि.प्र.का. खोटाङ जारी मिति : २०७१/०७/२५ बाबुको नाम : जवरधन राई बाजेको नाम : कप्तान सिंह राई ठेगाना : खोटाङ जिल्ला, टेम्मा गा.वि.स. वडा नं. ०७, हाल : खोटाङ जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ३,	२. **नाम : श्यामविक्रम थापा** ना.प्र.प.नं. १२१०४२/४०/६६/६७, जि.प्र.का. खोटाङ जारी मिति २०४४/१२/२३ बाबुको नाम : सैनध्वज थापा बाजेको नाम : मेघ बहादुर थापा ठेगाना : खोटाङ जिल्ला, बाम्राङ गा.वि.स. वडा नं. ८, हाल : खोटाङ जिल्ला, दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ३,

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: वितामोड, झापा फोन नं. ०२३-५३३२२१/१४
शाखा कार्यालय: दिक्तेल, खोटाङ फोन नं. ०३६-४२०६११,४२०६१३
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Irrigation and Water Resources Management Project
Chandrapur, Rautahat

Notice of Intent to Award the Contract

Date of Publication : 2nd March, 2026 (18th Falgun, 2082)

This is to notify all concerned bidders that pursuant to section 27 Sub-Section 2 and Sub-Section 3 of the Public Procurement Act 2063, we intend to award the following contracts in the table below, bid published in 2082-09-28 (12th January, 2026) Nayapatrika National Daily as well as PPMO's website www.bolpatra.gov.np/egp. The Bidder's bid price is as follows:

S.N.	Contract ID	Contract Name	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price in NRs. (Including VAT)
1	IWRMPR/LBK/NCB-02/082-83	Construction of Embankment with Launching & Revetment works at Maulapur Na. Pa-1, Maryadpur, Rautahat (R/B of Lalbakaiya)	M/S Jayadesh Construction Company, Pvt., Ltd., New Baneshwor, Kathmandu-10	93,54,991.74
2	IWRMPR/BANKE/NCB-03/082-83	Construction of Embankment, Revetment & Launching work at L/B of Banke river u/s of bridge near Haripurwa-7,8, Basantapur, Sarlahi	M/S Bagmati Nirman Sewa, Bagmati-11, Sarlahi	60,65,345.06
3	IWRMPR/BAGMATI/NCB-4/082-83	Repair and maintenace of Spur no. 9 and Spur no. 15.at Matsari, Durga Bhagwati RMP - 3 & Bhalohiya, Durga Bhagwati RMP-2, Rautahat	M/S United Construction, Jhunkhunwa-8, Rautahat	63,97,281.66
4	IWRMPR/LAK/SQ-01/082-83	Construction of Embankment, Revetment & Launching work at R/B of Lakhandehi river d/s of truss bridge near Chakraghatta-2, Belahi, Sarlahi	M/S Kushal Construction, Birganj-17, Parsa	10,72,965.51

Notice for Financial Bids Opening

Date of Publication : 2nd March, 2026 (18th Falgun, 2082)

This is hereby notified to all concerned bidders who bid as per our notice for Contract No.: IWRMPR/LBK/NCB-01/082/83 issued on 12th January 2026 (2082-09-28) published in "Nayapatrika" Daily National Nepali Newspaper. The details of Technical Evaluation of the contracts are mentioned below and hence requested to attend in financial bid opening in following place, date and time.

Detail of Responsive/ Non Responsive Bidders in Technical Evaluation:

S.N.	Name of Bidder	Responsive/Non Responsive	Remarks
1	M/S B.N.S-S.C JV Kathmandu Nepal	Responsive	
2	M/S Kushal-Divya Suryoday-Dwivedi JV Birgunj-14 Parsa	Non Responsive	Does not comply with Evaluation Criteria 2.3.1 of Bid Document.
3	M/S Triyak-Chaudhary-Summit JV Auraha-6 Parsa	Responsive	
4	M/S Rakesh-Maa Gayatri JV Auraiya-8 Rautahat	Non Responsive	Does not comply with Evaluation Criteria 2.4.2 (b) of Bid Document.
5	M/S RDR-Om Shanti JV Gaur Rautahat	Responsive	
6	M/S Prime-Sambriddi-Sampanna JV Hattigauda Kathmandu	Responsive	

Detail of Financial Bid Opening:

Place : Irrigation & Water Resources Management Project, Chandrapur, Rautahat
Date & Time : 13th March, 2026, 13:00 HRS

Invitation for Bid

Date of Publication : 2nd March, 2026 (18th Falgun, 2082)

Irrigation and Water Resource Management Project, Chandrapur, Rautahat invites electronics bids from eligible bidders for the following contract under National Competitive Bidding Procedures and Sealed Quotation under financing Government of Nepal

Name of Works	Contract ID No.	Procurement Method	Estimated Cost (With VAT), NRs.	Bid Security Amount, NRs.	Cost of Bidding Document
Construction of Studs at R/B of Chandi khola, Chandrapur Na.Pa.9, Rautahat (Sindureghari mardhar,Chandi khola near Janmotsav Park Samrakshan)	IWRMPR/CHANDI/NCB-05/082-83	NCB	57,41,145.12	1,44,000.00	NRs. 3,000

For more detail, please visit www.bolpatra.gov.np/egp or Irrigation and Water Resource Management Project, Chandrapur, Rautahat

- Bid Validity Period/ Bid Security Validity Period: 90/120 days from the last date of bid submission.
- Last Date & Time of Bid Submission: 2026-04-02 till 12:00 Hrs and Bid opening date and time: 2026-04-02 at 13:00 Hrs.
- Date and Time for Prebid meeting is 2026-03-20 *at 13:00 HRS at* Irrigation and Water Resource Management Project, Chandrapur, Rautahat.

Project Chief

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०

■ आइसिसी पुरुष टी-२० विश्वकप

वेस्ट इन्डिजलाई हराउँदै भारत सेमिफाइनलमा

भारत र वेस्ट इन्डिजबिचको विजेता सुपर ८ को समूह १ बाट सेमिफाइनलमा पुग्ने समीकरण, जसमा भारत पाँच विकेटले विजयी



एजेन्सी

आयोजक भारतले दुईपटकको विजेता वेस्ट इन्डिजमाथि पाँच विकेटको जित निकाली १०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा स्थान पक्का गरेको छ। साबिक विजेतासमेत रहेको भारत सुपर ८ अन्तर्गत समूह १ को उपविजेता बन्दै अन्तिम चारमा पुगेको हो। यस समूहमा दक्षिण अफ्रिका विजेता रह्यो। समूह १ मा भारत र वेस्ट इन्डिजबिचको विजेता अगाडि बढ्ने समीकरण थियो। भारतले चार बलअघि जित निकाल्यो। भारतले तीन खेलबाट ४ अंक तथा वेस्ट इन्डिजले समान खेलबाट २ अंक जोडेको छ।

अब भारतले फाइनल प्रवेश खेलमा समूह २ को विजेता इंग्ल्यान्डविरुद्ध ५ मार्चमा प्रतिस्पर्धा गर्नेछ। दक्षिण अफ्रिका र न्युजिल्यान्डबिचको सेमिफाइनल ४ मार्चमा हुनेछ। कोलकाताको इडेन गार्डेन रंगशालामा टस हारेको वेस्ट इन्डिजले पहिलो ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाएर १९५ रनको विशाल योगफल खडा गरेको थियो। प्रत्युत्तरमा भारतले १९.२ ओभरमा पाँच विकेटको क्षतिमा १९९ रन जोड्यो। भारतले टी-२० विश्वकपमा अहिलेसम्मकै ठुलो लक्ष्य पछ्याएको हो।

भारतको जितमा सन्जु सामसनले नटआउट ९७ रनको योगदान दिए। उनले ५० बलमा १२ चौका र चार छक्का प्रहार गरे। टी-२० विश्वकपमा भारतका लागि एकै खेलमा सर्वाधिक रन बनाउने सन्जु बनेका छन्। यसअघि विराट कोहलीले पाकिस्तानविरुद्ध सन् २०२२ को विश्वकपमा ८२ रन बनाएका थिए। सन्जु र शिवम दुबेले छैठौँ विकेटका लागि ६ बलमा २० रनको साझेदारी गरेका थिए।

सन्जुले रोमारियो सेफर्डले फ्याँकेको १९.१ ओभरमा छक्का र १९.२ ओभरमा चौका प्रहार गरी भारतलाई पाँचौँपटक विश्वकपको सेमिफाइनलमा पुऱ्याए। लक्ष्य पछ्याएको इनिङ्समा अभिषेक शर्मा र ईशान किसनले समान १० रन बनाए। भारतले दुई विकेट गुमाउँदा स्कोर बोर्डमा ४१/२ को योगफल बनाएको थियो। सन्जु र सूर्यकुमार यादवले तेस्रो विकेटका लागि ३५ बलमा ५८ रनको साझेदारी गर्दै टोलीलाई १०.२ ओभरमा ९९/३ को स्थितिमा राखे।

सूर्यकुमारले १६ बलमा समान एक चौका र छक्का प्रहार गरी १८ रन जोडे। त्यसपछि सन्जुले तिलक बर्मासँग चौथो विकेटका लागि २६ बलमा ४२ रन जोडेका थिए। सन्जुले हार्दिक पान्ड्यासँग पाँचौँ विकेटका लागि २२ बलमा ३८ रन बनाए। तिकलले १५ बलमा चार चौका र एक छक्का प्रहार गरी २७ रन बटुले। पान्ड्याले १४ बलमा दुई चौकाको सहयोगमा १७ रन जोडेका थिए। वेस्ट इन्डिजले १२ अतिरिक्त रन दिएको थियो।

भारतविरुद्ध आक्रामक वेस्ट इन्डिज

पहिलो ब्याटिङ गरेको वेस्ट इन्डिज आक्रामक रूपमा प्रस्तुत भएको थियो। ओपनर साई होप र रोस्टन चेजले ओपनिङ सम्हालेका थिए। दुवैले वेस्ट इन्डिजलाई ८.५ ओभरमा ६८ रनको योगफल बनाए। कप्तान होपले ३३ बलमा एक छक्का र तीन चौका प्रहार गरी ३२ रनको योगदान दिए। दोस्रो ओपनर रोस्टनले सिमरोन हेटमेयरसँग दोस्रो विकेटका लागि ३४ रनको साझेदारी गरे। दुवैले ११.३ ओभरमा वेस्ट इन्डिजलाई १०२/२ को बलियो स्थितिमा राखे।

हेटमेयरले भारतीय बलरलाई दबाबमा राख्दै उत्कृष्ट स्ट्रोक लगाएका थिए। उनले १२ बलमा दुई छक्का र एक चौका प्रहार गरी २७ रनको योगदान दिए। जसप्रीत बुमराहले ११.३ ओभरमा हेटमेयर तथा ११.५ ओभरमा रोस्टनको विकेट लिँदै वेस्ट इन्डिजमाथि दबाब बनाए। रोस्टनले २५ बलमा पाँच चौका र एक छक्का प्रहार गरी सर्वाधिक ४० रनको योगदान दिए। वेस्ट इन्डिजले एकै ओभरमा महत्त्वपूर्ण विकेट गुमाए पनि रनरेट भने यथावत् राखेको थियो।

रोभमान पावेल र जासन होल्डरले पाँचौँ विकेटका लागि ७६ रन जोडेका थिए। दुवै भारतको डेथ ओभर बलिङमा सानदार स्ट्रोक लगाएका थिए। पावेलले १९ बलमा दुई छक्का र तीन चौका प्रहार गरी ३४ रन जोडे। होल्डरले २२ बलमा तीन छक्का र दुई चौका प्रहार गरी ३७ रन जोडे। भारतले ११ अतिरिक्त रन दिएको थियो। होल्डर र पावेलले ३५ बलमा साझेदारी गरेका थिए। वेस्ट इन्डिजले मध्य ओभरमा चार विकेट गुमाएर १०४ रन जोडेको थियो। वेस्ट इन्डिजले आफ्नो इनिङ्समा १४ चौका र १० छक्का प्रहार गरेको थियो। भारतको बलिङमा सबैभन्दा खर्चिलो अश्रदीप सिंह रहे। उनले चार ओभरमा ४३ रन खर्चेका थिए। उनी विकेटविहीन भए। बुमराहले चार ओभरमा ३६ रन खर्चेर दुई विकेट लिए। वरुण चक्रवर्तीले एक विकेट लिन ४० रन खर्चेका थिए।

सुपर ८ अंकतालिका

समूह १

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	३	३	०	६	२.२५
भारत	३	२	१	४	०.१०
वेस्ट इन्डिज	३	१	२	२	०.९९
जिम्बावे	३	०	३	०	-३.४१

समूह २


राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
इंग्ल्यान्ड	३	३	०	६	१.०९
न्युजिल्यान्ड	३	१	१	३	१.३९
पाकिस्तान	३	१	१	३	-०.१२
श्रीलंका	३	०	३	०	-१.९५

अपराजित रहँदै दक्षिण अफ्रिका अन्तिम चारमा

एजेन्सी

दक्षिण अफ्रिका १०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा अपराजित रहँदै सेमिफाइलनमा प्रवेश गरेको छ। सुपर ८ अन्तर्गत समूह १ मा दक्षिण अफ्रिकाले आइतबार जिम्बावेलाई पाँच विकेटले हराउँदै अपराजित यात्रा गरेको हो। दक्षिण अफ्रिकाले आफ्नो समूहमा भारत, वेस्ट इन्डिज र जिम्बावेलाई हरायो। नयाँदिल्लीको मैदानमा पहिलो ब्याटिङ गरेको जिम्बावेले २० ओभरमा सात विकेट गुमाएर १५७ रन बनाएको थियो। प्रत्युत्तरमा दक्षिण अफ्रिकाले १७.५ ओभरमा पाँच विकेटको नोक्सानीमा १५४ रन बनायो।

दक्षिण अफ्रिकाले १३ बलअघि जित निकालेको हो। खेलमा जिम्बावेका अलराउन्डर सिकन्दर राजाले उत्कृष्ट प्रदर्शन गरे पनि टोलीलाई जित दिलाउन सकेनन्। उनले ४३ बलमा ७३ रन जोडेका थिए।



बलिङमा उनले २९ रन खर्चेर तीन विकेट हात पारे। यसै प्रदर्शनका कारण उनी म्यान अफ दी म्याच भए। दक्षिण अफ्रिकी बलर लुन्गीले टी-२० आईमा राष्ट्रका लागि सर्वाधिक विकेट लिए।

उनले टी-२० आईमा ९० विकेट पुऱ्याएका छन्। यसअघि साम्सीको नाममा ८९ विकेट थियो। यसैगरी रायल ब्रुलले टी-२० विश्वकपमा एक फिल्डरका रूपमा धेरै क्याच लिने रेकर्ड बनाए। उनले टी-२० विश्वकपमा १० क्याच लिएका छन्। यसअघि जिम्बावेका सिकन्दर राजाको नाममा नौ क्याच रहेको थियो।

सिकन्दरको अर्धशतक

चालू १०औँ आइसिसी टी-२० विश्वकपमा जिम्बावेका सिकन्दर उत्कृष्ट फर्ममा छन्। उनले समूह चरणदेखि सुपर ८ सम्म ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरेका छन्। प्रतियोगितामा उनी व्यक्तिगत रन बनाउने सूचीको १२औँ स्थानमा छन्। उनले ६ खेलमा २०६ रन जोडेका छन्। दक्षिण अफ्रिकाविरुद्ध पनि उनले एकल प्रदर्शन गरे। जिम्बावेले निरन्तर रूपमा विकेट गुमाइरहँदा सिकन्दरले आक्रामक रूपमा ब्याटिङ गरेका थिए। उनले ७३ रनको योगदान दिँदा आठ चौका र चार छक्का प्रहार गरेका थिए।

उनी इनिङ्सको १६.३ ओभरमा आउट भए। त्यसवेला जिम्बावे १२६/६ को अवस्थामा रह्यो। उनले क्लिभ माडान्डेसँग छैठौँ विकेटका लागि ३९ रनको साझेदारी गरेका थिए। जिम्बावेको ब्याटिङमा ब्रायन बेनेटले १३ बलमा १५ रन जोडे। डिओन मेयर्सले ११ रन जोडे। क्लिभले अन्तिमसम्म नटआउट रहँदै २० बलमा तीन चौकाको सहयोगमा २६ रनको योगदान दिए। बलिङमा दक्षिण अफ्रिकाका लागि वेनाले २१ रन खर्चँदै दुई विकेट लिए। कोर्बिन बोस्चले ४० रनमा दुई विकेट हात पारे।

दक्षिण अफ्रिकाको मध्यक्रम बलियो

लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाको सुरुवात कमजोर रह्यो। नयाँदिल्लीको पिचमा जिम्बावेले सुरुमै स्पिनर लगाएको थियो। कप्तान सिकन्दरले इनिङ्सको तेस्रो बलमै दक्षिण अफ्रिकाका दोस्रो ओपनर क्विन्टन डी कोकलाई मारुमानीबाट क्याच आउट गराए। त्यसपछि २.५ ओभरमा कप्तान एडेन मार्क्रामको विकेट सिकन्दरले नै लिए। एडेनले पाँच बलमा चार रन जोडेका थिए। दक्षिण अफ्रिकाले सुरुको दुई विकेट गुमाउँदा स्कोर बोर्डमा १४ रन मात्र जोडेको थियो।

डेभिड मिलर र डेवाल्ड ब्रेभिसबिच चौथो विकेटका लागि ६० रनको साझेदारी भएको थियो। दुवैले टोलीलाई ९.६ ओभरमा ९३-४ को स्थितिमा राखे। मिलरले १६ बलमा २२ रन जोडे। ब्रेभिसले १८ बलमा चार छक्का र दुई चौका प्रहार गरी ४२ रनको योगदान दिए। रायनले २२ बलमा चार छक्काको सहयोगमा ३१ रन बनाए। त्यसपछि ट्रिस्टनले २४ बलमा २१ तथा जर्जिया लिन्डेले २१ बलमा ३० रन जोडे। लिन्डेले २१ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३० रन बनाएका थिए।

■ राष्ट्रिय लिग २०८२

चित्लाङविरुद्ध एनआरटीको कठिन जित

नवप्रवेशी चित्लाङलाई २-१ ले हराउँदै एनआरटीले राष्ट्रिय लिगमा महत्त्वपूर्ण ३ अंक जोड्यो। २० अंकका साथ शीर्ष स्थानमा रहेको एपिएफसँग एनआरटीले अंक दूरी घटाएको छ।

नयाँ पत्रिका

न्युरोड टिम (एनआरटी)ले राष्ट्रिय लिग फुटबल प्रतियोगितामा नवप्रवेशी क्लब चित्लाङ एफसीमाथि २-१ को संघर्षपूर्ण जित निकालेको छ। दशरथ रंगशालामा आइतबार एनआरटीको जितमा राजीव लोप्चन र विदेशी खेलाडी टिमोथी ओकेरेकेले समान एक गोल गरेका थिए। चित्लाङलाई हराएको एनआरटी नौ खेलबाट १८ अंक जोड्दै चौथो स्थानमा छ। लिगको अंक तालिकाको दोस्रो स्थानमा प्लानिङ ब्वाइज युनाइटेड, तेस्रो स्थानको लालीगुराँस एसोसिएसनले पनि समान १८ अंक बनाएका छन्। तर, एनआरटी गोलअन्तरमा पछि रहँदा चौथो भएको हो। शीर्ष स्थानमा रहेको नेपाल एपिएफ क्लबले सर्वाधिक २० अंक बनाएको छ। नौ खेलमा ७ अंक जोडेको चित्लाङ १३औँ स्थानमा छ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गरेको राष्ट्रिय लिगमा सहिद स्मारक 'ए' डिभिजन लिगका १३ तथा प्रेसिडेन्ट लिगबाट छनोट भएका चार क्लबले भाग लिइरहेका छन्। एन्फाले राष्ट्रिय लिग आयोजना गरिरहे पनि रेलिगेसन लागू गरेको छैन। प्रतियोगिताको आइतबारै भएको खर्को खेलमा त्रिभुवन आर्मीले नवजनजागृतिलाई ३-० ले हरायो। मनाङ मर्स्याङ्दी क्लब र प्लानिङ ब्वाइजले गोलरहित बराबरी खेले।

एनआरटीको सुरुवाती अग्रता

दशरथ रंगशालामा एनआरटीले सुरुवाती अग्रता लिएको थियो। सुरुदेखि नै आक्रामक देखिएको एनआरटीले खेलको दसौँ मिनेटमा १-० को अग्रता लियो। टोलीलाई राजीवले सहजै डिबक्सबाट गोल गर्दै अग्रता दिलाएका हुन्। तर, चित्लाङले आत्मघाती गोलसँगै खेललाई १-१ को बराबरी गऱ्यो। एनआरटीका सनम लिम्बूले खेलको ३७औँ मिनेटमा आत्मघाती गोल गरेका थिए। त्यसपछि खेलमा रोमाञ्चकता थपियो।

पहिलो हाफमा दुवै टोली बराबरीमा रहे। खेलको ५४औँ मिनेटमा टिमोथीले २-१ का लागि गोल गरे। त्यसपछि खेलमा थप गोल भएन। टिमोथीको गोलको सहयोगमा एनआरटीले चित्लाङविरुद्ध महत्त्वपूर्ण ३ अंक बटुल्यो।

आर्मीको सहज जित

विभागीय टोली आर्मीले राष्ट्रिय लिगको ६६औँ खेलमा कमजोर प्रतिद्वन्द्वी नवजनजागृति युवा क्लबलाई ३-० ले हरायो। आर्मीको जितमा जर्ज प्रिन्स कार्की, नवयुग श्रेष्ठ र कुन्साङ लामाले समान एक गोल गरेका थिए। जनजागृतीविरुद्ध आर्मीले एकपक्षीय खेल प्रदर्शन गरेको थियो। खेलको कुनै पनि समयमा जनजागृतिले आर्मीलाई चुनौती दिन सकेन। जनजागृतिले अधिकांश समयमा रक्षात्मक रणनीति अपनाएको थियो। आर्मीले भने विपक्षीको कमजोरीमा गोल गरेको थियो। खेलको नवौँ मिनेटमा कप्तान जर्ज प्रिन्सले आर्मीलाई १-० को अग्रता दिलाए। पहिलो हाफमा आर्मीले थप गोल गर्न सकेन। जनजागृतिले आर्मीविरुद्ध एक गोललै पछाडि परेपछि बलियो रक्षापंक्ति रणनीति अख्तियार गरेको थियो। दोस्रो हाफमा आर्मीले खेल नीति परिवर्तन गरेको थियो।

खेलको ५४औँ मिनेटमा नवयुगले २-० का लागि गोल गरे। उनले डिबक्सभित्र ओपन गोल गरेका थिए। खेलको ७५औँ मिनेटमा लामाले आर्मीलाई ३-० को स्थितिमा राखे। उनले पनि डिबक्सभित्र प्राप्त सहज पासमा गोल गरेका हुन्। यस नतिजासँगै आर्मीले आठ खेलमा १८ अंक जोडेको छ। जनजागृतिको लगातार आठौँ हार हो।



■ म्यानचेस्टर युनाइटेड तेस्रो स्थानमा

एजेन्सी/ म्यानचेस्टर युनाइटेड इंग्लिस प्रिमियर लिगको तेस्रो स्थानमा उक्लिएको छ। लिगअन्तर्गत आइतबार राति भएको खेलमा युनाइटेडले क्रिस्टल प्यालेसलाई २-१ ले हरायो। १० खेलाडीमा सीमित प्यालेसविरुद्ध ब्रुनो फर्नान्डेज तथा सेस्कोले एक-एक गोल गरेको थिए। क्रिस्टल प्यालेसका लागि लाक्रोक्सले खेलको चौथो मिनेटमा अग्रता दिलाएका थिए। युनाइटेडले २८ खेलबाट ५१ अंक जोडेको छ। युनाइटेडले १४ जित, पाँच हार र नौ ड्र खेलेको छ। दोस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीले २८ खेलबाट ५९ अंक जोडेको छ। एस्टन भिल्लाले पनि ५१ अंक जोडेको छ। तर, गोलअन्तरमा युनाइटेड माथि रह्यो।



खेल संक्षेप

महर्जनले जिते स्वर्ण पदक

काठमाडौं/ एभरेस्ट मार्सल आर्टस् एकेडेमीले अस्ट्रेलियाको प्रतिष्ठित न्यु साउथ वेल्स राज्यस्तरीय फ्री स्टायल कराँते च्याम्पियनसिप, २०२६ मा ऐतिहासिक प्रदर्शन गरेको छ। एकेडेमीले दुई स्वर्ण र एक रजत पदक हात पारेको जनाएको छ। एकेडेमीका मुख्य प्रशिक्षक मुकुन्द महर्जनले पुरुष भेटरान (३०-४० वर्ष) समूहमा उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण पदक जितेका छन्। सिनियर महिला ७५ केजी तौल समूहमा लक्ष्मी भट्टले स्वर्ण पदक जितिन्। एकेडेमीका उदीयमान खेलाडी आयत महर्जनले आठदेखि नौ वर्षको जुनियर विधामा रजत पदक सुरक्षित गरेका छन्। एकेडेमीले मुख्य प्रशिक्षक महर्जनको कडा मिहिनेतका कारण अस्ट्रेलियामा खेलाडीले उत्कृष्ट प्रदर्शन गरेको बताए।

अस्मिता पुम्सेमा उत्कृष्ट रेफ्री

काठमाडौं/ अन्तर्राष्ट्रिय तेक्वान्दो रेफ्री अस्मिता खड्का क्यानडा ओपन तेक्वान्दो जी-२ च्याम्पियनसिपमा पुम्से विधामा उत्कृष्ट पुम्से रेफ्री घोषित भएकी छिन्। क्यानडाको क्यालगरी विनास्पोर्टमा विश्व तेक्वान्दो महासंघको कार्यक्रमअनुसार क्यानडा तेक्वान्दो संघले आयोजना गरेको प्रतियोगिताको पुम्सेमा अस्मितालाई उत्कृष्ट निर्णायक चुनिएको नेपाल तेक्वान्दो संघले जनाएको छ। संघका सदस्य कविराज नेगी लामाका अनुसार शनिबार सकिएको प्रतियोगितामा २७ राष्ट्रका कुल ६७९ खेलाडी सहभागी थिए। अस्मितासे १३औँ दक्षिण एसियाली खेलकुदको पुम्सेमा कांस्य पदक जितेकी थिइन्।

मुख्य प्रशिक्षकबाट जयसुर्याले दिए राजीनामा

श्रीलंकाले १०औँ टी-२० विश्वकपको सेमिफाइनल स्थान बनाउन नसकेपछि सम्झौता अवधिअघि नै जयसुर्या जिम्मेवारीबाट पछि हटे

एजेन्सी

श्रीलंकाले १०औँ टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाउन नसकेपछि मुख्य प्रशिक्षक सनथ जयसुर्याले राजीनामा दिएका छन्। सुपर ८ अन्तर्गत समूह २ मा सबै खेल गुमाएपछि श्रीलंकाको विश्वकप यात्रा समाप्त भएको हो। समूहको अन्तिम खेलमा पाकिस्तानसँग पराजित भएपछि श्रीलंका समूह २ मा अंकविहीन भएको थियो। मुख्य प्रशिक्षकका रूपमा जयसुर्याले विश्वकपपछि नै पद छाड्ने श्रीलंकाली क्रिकेट बोर्डलाई जानकारी गराइसकेका थिए।

'प्रशिक्षकबाट बाहिर रहने सही समय हो,' श्रीलंकाका पूर्वकप्तानसमेत रहेका जयसुर्याले भने, 'मैले दुई महिनाअघि नै बोर्डलाई भनेको थिएँ, विश्वकपपछि यात्रा हुन सक्दैन।' श्रीलंका र इंग्ल्यान्डबिचको सिरिजका क्रममै उनले विश्वकपसम्म टोली हेर्ने मनसाय बनाइसकेका थिए। 'विश्वकपपछि प्रशिक्षणमा नरहने बोर्डका केही पदाधिकारीलाई जानकारी गराएको थिएँ, तर सकेसम्म टोलीलाई सेमिफाइनलसम्म पुऱ्याउने लक्ष्य राखेको थिएँ जसमा असफल भएँ,' उनले भने, 'विश्वकपमा श्रीलंकालाई सुरुमा सेमिफाइनल स्थान दिलाउने योजना थियो। त्यसपछि उपाधितिर थियो, तर दुवै लक्ष्यमा असफल भएँ।'

जुनसम्मको सम्झौता

श्रीलंकाली क्रिकेट बोर्डले जयसुर्यासँग आगामी जुनसम्म सम्झौता गरेको थियो। सम्झौताअगाडि नै राजीनामा दिएपछि बोर्डले स्वीकृत गरेको छैन। आगमी १३ मार्चमा श्रीलंका र अफगानिस्तानबिच एकदिवसीय सिरिज छ। बोर्डले जयसुर्यालाई आगामी सिरिजसम्म टोलीको जिम्मेवारी लिनुपर्ने भनेको छ। तर, विश्वकपको असफलतापछि नैतिकताका आधारमा पदबाट राजीनामा दिनु उत्तम भएको उनले बताए।



'मेरो सम्झौता जुनसम्म हो, अहिलेसम्म आगामी सिरिजबारे बोर्डबाट केही जानकारी आएको छैन,' जयसुर्याले भने, 'तत्काल फ्रेस हुन मन लागेको छ। केही समय खेलाडी र प्रशिक्षणबाट टाढा रहेर परिवारलाई समय दिनुपर्छ।' नयाँ प्रशिक्षक नआउँदासम्म बोर्डको निर्णयको प्रतीक्षा गर्ने उनले जनाए।

'तत्कालै नयाँ प्रशिक्षक नआएको अवस्थामा आगामी सिरिजका लागि पुनर्विचार गर्नेछु,' उनले भने, 'यदि प्रशिक्षक चयन भएको अवस्थामा मेरो राजीनामा तत्काल लागू भएको बुझ्नेछु।'

दुई वर्ष प्रशिक्षण

सन् २०२४ को नवौँ टी-२० विश्वकपमा श्रीलंकाको प्रदर्शन खराब भएपछि बोर्डले अनुभवीलाई टोलीको जिम्मेवारी दिने निर्णय गरेको थियो। श्रीलंकाली टोलीका सर्वकालीन उत्कृष्ट बायाँहाते ब्याट्सम्यान तथा स्पिनर जयसुर्या नै पहिलो विकल्पका रूपमा रहे। सन् २०२४ को अगस्टमा श्रीलंका र भारतबिचको एकदिवसीय सिरिजका दौरान बोर्डले जयसुर्यालाई मुख्य प्रशिक्षक बनाएको थियो। भारतमाथि श्रीलंकाले २७ वर्षपछि एकदिवसीय सिरिज जितदा उनको प्रशंसा भएको थियो। सुरुवाती चरणमा उनले टोलीलाई एकपछि अर्को सफलता दिलाए।

ओभल टेस्टमा श्रीलंकाले न्युजिल्यान्डलाई २-० ले हरायो। जुन अर्को ऐतिहासिक सफलता रह्यो। 'यस अवधिमा श्रीलंकाली टोलीलाई एक उचाइमा पुऱ्याएँ। विश्वकपबाहेक अन्य सिरिजको नतिजा हेर्दा भने श्रीलंकाले ऐतिहासिक प्रदर्शन गरेको थियो,' जयसुर्याले भने, 'च्याम्पियन्स ट्रफीमा तयारी नपुगेजस्तो लाग्छ।' उनको प्रशिक्षणको समयमा श्रीलंका आइसिसी टेस्ट वरीयताको छैठौँबाट चौथो स्थानमा पुगेको थियो।

'हामीले एकदिवसीयदेखि टेस्ट सिरिजमा राम्रो खेल्यौं। यस क्रममा सबैले मिहिनेत गरेका छन्,' उनले भने, 'यद्यपि, मसँग प्रशिक्षणको अनुभव नभए पनि खेलाडीको साथ पाएँ।' जयसुर्याले लामो समयसम्म श्रीलंकाली टोलीसँगै कार्य गरेको अनुभव छ। उनले बोर्ड सदस्यदेखि प्रमुख छनोटकर्तासम्म भूमिका निर्वाह गरेका थिए। उनी फरक दुई समयमा प्रमुख छनोटकर्ताका रूपमा थिए। 'बोर्ड र टोलीभित्र फरक-फरक भूमिका निर्वाह गरेको अनुभव मैदानमा खेलाडीसँग बाँढ्छु,' जयसुर्याले भने, 'जति समय मैले श्रीलंकाली टोलीलाई दिएँ, त्यो सबै स्मरणमा रहनेछ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com